नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» मंगलबार, वैशाख १८, २०७५ » Tuesday, May 1, 2018 » www.newsofnepal.com » नेसं ११३८ बछलागा १ » वर्ष २४, अंक १११ » पृष्ठ १२ » मूल्य रू १०/–

२ { मधुमेह के हो ? र यसको सुरक्षा कसरी गर्ने
५ { सकारात्मक सोच र चिन्तनको खाँचो : सभामुख महरा
९ { १५ अर्बमा अस्पताल निर्माण हुने
१० { करिब ८ सय जनाले हिमाल आरोहणको अनुमति लिए



उभौली पर्वका सन्दर्भमा ललितपुरको नखिपोटमा आयोजित सांस्कृतिक कार्यक्रममा सहभागी किराँती समुदायका महिला । तस्वीर : उजोल डंगोल/काठमाडौं

33 केजी सुन प्रकरण नयाँ मोडमा

# शव लुकाउन २ करोडको बार्गेनिङ

**नेपाल समाचारपत्र**
विराटनगर

३३ किलो सुन तस्करी र मोरङ उर्लाबारीका सनम शाक्यको हत्यामा बहालवाला डीएसपी प्रजित केसीको संलग्नता पुष्टी भएपछि मुद्दा चलाउने तयारी गरिएको छ।

गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडलको नेतृत्वमा गठन भएको छानबिन समितिले डीएसपी केसीलाई पक्राउ गरी अनुसन्धान गर्ने क्रममा उनको पनि संलग्नता देखिएपछि आइतबार प्रहरीले मोरङ अदालतमा कर्तव्य ज्यान, अपहरण र संगठित अपराध मुद्दामा ३ दिनको म्याद थप गरिएको हो।

स्रोतका अनुसार केसीले सनमको शव बेपत्ता पारिदिने भन्दै २ करोडमा बार्गेनिङ गरेका थिए। अनुसन्धानका लागि केसीलाई शुक्रबार जिप्रका मोरङ ल्याइएको थियो। डीएसपी केसीकै नेतृत्वमा अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले शाक्यको शव मोरङमा बरामद गरेको थियो। सोही अनुसन्धानमा चलखेल भएपछि गृहले सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो।

मोरङ प्रहरीको हिरासतमा २८ जना रहेका छन्, जसमा ६ जना प्रहरी अधिकारी छन्। पूर्वडीआईजी गोविन्द निरौला, एसपी विकासराज खनाल, डीएसपी सञ्जय राउत, आइतबार म्याद थप भएका केसी, सई बालकृष्ण सञ्जेल र जवान विष्णु खड्का हिरासतमा छन्। ६ जना नै निलम्बित भइसकेका छन्। प्रहरीले अनुसन्धानका लागि एसएसपी श्याम खत्रीका चालक विष्णु खड्कालाई पक्राउ गरेको छ। एसएसपी खत्री भने अझै फरार छन्। सुन तस्करीको गिरोहलाई उनका चालकले समेत सहयोग गरेको प्रमाण भेटिएपछि उनलाई पक्राउ गरिएको हो।

एसएसपी खत्री भने छानबिन समितिको सम्पर्कमै आएका छैनन्। नेपाल प्रहरीको प्रधान कार्यालयमा कार्यरत उनी दुई सातादेखि कार्यालयसमेत गएका छैनन्। उनलाई फरार प्रतिवादी बनाएर मुद्दा चलाउने तयारी भइरहेको बताइएको छ।

सुन तस्करी र शाक्य हत्याको अनुसन्धान अन्तिम चरणमा पुगेको स्रोतले बताएको छ। संगठित अपराध मुद्दामा ६० दिनभित्र अनुसन्धान पूरा गरी अदालतमा मुद्दा दायर गरिसक्नुपर्ने हुन्छ। त्यसअनुसार यही वैशाख १९ गते मुद्दा दर्ता हुने भएको छ। त्रिभुवन विमानस्थलबाट गत माघ ७ गते तस्करी भएको साढे ३३ किलो सुन हराएपछि तस्करीका नाइके चूडामणि उप्रेती नेतृत्वको समूहले शाक्यलाई करेन्ट लगाएर फागुन १८ मा हत्या गरेको थियो। मुख्य अभियुक्त गोरे भनिने उप्रेती भने फरार छन्।



# फोर्ड गाडीमा अर्को ठगी

## इकोस्पोर्ट टाइटानियम गाडीमा ४० प्रतिशत बढी मूल्य

**नेपाल समाचारपत्र**
काठमाडौं

सवारी साधन उत्पादक कम्पनी फोर्डको नेपालका लागि आधिकारिक वितरक जीओ अटोमोबाइल्स प्रालिले बिक्री गर्ने 'इकोस्पोर्ट टाइटानियम' गाडीको बिक्रीमा ग्राहकबाट अस्वाभाविक रूपमा बढी रकम असुल्ने गरेको भेटिएको छ।

जीओ अटोमोबाइल्स प्रालिले उक्त गाडीको बिक्रीमा ४० प्रतिशतसम्म मूल्य असुलेर उपभोक्तालाई ठगी गरेको भेटिएको हो। उक्त कम्पनीले इकोस्पोर्ट टाइटानियम गाडीको बिक्रीमा करिब १२ लाख ३२ हजार रुपियाँ कुल नाफा राखेर उपभोक्तालाई बिक्री गर्दै आएको देखिएको छ। कुल बिक्री मूल्य ३० लाख ५७ हजार ३ सय ८२ रुपियाँ रहेको उक्त गाडीमा कम्पनीले १२ लाख ३२ हजार ६ सय १८ रुपियाँ अतिरिक्त शुल्क लिई ४२ लाख ९० हजार रुपियाँमा बेच्ने गरेको छ। कुल मूल्य र बिक्री मूल्यबीचको अन्तर हेर्दा कम्पनीले ४० प्रतिशत खुद नाफा राखेर गाडी बेच्ने गरेको देखिन्छ। जुन रकम उपभोक्ताबाट ठगेको अतिरिक्त रकम हो।

जीओ अटोमोबाइल्स कम्पनीले उपभोक्ता ठगी गरेको यो पहिलो घटना भने होइन। केही समयअघि मात्र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको बजार अनुगमनमा सोही कम्पनीले बेच्दै आएको 'इको स्पोर्ट फोर्ड' १ दशमलव ५ लिटर पेट्रोल गाडी र 'फिगो एस्पार ट्रेन्ड' गाडीको बिक्रीमा वास्तविक मूल्यभन्दा ४० प्रतिशतभन्दा बढी रकम उपभोक्ताबाट असुलेको भेटिएको थियो। विभागले उक्त कम्पनीविरुद्ध ठगी तथा कालोबजारीको मुद्दामा कारबाहीको प्रक्रियासमेत अगाडि बढाएको थियो। तर राजनीतिक पहुँचका आधारमा ती मुद्दालाई थामथुम पारिएको छ। ठूला व्यापारीले बजार अनुगमन कार्यलाई तत्काल रोक्न भन्दै शक्ति केन्द्र र सरकारलाई निरन्तर दबाब दिएपछि अनुगमनका कुनै पनि फाइल थप अनुसन्धान र कारबाहीको प्रक्रिया अघि बढ्न सकेको छैन।

विभागले उक्त ठगी मुद्दाका विषयमा गरेको अनुसन्धान तथा बयानका क्रममा जीओ अटोमोबाइल्स कम्पनीका तर्फबाट लोकमान्य गोल्छाले अब गाडीको मूल्यमा थपघट नगर्ने र स्वाभाविक मूल्यमा नै गाडी बेच्ने प्रतिबद्धतासमेत जनाएका थिए।

(क्रमशः पृष्ठ ९ मा)

| | |
|---|---|
| एफओबी मूल्य (भारु) | ५,५९,३८२ |
| ढुवानी भाडा (भारु) | ३५,०६९ |
| बीमा (भारु) | ८९ |
| कुल निर्धारण मुल्य (भारु) | ५,९४,५४० |
| कुल निर्धारण मुल्य (नेरु) | ९,५२,१५६ |
| कुल लागत (नेरु) | १६,९१,०३० |
| नेपाली उत्पादन शुल्क कर (नेरु) | १०,१४,६१८ |
| मूल्य अभिवृद्धि करका लागि निधारित मूल्य (नेरु) | २७,०५,६४८ |
| मूल्य अभिवृद्धि कर (नेरु) | ३,५१,७३४ |
| उत्पादन शुल्क र नेपाली कर (नेरु) | २१,०५,२२६ |
| कुल लागत (नेरु) | ३०,५७,३८२ |
| खुद्रा मूल्य (नेरु) | ४२,९०,००० |
| कुल नाफा (नेरु) | १२,३२,६१८ |
| नाफा प्रतिशत | ४० |




# सहमतिमा पदाधिकारी मनोनयन गर्ने प्रयास

**रामकृष्ण चापागाईं, काठमाडौं**

सहमतिमै पदाधिकारी मनोनित गर्न प्रयास गर्ने भन्दै हिजो सोमबार बोलाइएको निर्वाचित केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको बैठक चार दिनका लागि स्थगित भएको छ।

कांग्रेस विधानमा सभापतिले निर्वाचित केन्द्रीय सदस्यमध्येबाट एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री मनोनित गर्ने व्यवस्था छ। दुई महिनाभित्र मनोनित गरिसक्नुपर्ने यी पदाधिकारी दुई वर्षसम्म पनि मनोनित नगर्दा सभापति निकै आलोचित भएका थिए।

निर्वाचनको समीक्षा गर्दै भावी कार्यदिशासमेत तय गरी आइतबार सम्पन्न केन्द्रीय समिति बैठकको निर्णयअनुसार पदाधिकारी तत्काल चयन गर्न सोमबार बिहान निर्वाचित केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको बैठक डाकिएको थियो।

सो बैठक बस्दै नबसी चार दिनका लागि स्थगित गरिएको हो। केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले विशेष कारणवश बैठक स्थगित भएको सूचना जारी गर्नुभएको थियो। बैठक वैशाख २१ गते शुक्रबार बोलाइएको छ।

पार्टी प्रवक्ता विश्वप्रकाश शर्माका अनुसार पदाधिकारी मनोनितमा आम सहमति जुटाउन सोमबारको बैठक स्थगित गरिएको हो। प्रवक्ता शर्माका अनुसार महामन्त्री डा. शशांक कोइरालाको प्रस्ताव र सभापति शेरबहादुर देउवाको समर्थनमा बैठक चार दिनका लागि स्थगित गरिएको हो। सभापति देउवाले बहुमतबाट भए पनि पदाधिकारी मनोनित गर्न सक्ने भए पनि सकेसम्म सहमतिमै मनोनित गर्दा आम जनमानस र कार्यकर्तामा सकारात्मक सन्देश जाने भन्दै बैठक स्थगित गरिएको थियो।

सभापति देउवाले उपसभापतिमा विमलेन्द्र निधि, महामन्त्रीमा पूर्णबहादुर खड्का र सहमहामन्त्रीमा डा. प्रकाशशरण महतलाई मनोनित गर्ने तयारी गरेको देउवा निकट स्रोतले *नेपाल समाचारपत्र*लाई जानकारी दिएको छ। उपसभापतिमा निधिलाई मनोनित गर्ने छनक पाएका देउवा निकट नेता गोपालमान श्रेष्ठले विरोध जनाए पनि उहाँलाई पनि मनाइसकिएको बताइएको छ।

'उपसभापतिको प्रमुख दाबेदार म नै हुँ, मलाई सबै पक्षले स्विकार्छन् पनि', श्रेष्ठले भन्नुभएको थियो- 'सिनियरको हिसाबले पनि सभापति देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलपछि म नै हो।'

निधिलाई उपसभापतिमा मनोनित गर्ने लक्षणका साथ सभापति देउवाले यसअघि उहाँलाई कार्यवाहक सभापतिको जिम्मेवारीसमेत सुम्पिनुभएको थियो। विधानअनुसार दुई महिनाभित्र मनोनित गरिसक्नुपर्ने पदाधिकारी दुई वर्ष बितिसक्दा समेत मनोनित नगरेको भन्दै सभापति देउवाको आइतबार सम्पन्न केन्द्रीय बैठकमा समेत चर्को आलोचना भएको थियो। महामन्त्रीमा खड्कालाई मनोनित गर्दा खुमबहादुर खड्का पक्षधरका सबै नेता समेटिने देउवाको ठम्याइ छ।





खुमबहादुर खड्काको निधनपछि उहाँ पक्षधरको नेतृत्व पूर्णबहादुर खड्काले गर्ने चर्चा चलिरहेको छ। सहमहामन्त्रीमा डा. महतलाई मनोनित गर्दा पौडेल पक्षका केही नेताको समेत समर्थन रहने देउवा निकट नेताले बताएका छन्।

सहमहमन्त्रीमा देउवाले डा. महतलाई मनोनित गर्ने तयारी गरे पनि सहमतिमा रामचन्द्र पौडेल पक्षधरका नेता महेश आचार्य, दिलेन्द्रप्रसाद बडु, नवीन्द्रराज जोशीको नाममा पनि सहमति हुने सम्भावना रहेको कांग्रेस नेताहरूले अनुमान लगाएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

स्वस्थ्य व्यक्ति र मधुमेह भएको व्यक्तिले खाने खानाको छनोटमा खासै भिन्नता नभए पनि कस्तो प्रकारको खाना कति मात्रामा कतिखेर कति समयको फरकमा खाने भन्ने कुरामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ।




# मधुमेह के हो? र सुरक्षा कसरी अपनाउने?



प्राडा बुद्धि पौड्याल
buddhipaudyal@pahs.edu.np

## मधुमेह के हो?

मानव रगतमा ग्लुकोजको मात्रा सामान्यभन्दा बढी भई शारीरिक अंगहरूको काममा असामान्य प्रभाव देखापरेको अवस्थालाई मधुमेह (चिनीरोग वा डाइबिटिज) भनिन्छ। एकपटक भएपछि सामान्यतया जीवनभर रहिरहने यो एक दीर्घकालीन स्वास्थ्य समस्या हो।

खानाबाट प्राप्त भएको ग्लुकोजलाई तत्काल सञ्चय गर्ने र आवश्यकताअनुसार खपत गरेर शक्ति उत्पादन गर्ने कार्य हाम्रो शरीरको प्यान्क्रियाज ग्रन्थिबाट उत्पादन हुने इन्सुलिन हर्मोनले गरेको हुन्छ। कुनै पनि कारणले गर्दा इन्सुलिनको उत्पादन कम भएमा वा त्यसले प्रभावकारी काम गर्न नसकेमा रगतमा ग्लुकोजको मात्रा बढ्दै जान्छ र मधुमेह देखा पर्दछ।

## मधुमेह किन हुन्छ?

मधुमेहका अधिकांश बिरामीमा के कारणले इन्सुलिनको उत्पादन कम हुन्छ वा यसको काम प्रभावकारी हुँदैन भन्ने कुरा यकिन गर्न सकिँदैन। मधुमेह केही हदसम्म वंशमा जान सक्दछ तापनि मोटोपन, अधिक मात्रामा बोसो/चिल्लोयुक्त पदार्थको सेवन, शारीरिक व्यायामको कमी आदिले गर्दा इन्सुलिनको उत्पादन वा काममा गडबडी आउन गई यो रोग लागेको पाइन्छ।

## कस्तो अवस्थामा मधुमेह लागेको शंका गर्ने?

रगतमा ग्लुकोजको मात्रा बढी हुँदा पनि धेरै मानिसमा मधुमेहका कुनै लक्षण देखा नपर्न सक्छन्, तर भित्रभित्रै भने यसले असर पुऱ्याइरहेकै हुन्छ। सामान्यतया निम्न लक्षण देखापरेमा मधुमेह भएको शंका गर्नुपर्दछ :

- छिटोछिटो धेरै मात्रामा पिसाब लाग्ने।
- मुख सुख्खा हुने, बढी तिर्खा लाग्ने।
- बढी भोक लाग्ने, राम्ररी खाना खाए पनि तौल घट्दै जाने।
- कमजोरी, आलस्य र थकान महसुस हुने।
- दृष्टि धमिलो हुने।
- हातगोडामा सिल्का हान्ने, पोल्ने, झम्झमाउने।
- घाउ चोट निको हुन बढी समय लाग्ने।

## मधुमेहका दीर्घकालीन असरहरू केके हुन् ?

- बेलैमा नियन्त्रणमा राख्न नसकेको खण्डमा मधुमेहले शरीरका अति महत्त्वपूर्ण अंग जस्तै आँखा, मुटु, मृगौला, दिमाग र रगत तथा स्नायुका नसाहरूमा नराम्रो असर पार्न सक्छ।
- मृगौलाको काममा क्रमिक ह्रास आएर किड्नी फेलरसम्म हुन सक्छ।
- रक्तचाप बढ्ने तथा हृदयाघातलगायतका मुटुका रोग र पक्षघातलगायतका रोगको जोखिम बढ्छ।
- आँखामा असर परी अन्धोपन हुन सक्छ। आजको विश्वमा अन्धोपनको प्रमुख कारण मधुमेह भएको तथ्य विभिन्न अध्ययनले देखाएका छन्।
- स्नायुका नसामा क्षति पुग्नाले हातगोडा झम्झमाउने, पोल्ने, खुट्टामा घाउ हुने र भएको घाउचोट निको हुन लामो समय लाग्छ। गोडाका रगतका नसाहरूमा असर पर्नाले रक्तसञ्चारमा अवरोध हुन गई खुट्टा काट्नुपर्नेसम्मको स्थिति आउन सक्छ। यौन अंगसँग सम्बन्धित नसामा असर पर्नाले यौन कार्यमा कमजोरी आउने तथा बाँझोपनसमेत हुनसक्छ।

## संयमित खानपान

स्वस्थ्य व्यक्ति र मधुमेह भएको व्यक्तिले खाने खानाको छनोटमा खासै भिन्नता नभए पनि कस्तो प्रकारको खाना कति मात्रामा कतिखेर कति समयको फरकमा खाने भन्ने कुरामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ।

- चिनी र चिल्लो/बोसोयुक्त प्रशोधित खानेकुराहरू जस्तै चिनी, सख्खर, जुस, जाम, मह, चक्लेट, मिठाइ, गुलियो पेय पदार्थ, हर्लिक्स, खुवा, चाकु, केक, बोसो तारेको वा भुटेको खाना सेवन नगर्ने वा कमै मात्र सेवन गर्ने।
- धूमपान र मध्यपान पूर्णरूपमा बन्द गर्ने।
- पर्याप्त मात्रामा सागसब्जी, फलफूल र रेसादार खानेकुरा सेवन गर्ने। अन्नको हकमा भात, रोटी, मकै, ढिँडो आदि खान सकिन्छ।
- हरेक ४-५ घण्टाको फरकमा दिनमा ३-४ पटक ठीक मात्रामा सन्तुलित खाना खाने। राति पनि केही (जस्तै एक गिलास दूध) खाएर सुत्ने बानी बसाल्ने।
- लामो समयसम्म भोकै नबस्ने, ब्रत नबस्ने। यसो गर्दा रगतमा ग्लुकोजको मात्रा घट्न गई बिरामी बेहोस पनि हुन सक्छ।




## शारीरिक व्यायाम

मधुमेहका बिरामीले नियमितरूपमा दैनिक आधा घण्टादेखि एक घण्टा जति व्यायाम गर्नु राम्रो हुन्छ। बिहान छिटो-छिटो हिँड्ने, खेतबारीमा हल्का काम गर्ने, साइकल चलाउने, सामान्य खेलकुदमा सहभागी हुने, पौडी खेल्ने आदिजस्ता क्रियाकलाप नियमितरूपमा गर्दा मधुमेह नियन्त्रण हुने मात्र नभई तौल, रक्तचाप र रगतमा कोलेस्टेरोल घट्न मद्दत पुग्छ, साथसाथै मुटुको रोगको जोखिम पनि कम हुन जान्छ। साथै ध्यान र योगाभ्यासले पनि शारीरिक र मानसिक तनाव कम गरी मधुमेह नियन्त्रणमा बल पुऱ्याउँछ।

## नियमित स्वास्थ्य परीक्षण

मधुमेह नियन्त्रणमा रहे-नरहेको थाहा पाउन चिकित्सकको परामर्शमा केही समयको अन्तरमा रगतमा ग्लुकोजको मात्रा (खालीपेटमा र खानापछि) जाँच गर्नुपर्छ। एचबीए, सी भनिने विशेष जाँचले विगत तीन महिनासम्ममा रगतमा भएको ग्लुकोजको मात्रा औसतरूपमा देखाउने भएकाले यो धेरै प्रभावकारी हुन्छ। सामान्यतया खाली पेटमा र खानापछि रगतमा ग्लुकोजको मात्रा क्रमश: १२०-१३० र १६०-१७० मिलिग्राम प्रतिसय मिलिलिटरभन्दा कम तथा एचबीए, सी ७ प्रतिशतभन्दा कम राख्नुपर्छ। गर्भावस्थामा र जवान मानिसमा भने यो मात्रा अझै कम राख्नु बेस हुन्छ।

- नियमितरूपमा रक्तचाप परीक्षण गराउनुपर्छ।
- वर्षमा एक पटक वा चिकित्सकको परामर्शअनुसार मृगौलाको जाँच पिसाबमा प्रोटिन एवं रगतमा क्रियाटिनिन र रगतमा कोलेस्टेरोलको जाँच गराउनुपर्छ।
- वर्षमा एक पटक नेत्र विशेषज्ञसँग आँखा जाँच गराउनुपर्छ।
- मधुमेहका बिरामीले हरेक दिन आफ्नो खुट्टाको जाँच र स्याहार गर्नुपर्छ। चोटपटक लाग्नबाट जोगिनुपर्छ, खाली खुट्टा हिँड्डुल गर्नुहुँदैन। नरम जुत्ताको प्रयोग गर्नुपर्छ।
- मधुमेहले दाँत र गिजामा पनि असर पार्न सक्ने भएकाले यसको स्वास्थ्यमा ध्यान दिनुपर्छ। आवश्यक परेमा परामर्शका लागि दन्त चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।

## औषधि उपचार

मधुमेहका बिरामीले चिकित्सकको परामर्शमा आवश्यकताअनुसार इन्सुलिनको उत्पादन वा कामलाई बढावा दिने चक्की औषधि वा इन्सुलिन सुई प्रयोग गर्नुपर्ने हुन सक्छ। सामान्यतया पहिलो किसिमको मधुमेह तथा गर्भावस्थाको मधुमेहको उपचारमा इन्सुलिनको प्रयोग गरिन्छ भने दोस्रो किसिमको मधुमेहको उपचारमा खाने औषधि, इन्सुलिन सुई वा दुवैको प्रयोग गरिन्छ।

## रगतमा एक्कासि ग्लुकोज कम हुनु

खाना, औषधि वा इन्सुलिन र शारीरिक व्यायामको तारतम्य नमिल्दा (खाना कम, औषधि वा सुईको मात्रा बढी, वा कसरत बढी भएमा) रगतमा ग्लुकोजको मात्रा ह्वात्तै घट्न सक्छ। रगतमा ग्लुकोजको मात्रा ७० मिलिग्राम प्रतिसय मिलिलिटरभन्दा कम भएमा यस्तो हुन सक्छ र यसमा निम्न लक्षण देखिन सक्छन्।

- हातगोडा गल्ने, कमजोर हुने।
- खल्खली पसिना आउने, चिड्चिडाहट हुने।
- मुटुको धड्कन बढ्ने, मुटु हल्लिने।
- धमिलो देखिने, तिरमिर हुने।
- टाउको दुख्ने, भाउन्न हुने, चक्कर लाग्ने।
- रगतमा ग्लुकोज धेरै घटेको रहेछ भने बिरामी बेहोस पनि हुन सक्छ।

यस्तो अवस्थाको आभास भएमा तुरुन्तै ३-४ चम्चा चिनी, ग्लुकोज, केही चकलेट वा कुनै गुलियो जुस या चिनीयुक्त पदार्थ सेवन गरिहाल्नुपर्छ। यी लक्षणमा सुधार आएपछि बिरामीलाई नियमित खाना दिइहाल्नुपर्छ। यदि बिरामी बेहोस भएको रहेछ भने तत्कालै अस्पताल लैजानुपर्दछ।

*(लेखक : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पतालका वरिष्ठ फिजिसियन, बाथरोग, मधुमेह तथा इन्डोक्राइन रोग विशेषज्ञ हुनुहुन्छ।)*

## मधुमेह भएको कसरी पत्ता लगाइन्छ ?

मधुमेहका धेरै बिरामीमा कुनै पनि लक्षण नहुने र भए तापनि ती लक्षण अरू धेरै रोगसँग मिल्न सक्ने भएकाले मधुमेह भए नभएको यकिन गर्न रगतमा ग्लुकोजको मात्रा जाँच्नुपर्छ। तलको टेबुलमा विभिन्न अवस्थामा रगतमा चिनीको मात्रा कति हुनुपर्छ भनी जनाइएको छ :

**रगतमा चिनीको मात्रा**

| अवस्था | खाली पेटमा | खानापछि |
|---|---|---|
| सामान्य | २०० भन्दा कम | १४० भन्दा कम |
| मधुमेहको पूर्वावस्था | १०१ देखि १२५ | १४१ देखि १९९ |
| मधुमेह | १२६ भन्दा बढी | २०० भन्दा बढी |

*मिलिग्राम प्रतिसय मिलिलिटर रगतमा*

माथि लेखिएका मधुमेहका लक्षण भएको शंका लागेमा, परिवारको कुनै सदस्यलाई मधुमेह भएमा, शारीरिक तौल बढी भएमा र सामान्यभन्दा बढी तौलको बच्चा जन्माउने महिलाले बेलैमा रगत परीक्षण गरी मधुमेह भए-नभएको निश्चित हुनुपर्दछ।

मधुमेहका किसिम, बिरामीको अवस्था तथा दैनिक कामको प्रकृति आदिलाई ध्यानमा राखी यसको उपचार गरिने भएकाले मधुमेहका बिरामी विज्ञ डाक्टरको परामर्शमा रहनु जरुरी हुन्छ। संयमित एवं सन्तुलित खानपान, नियमित व्यायाम र आवश्यकताअनुसारको सही औषधि वा इन्सुलिनको प्रयोग गरेर मधुमेहलाई नियन्त्रणमा राख्न सकिन्छ।

## मधुमेहका किसिम

मधुमेह हुने प्रारम्भिक कारणको आधारमा सामान्यतया यसलाई दुई किसिममा विभाजन गरिन्छ।

### पहिलो किसिमको मधुमेहः

शरीरमा इन्सुलिनको उत्पादन अत्यन्त कम हुँदा रगतमा ग्लुकोजको मात्रा सामान्यभन्दा बढी हुने अवस्थालाई पहिलो किसिमको मधुमेह भनिन्छ। यस्ता बिरामीलाई बाँच्नका लागि इन्सुलिन नै चाहिने भएकाले यिनीहरू जीवनभर इन्सुलिनमा आश्रित हुन्छन्। जुनसुकै उमेरमा देखा पर्नसक्ने भए तापनि यस्तो मधुमेह विशेष गरी बाल्यावस्था वा किशोरावस्थामा शुरू हुने र दुब्ला पातला मानिसमा बढी देखिने गर्दछ।

### दोस्रो किसिमको मधुमेह :

शरीरमा चाहिनेजति इन्सुलिन उत्पादन नहुँदा वा उत्पादित इन्सुलिनले प्रभावकारी काम गर्न नसक्दा रगतमा ग्लुकोजको मात्रा बढी भएको अवस्थालाई दोस्रो किसिमको मधुमेह भनिन्छ। यसको उपचारमा सन्तुलित खानपान र नियमित व्यायामका साथसाथै आवश्यकताअनुसार खाने औषधि र कहिलेकाहीं इन्सुलिनको पनि आवश्यकता पर्न सक्दछ। यस्तो मधुमेह सामान्यतया ४० वर्षको उमेरपछि प्राय: मोटाघाटा व्यक्तिमा देखापरेको पाइन्छ।

हाम्रो समाजमा देखिने मधुमेहका बिरामीमध्ये अधिकांश (करिब ९५ प्रतिशत) लाई दोस्रो किसिमको र धेरै कमलाई मात्र पहिलो किसिमको मधुमेह भएको पाइन्छ। त्यस्तै कहिलेकाहीं महिलामा गर्भावस्थामा मधुमेह देखिन्छ । जसले आमा र बच्चा दुवैको स्वास्थ्यमा हानिकारक असर पुऱ्याउन सक्दछ। यसको उपचारमा पनि इन्सुलिन सुईकै प्रयोग गरिन्छ।

# नेफ्रोलोजीसम्बन्धी सार्क सम्मेलन सम्पन्न



नेपाल ट्रान्सप्लान्टेसन सोसाइटीको आयोजनामा सञ्चालित सार्क सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो।

प्रधानमन्त्री ओलीले ११औं नेफ्रोलोजी सम्मेलन तथा नेपाल ट्रान्सप्लान्टेसन सोसाइटीको प्रथम भेलाको एकैसाथ उद्घाटन गर्नुभएको हो। कार्यक्रमको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले विज्ञान प्रविधिको सहायतामा आफू पनि सन् २००७ मा मृगौला प्रत्यारोपण गरी उपहारको जिन्दगी जिउँदै देशकै प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहेको बताउनुभयो।

ओलीले नेपालमा सन् २००८ देखि मृगौला प्रत्यारोपणको शुरुआत भई यतिबेला अंग प्रत्यारोपणका कानुनसमेत पारित भई कार्यान्वयनको अवस्थामा आइसकेको जानकारी दिँदै कानुनलाई व्यवस्थित र बिरामीलाई सर्वसुलभ बनाउनका लागि उच्चस्तरीय आयोग बनाउने जानकारी गराउनुभयो। उहाँले कानुन बनेयता सीमित व्यक्तिले मात्र अंग प्रत्यारोपण गर्न पाएको गुनासोको सम्बोधन गर्दै उच्चस्तरीय समिति बनाएर अघि बढ्ने अठोट लिएको जानकारी गराउनुभयो।

नेपालमा ब्रेन डेथको कानुन पारित भएलगत्तै १ जनाको शरीरबाट निकालिएको २ वटा मृगौला २ जनालाई सफलतापूर्वक प्रत्यारोपण गरिएको छ। 'कलेजो, मुटु, छाला, आँखालगायतका ८ वटा अंग ब्रेन डेथबाट प्रत्यारोपण गर्न मिल्ने भएकाले यस्तो कानुनको भरपुर सदुपयोग वास्तविक पीडितले प्रयोग गर्न पाउनुपर्छ' -प्रधानमन्त्री ओलीले भन्नुभयो। कार्यक्रमका बारेमा वरिष्ठ नेफ्रोलोजिस्ट प्राडा दिव्यासिंह शाहले जानकारी गराउनुभयो। उहाँले सम्मेलनको २ दिन अघिदेखि नै विषयगतरूपमा चिकित्सक, पत्रकार, सुरक्षा निकाय, नीति निर्माता, कानुनविद्, अस्पताल सघन उपचारकक्षलगायतको जिम्मेवारी सम्हाल्दै आएको निकायसँग बृहत् छलफल गरी यही जुन २७ र २८ तारिखमा सार्क सम्मेलन सम्पन्न भएको जानकारी गराउनुभयो। सम्मेलनमा सार्कका १ सय ५० भन्दा बढी विशेषज्ञको उपस्थिति रहेको पनि डा. सिंहले जानकारी गराउनुभयो।

कार्यक्रममा स्वास्थ्य राज्यमन्त्री पद्मा अर्यालले नेपालमा ३० हजारको हाराहारीमा मृगौलाका रोगी रहेका र हालसम्म १ हजार जनाको मृगौला प्रत्यारोपण भइसकेको बताउनुभयो। स्वास्थ्य मन्त्रालयका सचिव डा. पुष्पा चौधरी, स्वास्थ्य मन्त्रालयका प्रमुख विशेषज्ञ प्राडा भोलाराज जोशीलगायतका वक्ताले अंगदानको महत्त्वमाथि प्रकाश पारेका थिए।

नेपालमा अंग दान र प्रत्यारोपणलाई नियम कानुनले बाटो खुल्ला गरे पनि जनचेतना र दक्ष जनशक्ति तथा उपकरणको पर्याप्तता नभएका कारण समयम बिरामीले उपचार नपाएर विदेशिनुपर्ने समस्या कायमै रहेको सम्मेलनमा सहभागीले औंल्याएका थिए। सम्मेलन शुरू हुनु २ दिन अघिदेखि नै सबै निकायका व्यक्तित्वसँग बसी विषयमाथि गम्भीर छलफल भएको थियो।



## मनीषालाई बधाइ

प्रतिष्ठित दादा फाल्के अवार्डका लागि मनीषा कोइरालाजीलाई हार्दिक बधाइ।
- निशा पोखरेल (फेसबुकमा)

## अभिभावकत्व ग्रहण

अन्तर्राष्ट्रिय कलाकार मञ्च नेपाल शाखाको अध्यक्षको हैसियतले नेपाल सरकारबाट आह्वान भएको विद्यार्थी भर्ना अभियानअन्तर्गत धादिङ निवासी विनीता घिमिरेको अभिभावकत्व ग्रहण गर्न पाएकोमा गर्व महसुस गरेको छु।



# पूजाको बर्थडेमा रामकहानीको गीत

नायिका पूजा शर्माको बर्थडेको अवसर पारेर उनैद्वारा अभिनित फिल्म *रामकहानी*को गीत भिडियोसहित सार्वजनिक गरिएको छ।


सोमबार राजधानीमा आयोजित एक समारोहबीच *रामकहानी*को *तिम्रो लागि म छु* बोलको गीत सार्वजनिक गरिएको हो। आगामी भदौ २२ गते अल नेपाल रिलिज हुने फिल्मको पहिलो गीत पूजाको बर्थडे विस गर्नका लागि सार्वजनिक गरिएको हो। फिल्मको निर्देशक सुदर्शन थापा र नायिका पूजा शर्माले निर्माण गरेका हुन्। फिल्मलाई सुदर्शनले निर्देशन गरेका छन्।

अर्जुन पोखरेलको शब्द र संगीत रहेको यो गीतमा अञ्जु पन्त र सुगम पोखरेलले स्वर दिएका छन्। गीतको कविराज गहतराजको कोरियोग्राफी रहेको भिडियो सौरभ लामाले खिचेका छन् भने सम्पादन बनिष शाह र मिलन श्रेष्ठले गरेका छन्।

आकाश र पूजासँगै फिल्ममा जितु नेपाल, केदार घिमिरे, विल्सनविक्रम राईलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्। प्रेमकथामा आधारित फिल्म हाँस्यप्रधान हुने निर्देशक थापाले प्रष्ट्याए।

यसैबीच सोमबार साँझ नै फिल्मकर्मीको उपस्थितिमा राजधानीमा पूजाको बर्थडेसमेत मनाइएको छ।





## शुभकामना



सुदर्शन थापा

ईश्वर कहिल्यै अल्प हुँदैन
जे टुट्ने गर्छ त्यो संकल्प हुँदैन
हारलाई लक्ष्यबाट टाढै राख्नु
किनकि, जितको कुनै विकल्प हुँदैन।
आवश्यकताको अनुसारले जिन्दगी बाँच
इच्छाअनुसारले होइन।
किनकि, आवश्यकता त भिखारीको पनि पूरा हुन्छ।
र इच्छाहरू बादशाहको पनि अधुरै रहन्छ।
दुनियाँमा कुनै पनि चिज आफ्नो लागि बनेको हुँदैन।
नदीले कहिल्यै आफ्नो पानी पिउँदैन
रूखले कहिल्यै आफ्नो फल खाँदैन
सूर्यले आफ्नो लागि हर रात दिँदैन
फूलले आफ्नो सुगन्ध आफ्नो लागि छर्दैन।
थाहा छ किन?
किनकि, अरूको लागि जिउनु नै
असली जिन्दगी हो।
कहिल्यै पनि सफलतालाई दिमागमा र असफलतालाई दिलमा ठाउँ दिनु हुँदैन
किनकि, सफलताले दिमागमा घमण्ड र असफलताले दिलमा निराशा पैदा गर्दछ
भन्दै जन्मदिनको शुभकामना।

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

# विचार

मानिसको विचार उसको कामले जाहेर गर्दछ।
- लाङ्क

अर्ति, उपदेश र औषधि मीठो हुन्न।
- नेपाली उखान

## सम्पादकीय

नेपाल समाचारपत्र

# बुद्धजयन्ती औपचारिकतामा मात्र सीमित नहोस्

२५६२औं बुद्धजयन्ती हिजो सोमबार नेपाललगायत विभिन्न देशभर मनाइयो । नेपालमा पनि स्वायँ पून्हि, बुद्ध पूर्णिमा, बुद्धजयन्ती तथा विभिन्न देशमा वैशाख महोत्सवको नाउँले विविध कार्यक्रम गरी मनाइएको समाचार प्रकाशित भएको छ । भगवान् गौतम बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण (मृत्यु) एकै दिन घटेको पवित्र दिन भएकाले बुद्ध धर्मावलम्बीहरूसँगै विश्वका शान्तिप्रिय नागरिकले विशेष दिनका रूपमा स्मरण गर्दै बुद्ध, धर्म र संघप्रति श्रद्धा प्रकट गरेका छन् । बुद्धजन्मभूमि नेपाल र नेपालीका लागि यो दिन अझ विशेष महत्त्वपूर्ण रहेको छ । राणाकालको उत्तरार्द्धदेखि जनस्तरबाट बुद्धजयन्ती मनाइँदै आएको झन्डै ९ दशकपछि सरकारीस्तरमा पनि बुद्धको जन्मस्थल लुम्बिनीमा औपचारिकरूपले बुद्धजयन्ती मनाउन थालिएको छ । यो हामी सबैका निम्ति गौरवको विषय हो । यसरी धुमधामले बुद्धजयन्ती मनाइरहेका बेला सधैं चर्चा हुने र कार्य तीव्र गतिमा नहुने एउटा महत्त्वपूर्ण विषय हो– लुम्बिनीको विकास । १७ वर्षमा पूरा गर्ने लक्ष्यसहित बनेको लुम्बिनी गुरुयोजना ४० वर्षमा पनि पूरा हुन सकेको छैन । सन् १९७८ मा विश्वकै प्रख्यात जापानका वास्तुविद् प्रोफेसर केन्जो टाँगे नेतृत्वको समूहले ६ वर्ष लगाएर लुम्बिनी गुरुयोजना तयार पारेको थियो । गुरुयोजना बन्दा सन् १९९५ मै सम्पन्न गर्ने लक्ष्य थियो । तर, हालसम्म गुरुयोजनाको कति प्रतिशत काम पूरा भयो भन्ने यकिन छैन ।

गुरुयोजना बने पनि सरकारको प्राथमिकतामा नपर्दा र पर्याप्त बजेट विनियोजन नहुँदा झन्डै २५ वर्षसम्म गुरुयोजनाको काम कछुवाको गतिमा अघि बढेको पाइएको छ। लुम्बिनी गुरुयोजना बनेपछि कार्यान्वयनका लागि सन् १९७८ मा विकास समिति गठन ऐन २०१३ का आधारमा लुम्बिनी विकास समिति गठन भयो। विसं २०४२ (सन् १९८५) मा लुम्बिनी विकास कोष ऐनद्वारा लुम्बिनी विकास कोष गठन भएपछि मात्र गुरुयोजनाको कार्यान्वयन शुरू भएको हो। विसं २०५५ र ५६ सालदेखि मात्रै गुरुयोजनाका कामले गति लिन थालेको हो। लुम्बिनी गुरुयोजना उत्तर–दक्षिण ५ वर्ग माइल क्षेत्रमा फैलिएको छ। जसमा उत्तरबाट मध्यभागमा १ वर्ग माइल (११ सय ५५ बिघा) को ३ खण्डलाई क्रमशः पुरातात्त्विक क्षेत्र पवित्र उद्यान, अन्तर्राष्ट्रिय बौद्ध विहार क्षेत्र र नयाँ लुम्बिनी गाउँ गरी ३ क्षेत्रमा विभाजन गरिएको छ।

राजनीतिक दल र तिनका नेता र सरकारको गौतम बुद्धप्रति आस्था वा लुम्बिनीको विकास विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिने ओठे वा आकर्षक विषयका रूपमा मात्र सीमित भएको स्थितिले गर्दा पनि लुम्बिनीको विकासले खासै गति लिन नसकेको हो। नेपाललाई ज्ञानभूमि, आध्यात्मिक, शान्तिभूमिका रूपमा चिनाउँदै नेपालको पर्यटन उद्योग प्रबर्द्धन र विकासका लागि लुम्बिनीको गुरुयोजनाको कार्यलाई तीव्रता दिनु टड्कारो भएको छ । यसका लागि बुद्धको ज्ञान र उपेदशलाई गहिरो बुझ्दै त्यसतर्फ अघि बढ्न यसपटकको २५६२औं बुद्धजयन्ती सबैका लागि प्रेरणादायी दिनका रूपमा रहोस् । बुद्धजयन्तीलाई औपचारिकतामा मात्र सीमित नबनाइ सबैको हितमा रहेको मनन गर्नुपर्ने खाँचो रहेको छ ।

अन्तर्राष्ट्रिय श्रमिक दिवस

# नारामा एकता, व्यवहारमा विभाजित



बद्री तिवारी

आज मे १, १२९औं अन्तर्राष्ट्रिय श्रमिक दिवस। विश्वमा अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनको उत्सवका रूपमा मनाइँदै आएको यो दिवस आज विश्वभरका मजदूरहरूले एकता र श्रमिकका हकहितका सवाललाई उठाएर विविध कार्यक्रमको आयोजना गरी मनाउँदैछन्। १९औं शताब्दिमा आ-आफ्ना हकहितका लागि अमेरिका तथा युरोपका मजदूर विभिन्न खालका आन्दोलन गर्दैआएका थिए, त्यही क्रममा सन् १८८६ मे ४ का दिन अमेरिकाको सिकागो शहरमा विरोध प्रदर्शनमा उत्रेका मजदूरहरूलाई तितरवितर पार्नका लागि प्रहरी परिचालित गरिए। प्रहरी दमनको विरोध गरिरहेका मजदूरमाथि एक्कासि अज्ञात व्यक्तिले बम प्रहार गरिदियो। सो घटनामा केही मजदूर हताहत र केही घाइते भए। त्यस वर्षसम्म कारखानामा दैनिक १६ घण्टा काम गर्न बाध्य पारिएका मजदूरले आफूमाथि अन्याय भएको निष्कर्षमा पुगी त्यस शोषणविरुद्ध संगठितरूपमा आन्दोलन छेड्ने अठोट गरिसकेका थिए। सोही क्रममा दैनिक ८ घण्टा काम, ८ घण्टा विश्राम र ८ घण्टा मनोरञ्जनका लागि समय पाउनुपर्ने मागका साथ काम छोडेर सिकागोमा प्रदर्शन शुरू गरेका बेला उद्योग/कलकारखाना मालिकहरूले उनीहरूमाथि सरकारको सहयोगमा प्रहरी परिचालन गरी नृशंस दमन गर्न थाले। मजदूरहरूको निरन्तर विरोधले बलिदानीपूर्ण श्रमिक आन्दोलनको रूप लियो, आखिर ४ वर्षसम्मको कडा संघर्षको परिणाम नै मान्नुपर्छ- मजदूरहरू आफ्ना माग पूरा गराउन सफल भए। त्यही संघर्षलाई 'हेमार्केट मामला'को स्मृतिका रूपमा लिँदै सन् १८९० देखि प्रत्येक वर्ष मे महिनाको १ तारेखका दिन अन्तर्राष्ट्रिय श्रम/श्रमिक दिवस मनाउन शुरू गरियो, त्यसैले यस दिवसलाई मे दिवस भनिएको हो। विश्वका ८० भन्दा बढी मुलुकमा आधिकारिकरूपमै सार्वजनिक बिदा दिएर मनाइने मे दिवस वास्तवमै विश्वका तमाम मजदूर तथा पेसाकर्मीको साझा चाड हो। ट्रेड युनियनहरूको माग र आन्दोलको परिणामस्वरूप नेपालमा पनि विसं. २०६४ देखि मे दिवसका दिन सरकारले सार्वजनिक बिदा दिने घोषणा गर्‍यो। यो दिवस एउटा संस्कारको रूपमा विकसित हुँदै गएको वर्तमान अवस्थामा मजदूर/श्रमिक तथा विविध पेसासँग आवद्ध पेसाकर्मीका हकहितको संरक्षण र प्रबर्द्धनका लागि उपयोगी हुन सकेमा सार्थक बन्नेछ।

श्रमिक, मजदूर, कामदार तथा ज्यामीजस्ता नामबाट सम्बोधन गरिने उनीहरू आफ्नो श्रम सीप बिक्री गरेर आ-आफ्नो परिवारको जीविकोपार्जन गर्नका लागि स्वदेश तथा विदेशमा रोजगारीको खोजीमा भौंतारिइरहेका हुन्छन्। उद्योग कलकारखाना अत्यन्त न्यून रहेका हाम्रोजस्तो देशमा कामको अभाव हुनाले युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ। त्यसैले यो दिवस विदेश जान बाध्य भएका श्रमिकलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने वातावरण निर्माण गर्न तथा त्यसका लागि सरकारलाई दबाब दिनसमेत सहयोगी बन्न सक्नुपर्दछ। आखिर स्वदेश तथा विदेश जहाँ काम गरे पनि श्रमिकहरूले आफ्नो पसिनाको मूल्य उचित मात्रामा नपाएका गुनासा धेरै नै आउने गरेका पाइन्छन्। रोजगारदाताले सकेसम्म कम पारिश्रमिकमा काम लगाउन खोज्ने प्रवृत्ति तथा देशका प्रचलित ऐन कानुनको पूर्णरूपमा कार्यान्वयन नभएका कारण बेला-बेलामा आन्दोलन हुने गरेका छन्, त्यसबाट श्रमिकका समस्या केही क्षणिक समाधान भए पनि अधिकांश अल्मलिएको अवस्थामा रहेका पाइन्छन्। अझ रोजगारी बजार सानो भएको ठाउँमा त मजदूरहरू आफ्ना हकहितका सवाललाई तत्कालका लागि थाती राखेर काम पाउनकै लागि सम्झौता गर्न बाध्य हुन्छन्। काम पाए पनि भनेजस्तो नपाउने वा मुलुकमा प्रचलित नियम कानुनअनुसार पारिश्रमिक/तलब/भत्तालगायत सेवा सुविधा, वृत्ति विकास, स्वास्थ्य, बीमा, पेसागत सुरक्षा, अवकाशपछि प्राप्त हुने लाभदायी योजना जस्तै निवृत्तिभरण, उपदान, सञ्चयकोषलगायत सेवा सुविधा नपाउने हो भने मजदूर, श्रमिक तथा कर्मचारीको जीवनमा खासै त्यस्तो कामले महत्त्व राख्दैन। त्यसो हुँदाहुँदै पनि बाध्यताले काम गर्नैपर्ने हुन्छ र उनीहरू जेजस्तै पारिश्रमिक तथा सुविधा भए पनि कामका लागि सम्झौता गर्दछन्। किनकि जनशक्ति बढी भएको ठाउँमा उनीहरूले काम नगरेमा अरू व्यक्तिहरूले त्यो स्थान पूर्ति गरिदिन्छन्।

सहासी श्रमिकको बलिदानीपूर्ण संघर्षको सम्झना, सम्मान र श्रमिक एकताको लागि मनाउन लागिएको मे दिवसको व्यावहारिक पक्षचाहिँ अलि विडम्बनापूर्ण भेटिन्छ। मजदूर एकताको नारा दिइए पनि विभिन्न संघ संगठनमा विभाजित भएका छन् मजदूरहरू। आ-आफ्नो आस्थाअनुसारका राजनीतिक दलको भ्रातृ संगठनका रूपमा गठित ट्रेड युनियनसँग उनीहरू आबद्ध छन्। राजनीतिक दलहरूले बेला-बेलामा आफ्नो आवश्यकताअनुसार ती संघ संगठनमा आबद्ध कार्यकर्तालाई सडकमा उतार्छन्, दलीय स्वार्थ पूर्तिका लागि तथा बार्गेनिङका आफ्नो अनुकूलतामा प्रयोग गर्दछन्। सीमित संख्याका टाठाबाठाबाहेक अधिकांश श्रमिक राजनीतिक उद्देश्य थाहा नपाएरै आफू दलीय स्वार्थका लागि प्रयोग भएका हुन्छन्। आफ्नो सुरक्षित भविष्यको आशामा अरूका लागि लड्दालड्दै जीवनको पूर्वार्द्ध कटिसकेको पत्तै हुँदैन अधिकांश श्रमिकहरूलाई। राजनीतिक नेताहरू अझ भनौं मजदूर नेताहरू तीनै मजदूरलाई भर्‍याङ बनाएर शक्तिशाली पद धारण गरिसक्छन्। नेपाललगायत विकासोन्मुख तथा अल्पविकसित मुलुकका श्रमिक आन्दोलन यस्तै-यस्तै हिसाबले अल्झेका छन् भन्दा अत्युक्ति नहोला। अझ हाम्रो देशको वास्तविकता भन्ने हो भने मजदूरलाई भर्‍याङ बनाएर माथि पुग्ने र पद धारण गरिसकेपछि आफ्नो धरातल बिर्सने, पछाडि फर्केर हेर्दै नहेर्ने प्रवृत्तिका कारण मजदूरहरू उत्साहित छैनन्। त्यसो त कतिपय कार्यालयका पेसाकर्मी तथा कलकारखानाका मजदूरहरू पनि आफ्नो लाभका लागि युनियनलाई प्रयोग गर्न पछि पर्दैनन्। अनियमितताबाट पार पाउन, निजी स्वार्थ पूरा गर्न तथा आफ्नै अनुकूलतामा युनियनलाई प्रयोग गर्नका लागि ट्रेड युनियनसँग आबद्ध रहने गरेका उदाहरण नेपालका धेरै कार्यालयमा भेट्न सकिन्छ। यस्तो खालको प्रवृत्ति हाबी हुँदै गएको खण्डमा ट्रेड युनियन आन्दोलनको खासै महत्त्व रहँदैन, बरु हालसम्मको साख पनि गिर्दछ भन्ने कुरालाई सजग श्रमिकले बुझ्नै पर्दछ। श्रमिकको हकहितको पक्षमा काम गर्ने भनेर यहाँ स्थापना भएका कैयौं संघसंगठनले वास्तविकतामा के गरिरहेका छन् भनेर पत्ता लगाउने काम पनि सक्रिय र सजग मजदूरकै भएकाले उनीहरू यस कार्यप्रति प्रतिबद्ध भएर लाग्नैपर्दछ।

> आ-आफ्नो आस्थाअनुसारका राजनीतिक दलको भ्रातृ संगठनका रूपमा गठित ट्रेड युनियनसँग उनीहरु आबद्ध छन्। राजनीतिक दलहरुले बेला-बेलामा आफ्नो आवश्यकताअनुसार ती संघ संगठनमा आबद्ध कार्यकर्तालाई सडकमा उतार्छन्, दलीय स्वार्थ पूर्तिका लागि तथा बार्गेनिङका आफ्नो अनुकूलतामा प्रयोग गर्दछन्।

एक्काइसौं शताब्दिको मानव संशाधन व्यवस्थापनसम्बन्धी अध्ययनले कुनै पनि संस्था तथा प्रतिष्ठानमा सुचारु रूपमा कार्य सञ्चालन गर्न र लक्ष्यमा पुग्नका लागि अन्य स्रोतहरूभन्दा बढी महत्त्वपूर्ण र संवेदनशील पक्ष भनेको मानवस्रोतको उचित एवम् विवेकपूर्ण व्यवस्थापनलाई मानेको छ। यसलाई रणनैतिक मानव संशाधन व्यवस्थापनका रूपमा लिइन्छ। अझ विश्वका केही संस्थाले श्रमिक तथा कर्मचारीलाई मानव पूँजीका रूपमा लिन थालिसकेका छन्। हुन पनि मानव पक्षलाई अवमूल्यन गरेर कुनै पनि संघसंस्थाले उन्नति प्रगति गरेको सुनिँदैन। त्यसैले उचितरूपमा श्रम सम्बन्धलाई व्यवस्थापन गर्ने जिम्मेवारी रोजगारदाताले पूरा गर्नुपर्दछ ताकि मजदूर कर्मचारी पक्षबाट कुनै पनि गुनासा नआऊन्। तर जुन पक्षको व्यवस्थापन गर्ने भनिएको हुन्छ त्यही पक्ष नै बढी अव्यवस्थित बन्न पुग्दछ। धेरै उद्योग कलकारखानाको अवस्था समस्यामूलक बन्नुमा त्यहाँको श्रम/औद्योगिक सम्बन्ध सौहार्दपूर्ण नहुनु नै हो। त्यस सम्बन्धलाई राम्रो बनाउनका लागि सबैभन्दा बढी जिम्मेवार व्यवस्थापन पक्ष हुन्छ, त्यस्तै श्रमिकहरूको आधिकारिक ट्रेड युनियनको भूमिका सकारात्मक बन्नु त्यति नै आवश्यक छ। राज्यको प्रचलित कानुनअनुसार कम्पनी व्यवस्थापकले श्रमिकहरूलाई उनीहरूका आवश्यकता पूरा गर्न पुग्ने, जीविका चलाउन पुग्ने तलब भत्ता तथा पारिश्रमिक, वृत्ति विकास तथा तालिम अवसर, बीमा, पेसागत स्वास्थ्य र सुरक्षालगायतका पक्षहरूलाई उचित सम्बोधन तथा यथोचित प्रबन्ध मिलाएको खण्डमा त्यति समस्या आइपर्दैन। यद्यपि व्यवस्थापन पक्ष गैर जिम्मेवार बन्ने तथा श्रमिकहरूले पनि ट्रेड युनियनमार्फत कम्पनीले पूरा गर्न नसक्ने अस्वाभाविक माग अघि सार्दा समस्या पर्ने देखिएका छन्। हाम्रै देशमा माओवादी युद्धकालमा केही उद्योग कलकारखानामा यस्तै खालका समस्या उब्जिए, अन्त्यमा लगातार हड्ताल र तालाबन्दीसम्मका घटनाले उद्योगहरू बन्द हुन पुगेका थिए। यस्ता घटनाबाट खासगरी बारा-पर्सा औद्योगिक करिडोरका धेरै मजदूरको रोजीरोटी गुम्यो उनीहरूसम्बद्ध ट्रेड युनियनका अदूरदर्शी नीति तथा गतिविधिका कारण। त्यसो त राजधानीलगायत विभिन्न ठाउँका उद्योग, कारखाना, होटल, क्यासिनो तथा अन्य कम्पनीमा कार्यरत मजदूर कर्मचारीको पनि जागिर गुमेको, ७/८ महिनासम्म तालाबन्दी भएर बेरोजगार बनेका मजदूरहरूले क्षतिपूर्तिसमेत नपाएका घटना हाम्रा लागि ताजै छन्। त्यसकारण ट्रेड युनियन भनेका मजदूर तथा विभिन्न पेसामा संलग्न पेसाकर्मीको हकहितका लागि, उनीहरूको विकास र समृद्धिका लागि सरोकारवाला पक्ष अर्थात् कम्पनी व्यवस्थापनसँग, अझ आवश्यकताअनुसार सरकारी निकाय र समाजका दबाब समूहहरूमार्फत् जायज माग क्रमशः पूरा गर्दै जान वा सामूहिक सौदाबाजी गर्ने कार्यका लागि आधिकारिक प्रतिनिधिका रूपमा नै रहनुपर्दछ।

अतः मे दिवसजस्तो महत्त्वपूर्ण अवसरमा माथि उल्लेखित विषयलाई सहजरूपमा सल्टाउन विशेष भूमिका निर्वाह गर्ने तथा ट्रेड युनियन अधिकारविरोधी नीति नियम, गतिविधिले खडा गरेका चुनौतीको डटेर सामना गर्ने प्रतिबद्धता सम्बद्ध पक्षले सार्वजनिक गर्नु आवश्यक छ। यसै सन्दर्भमा मुलुकका प्रजातान्त्रिक तथा प्रगतिशील ट्रेड युनियन महासंघसँग सम्बद्ध विभिन्न संघसंगठनहरूले आज नेपालमा पनि विविध कार्यक्रमको आयोजना गरी मे दिवस मनाइरहेका छन्। पेसागत महासंघ नेपाल, अखिल नेपाल ट्रेड युनियन महासंघलगायत ८ वटा ट्रेड युनियन महासंघले आधिकारिक ट्रेड युनियनको निर्वाचन घोषणा गर्नुपर्ने, श्रमिकविरोधी ऐन कानुन खारेज गर्नुपर्ने, श्रमिकहरूको सेवा सुरक्षाको प्रत्याभूति गर्नुपर्ने, आईएलओ अभिसन्धि ८७ अनुमोदन गर्नुपर्नेलगायत मागहरू राखेर मे दिवस मनाइरहेका छन्, अपेक्षा गरौं मजदूरको आडमा नेतृत्व गरेका तथा सत्ता सञ्चालनको अभिभारा बोकेका नेताले मजदूरका मागलाई सम्बोधन तथा पूरा गर्नेछन्।

badript@gmail.com

## पाठक पत्र

### घरमै सुत्केरी किन?

सुरक्षित प्रसूतिका लागि भन्दै जिल्लामा ६३ वटा बर्थिङ सेन्टर सञ्चालनमा छन् । सकेसम्म कम दूरी रहने गरी स्थापना भएका ती बर्थिङ सेन्टरमा प्रसूति गराउनेको संख्या भने निकै कम भएको समाचार आउन थालेको छ। अघिल्लो वर्ष गर्भवती भएकामध्ये ५० प्रतिशतले मात्र वर्थिङ सेन्टरमा पुगेर प्रसूति गराएको तथ्याङ्क छ। प्रसूतिका लागि बर्थिङ सेन्टर जाने गर्भवतीको संख्यामा क्रमिक सुधार हुँदै आए पनि अवस्था सन्तोषजनक छैन।

आर्थिक वर्ष ०६९/०७० मा करीब ३४ प्रतिशत, ०७०/०७१ मा करिब ३७ प्रतिशत, ०७१/०७२ मा करीब ४७ प्रतिशत र आव ०७२/०७३ मा ४८ प्रतिशत गर्भवतीले प्रसूति सेवा लिन स्वास्थ्य संस्थामा आएको तथ्याङ्क छ। प्रसूति सेवा लिने आमाको संख्यामा वृद्धि भएको देखिए पनि यो मात्रा निकै सुस्त देखिन्छ । बर्थिङ सेन्टर समयमै नबन्नु, भौगोलिक विकटता रहनु र जनशक्ति व्यवस्थापन हुन नसक्दा धेरै आमालाई प्रसूतिका लागि स्वास्थ्य संस्थासम्म ल्याउन नसकेको अवस्था देखिन्छ।

त्यति मात्रै हैन, ४ पटक गर्भजाँच गराउने गर्भवती महिलाको संख्या पनि जिल्लामा निकै कम छ ।४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा गर्भवती जाँच गराउनुपर्नेमा पहिलो गर्भजाँच गराउनेको संख्या अत्यधिक देखिए पनि दोस्रो, तेस्रो र अन्तिम गर्भजाँच गराउनेको मात्रा घट्ने गरेको तथ्याङ्क आउनुमा पनि गम्भीर विश्लेषण हुनुपर्ने देखिन्छ।

*- सुश्री दाहाल, रोल्पा*

### च्यातियोस् सुन तस्करको जालो

नेपालमा पछिल्लो दशकमा विभिन्न तस्करीको धन्दा संगठितरूपमा मौलाउँदै गएको छ। सुन तस्करीसँगै हुन्डी कारोबारीहरू, भ्याट छली र विदेशी मुद्राको अवैध कारोबारमा संलग्न गिरोहबारे उच्च प्रहरी अधिकारीहरू जानकार नै छन्। पछिल्लो समय सुन तस्करीको जालो च्यातिँदै गएको पाइएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद गरिएको ३३ किलो सुन प्रकरणमा प्रहरी उच्च अधिकारीको समेत संलग्नता रहेको पुष्टि भइसकेको छ। सुन तस्करीमा उच्च अधिकारीदेखि विदेशी नागरिकसम्मको संलग्नता देखिएको छ, जसमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले १४ किलो सुन कारोबारमा संलग्न चिनियाँ नागरिकलाई पक्राउसमेत गरिसकेको छ। नेपालमा बजारको मागअनुरूप सुन आपूर्ति नभएपछि कालोबजारीमार्फत माग पूर्ति हुँदै आएको बताइन्छ। सुनचाँदी व्यवसायीका अनुसार नेपाली बजारमा दैनिक औसत ४० किलो सुनको माग छ। तर, नेपाल राष्ट्र बैंकले २० किलो सुन मात्रै आयात गर्ने अनुमति दिएको छ। यसैलाई आधार मान्दा पनि दैनिक २० केजीका दरले सातामा करिब डेढ सय किलो सुन तस्करीमार्फत आउने अनुमान गर्न सकिन्छ।


नेपालमा अवैधरूपमा सुन तस्करी हुने घटना नौलो होइन। तर, छिटफुटरूपमा अवैध सुन बरामद भए पनि ओसारपसार गर्ने भरिया वा दोस्रो तहमा संलग्नहरू मात्रै पक्राउ पर्ने गरेको विगतका घटनाक्रमले देखाएका छन्। २०७३ पुसमा विमानस्थलबाट बाहिरिएको ३३ किलोभन्दा बढी परिमाणको अवैध सुन बरामदको घटना होस् वा २०७४ भदौमा केरूङ नाका हुँदै काठमाडौं भित्रिएको ८८ केजी सुन प्रकरण नै किन नहोस्, ठूला परिमाणका सुन बरामदका घटनामा असली मालिकहरू पक्राउ परेका छैनन्। सुन तस्करीमा पक्राउ परेका नगन्य प्रतिवादीले मात्रै सजाय पाएका छन् भने मुख्य अभियुक्त ठहरिएका प्रतिवादीले निकै थोरै धरौटी बुझाएर उन्मुक्ति पाएका छन्। संगठितरूपमा भइरहेको सुन तस्करीबारे अनुसन्धान गर्न सरकारले विशेष समिति गठन गरेपछि केही घटना सतहमा आएका छन्। विगतका सरकारले पनि सुन तस्करीको सञ्जाल तोड्ने प्रतिबद्धतासहित विभिन्न समिति बनाए पनि त्यसको व्यावहारिक कार्यान्वयन नहुँदा यस्ता गिरोहले प्रश्रय पाउँदै आइरहेका छन्। अहिले सुन प्रकरणमा सरकारले चासो देखाएको छ। अनुसन्धानलाई निष्कर्षमा पुर्‍याएर दोषीलाई कानुनी कठघरामा उभ्याउन सक्छ कि सक्दैन, त्यो भने हेर्न बाँकी नै छ।

सुन तस्करीमा सरकारी संयन्त्र नै प्रयोग भएका अनेकन दृष्टान्त छन्। विगतमा राजस्व चुहावट छानबिन गर्ने सम्बन्धमा २०५५ वैशाखमा नौ सदस्यीय संयुक्त संसदीय समिति निर्माण गरिएको थियो। सो समितिले करिब १० वर्षमा अवैध सुन पैठारीसम्बन्धी ४ सय ५१ जनाबाट आयात गरिएको अवैध सुन जफत गरी फैसला भएका ४ सय ४१ वटा मुद्दामाथि अध्ययनसमेत गरेको थियो। उक्त अवधिमा १ हजार ८ सय २० केजी सुन जफत भएको समितिले निष्कर्ष निकालेको थियो। समितिको प्रतिवेदन सार्वजनिक भएपछि संगठित सुन तस्करीको अभ्यास अन्त्य हुने अपेक्षाविपरीत झनै तस्करी मौलाएको पाइयो।

दशकौं पहिलादेखि संगठित सुन तस्करीबारे सरकार र सुरक्षा निकायहरू अनभिज्ञ थिएनन् र छैनन्। अन्तरदेशीय सुन तस्करीको विभिन्न स्वरूप र शैलीमा सुन तस्करहरू मौलाउँदै गए पनि यसमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउने काम हुन सकेन। यति बेला प्रधानमन्त्री र गृहमन्त्रीले सबै प्रकारको तस्करी र अनियमितता रोक्न कुनै कसर बाँकी नराख्ने उद्घोष गरेका छन्। तस्करीको जालो तोड्न भरिया मात्रै पक्राउ गरेर हुँदैन। सुन तस्करको जालो तलदेखि उच्च तहका अधिकारीसम्म रहेको तथ्यलाई मनन गरी जरैदेखि अनुसन्धान गरी सुन तस्करीलाई सधैंका लागि निमिट्यान्न पार्न सरकारले सामर्थ्य देखाउनु आवश्यक छ।

*- प्रविन वैद्य, काठमाडौं*

## सामाजिक सञ्जाल



भौतिक संरचना भत्काउने, बिगार्ने, अराजकतावाद अपनाउने आतंककारीहरूले नै हो। करोडौंको राष्ट्रिय सम्पत्ति, भौतिक संरचनाहरू आन्दोलनको नाममा तोड्ने, फोर्ने गर्छन्। विनाश गर्दा खुसी हुन्छन्। आन्दोलनको नाममा आतंक मच्चाउँछन्। आउने दिनहरूमा यस्ता अनैतिक क्रियाकलाप गर्ने आन्दोलनलाई निषेध गर्नुपर्छ।

जीवन राना मगर
**@jeevanrana500**



मन्दिरको घन्टीले जब चोट खान्छ, अबेरसम्म संगीत गुन्जिरहन्छ। चोटलाई कलामा परिवर्तन गर्न मन्दिरको घन्टीबाट सिकेको हुँ।

**Buddhisagar**
**@buddhisagar**

लतितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनसमक्ष ताम्रकार समाजका अध्यक्ष रवीन्द्रराज ताम्रकारले जनताले अहिलेसम्म स्थानीय तह अधिकार सम्पन्न र जनप्रतिनिधि भएको अनुभूति गर्न नसकेको बताउनुभयो।



# सकारात्मक सोच र चिन्तनको खाँचो : सभामुख महरा

नेपाल समाचारपत्र

काठमाडौं

सभामुख कृष्णबहादुर महराले देशलाई सकारात्मक सोच, चिन्तनको खाँचो रहेको बताउनुभएको छ।

बहमकुमारी राजयोग केन्द्रले कलंकीस्थित संगम कोलोनीमा निर्माण गरेको शिव भवनको सोमबार उद्घाटन गर्नुहुँदै सभामुख महराले यस्तो बताउनुभएको हो।

धर्म, समूह, पार्टी वा समुदायको साँघुरो घेराबाट माथि उठेर सकारात्मक सोच चिन्तन गर्न सके मात्रै समाज र समग्र राष्ट्रको उन्नति हुने भन्दै सभामुख महराले अहिले देशलाई रूपान्तरणसहितको सकारात्मक चिन्तनको खाँचो रहेको बताउनुभयो।

'देशलाई अहिले सकारात्मक सोच, चिन्तनको खाँचो छ', उहाँले भन्नुभयो- 'हामी सबैले धर्म, समूह, पार्टी वा समुदायको घेराभन्दा माथि उठेर काम गर्नुपर्छ।'



बहमकुमारी राजयोग केन्द्रले सकारात्मक चिन्तन पद्धतिको विकास गर्ने अभियान सञ्चालन गरेर उदाहरणीय काम गरेको भन्दै सभामुख महराले समाजमा शान्ति, सद्भाव स्थापना गर्न होस् वा तनाव व्यवस्थापन गर्न राजयोगले राम्रो भूमिका खेलिरहेको बताउनुभयो।

'समाजमा शान्ति र सद्भाव स्थापना गर्न र तनाव व्यवस्थापन गर्न राजयोगले राम्रो भूमिका खेलेको मैले बुझेको छु', महराले भन्नुभयो- 'आम मानिसमा रूपान्तरणसहित सकारात्मक सोचको विकास गर्नतर्फ यसले राम्रो भूमिका खेलेको छ।'

ब्रह्मकुमारी राजयोगले अँगालेका दर्शन परम्परागत धर्म, पूजापाठसँग जोडिएको नभई अध्यात्मिक दर्शन र भौतिकवादको समिश्रण रहेको आफूले बुझेको सभामुख महराले बताउनुभयो। हृदयदेखि नै सकारात्मक रूपान्तरण राजयोगको मूल सारतत्त्व रहेको आफूले बुझेको सभामुख महराले बताउनुभयो।

राजयोगले परिकल्पना गरेको शान्त र समृद्ध समाजको चाहनामा आफू पनि सँगसँगै रहेको भन्दै सभामुख महराले देशको नीति निर्माण गर्ने थलो संसद्मा पनि सकारात्मक चिन्तन पद्धतिको खाँचो रहेकोमा जोड दिनुभयो।

## त्रिदेवनगरमा रक्तदान

काठमाडौं, (नेस)

२५६२औं बुद्धजयन्तीको अवसर पारेर सोमबार चन्द्रागिरि-९, मच्छेगाउँ, त्रिदेवनगरमा रक्तदान कार्यक्रम आयोजना गरियो।

त्रिदेवनगर टोल सुधार समितिको आयोजनामा भएको कार्यक्रममा वडाअध्यक्ष देवेन्द्र महर्जनले रक्तदान गरी उद्घाटन गर्नुभएको थियो।

उक्त अवसरमा अध्यक्ष महर्जनले यसैगरी टोल-टोलबाट रक्तदान गरेमा कतै पनि रगत अभाव नहुने र कोही कसैले अभावका कारण ज्यान गुमाउनु नपर्ने बताउनुभयो।

रक्तदातालाई प्रशंसापत्र वितरण गर्दै वडाअध्यक्ष महर्जनले कार्यक्रमले टोलवासीमा मित्रता र भाइचाराको सम्बन्ध स्थापित हुने बताउँदै आउँदा दिनमा पनि यस्ता कार्यक्रम गर्न उत्साहित बनाउनुभएको थियो। कार्यक्रममा ५२ जनाले रक्तदान गरेका थिए।

## मे दिवसमा मन्त्री विष्टको शुभकामना

काठमाडौं, (नेस)



श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग राखी करिब १ सय ३२ वर्षअगाडि मे १ का दिन शुरू भएको श्रमिकको त्याग र बलिदानपूर्ण संघर्षबाट आजको स्वर्णिम दिन प्राप्त भएको बताउनुभएको छ। मर्यादित श्रम र अधिकार सुनिश्चितताका लागि गरेका प्रयासको सम्झना गराउने यस महान् दिनको अवसरमा देशभित्र र बाहिर रहनुहुने सम्पूर्ण नेपाली श्रमिक दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नयाँ संविधानपश्चात् सम्पन्न निर्वाचनबाट आएको सरकार गरिबी, अभाव र बेरोजगारीको समस्या समाधान गर्ने सामाजिक न्यायसहितको समृद्धि प्राप्त गर्ने दिशामा अघि बढेको छ। संविधान प्रदत्त श्रमिकका अधिकारको रक्षा र कार्यान्वयनको सुनिश्चितताका लागि सरकार प्रतिबद्ध छ। श्रमलाई मर्यादित बनाउँदै आन्तरिक रोजगारीका अवसरलाई व्यापकरूपमा सिर्जना गर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित गर्ने, बालश्रमको निवारण गर्ने एवं श्रमिकको सामाजिक सुरक्षाजस्ता कार्यलाई तीनै तहको उचित समन्वय र प्रयत्नबाट उल्लेखनीय उपलब्धि प्राप्त गर्ने कुरामा हामी कटिबद्ध छौं।

श्रमिकको सम्मानित जीवनयापनको सुनिश्चितताका लागि वर्तमान सरकार पूर्णरूपमा प्रतिबद्ध रहनेछ भन्ने विश्वासका साथ मे १ को यस अवसरमा श्रमिक वर्गमा हार्दिक शुभकामना व्यक्त गर्दछु। मन्त्री विष्टले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

# भारतमा अलपत्र परेका ७ नेपाली बालबालिकाको उद्धार

नेपाल समाचारपत्र

ललितपुर

भारतको विहारमा अलपत्र परेका ७ जना नेपाली बालबालिकालाई उद्धार गरी नेपाल फर्काइएको छ।

केन्द्रीय बालकल्याण समिति, हरिहरभवनसँग समन्वय गरी छोराछोरी नेपालले ती बालबालिकालाई उद्धार गरेर ललितपुरमा ल्याएको हो। ती बालबालिकालाई भारतको विहार राज्यको छपरा र मुजफ्फरपुरमा रहेको बालगृह तथा बालिका गृहबाट नेपाल फर्काइएको हो।

उद्धार गरिएकामा ४ जना बालक र ३ जना बालिका रहेका छन्। तीमध्ये बालक सर्लाही जिल्लाको हरिवनका रहेका छन्। त्यस्तै रौतहट, जनकपुर र वीरगन्जका १/१ जना बालिका रहेका छन्। चारै जना बालकलाई बिहारको छपरास्थित बालगृहबाट उद्धार गरिएको हो भने ३ जना बालिकालाई मुजफ्फरपुरको बालिकागृहबाट उद्धार गरिएको हो।

उद्धार गरिएका बालक ११ देखि १५ वर्षका रहेका छन् भने बालिका ११ वर्षकी १ जना र ९ वर्षका २ जना रहेका छन्।

दिल्लीमा काम गर्न भनी ती ४ जना बालक घरबाट भागेका थिए। ती बालकलाई छपरा रेल्वे स्टसनमा रेल्वे प्रहरीले नियन्त्रणमा लिई बालगृहमा बुझाइएको सूचनाका आधारमा सो स्थानबाट उद्धार गरिएको छोराछोरी नेपालका कार्यक्रम संयोजक अनिला डंगोलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। अन्य ३ बालिकामध्ये २ जना घरायसी काममा लगाउन बेचिएको र १ जना दाजुसँगै घरबाट भाग्दा छुट्टिएर अलपत्र परेको बुझिएको छ।

बालबालिकालाई उद्धार गर्न छोरीछोरी नेपालका कार्यकारी निर्देशक शैलजा सीएमको नेतृत्वमा कार्यक्रम संयोजक अनिला डंगोल, तेजनारायण महर्जनको टोली गत शनिबार नै बिहार पुगेका थिए।

उद्धार गरिएका बालबालिकालाई अहिले छोराछोरी नेपालको गोदावरी तौखेलस्थित अस्थायी सेल्टरमा संरक्षण गरी राखिएको छ। संयोजक डंगोलका अनुसार संस्थाको नियमानुसार उद्धार गरिएका ७ जनालाई पुनःस्थापनाका लागि १ हप्ता सेल्टरमै राखिनेछ। सो अवधिमा उनीहरूलाई आवश्यक मनोसामाजिक काउन्सिलिङ गरेर अभिभावकको जिम्मा लगाइनेछ। 'धेरै अवस्थामा पारिवारिक विग्रह र गरिवीका कारण यी बालबालिका पुनः भौतारिने सम्भावनालाई ध्यानमा राखेर सम्बन्धित अभिभावकलाई बुझाउनुअघि उनीहरूको परिवारिक अवस्थाको पनि मूल्यांकन गरिनेछ' -उहाँले भन्नुभयो।

२ वर्षअघि भारतको दरभंगा र मुजफ्फरपुर बालगृहबाट केन्द्रीय बालकल्याण समितिको समन्वयमा ३३ जना बालबालिकालाई उद्धार गरिएको थियो। संस्थाले हालसम्म १ सय २२ जना बालबालिकाको उद्धार गरी पुनःस्थापना गरिसकेको छ।

## हुम्ली महिला सूचना प्रविधिमा साक्षर बन्दै

काठमाडौं, (नेस)

सूचना सञ्चार प्रविधिमा महिलाको पहुँच पुर्याउने उद्देश्यले विश्वभर मनाइने 'सूचना सञ्चार प्रविधिमा महिलाको सहभागिता २०१८' कार्यक्रम हुम्लामा मनाइँदै छ। नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा सूचना र सञ्चार प्रविधि समाज र स्वावलम्बन विकास प्रबर्द्धन केन्द्र नेपालको संयुक्त आयोजनामा आजदेखि ३ दिने 'आधारभूत सूचना र सञ्चार प्रविधि र ब्लगिङ' बारे कार्यशाला शुरू भएको हो।

प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ढुंगानाले हुम्ला आफैंमा पिछडिएको र दिनानुदिन महिला विद्यार्थीको संख्या बढी रहेको र पुरुषको संख्या घट्दै गएकाले समग्रमा महिलामात्र सहभागी नगराई सबै विद्यार्थीमा पहुँच पुर्याउनु कार्यशालाको उद्देश्य रहेको बताउनुभएको थियो।

प्रमुख जिल्ला अधिकारी मदनकुमार थापाले समग्र पहुँचमा काम गर्न र जिल्लामा रहेका सबै विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने कुरामा जोड दिनुभएको थियो। कार्यक्रममा महिला शिक्षक, उद्योगकर्मी, सिमिकोट गाउँपालिका अध्यक्ष र जिल्लायुवा समितिलगायतको उपस्थिति रहेको थियो।

# महानगरपालिकाका प्रमुखअगाडि ताम्रकार समाजको असन्तुष्टि

## प्रमुख महर्जनद्वारा काम गर्न नसकेको स्वीकार

नेपाल समाचारपत्र

ललितपुर

जनप्रतिनिधि आएको १ वर्ष हुन लाग्दा पनि ललितपुर महानगरपालिकाको कामकारबाही खासै प्रभावकारी नभएको र नयाँपन पाउन नसकेको १ कार्यक्रमका वक्ताले बताएका छन्।

ललितपुर महानगरपालिकाको सहयोगमा ताम्रकार समाजले आयोजना गरेको उद्घोषण तालिमको समापन समारोहमा सम्बद्ध वक्ताहरूले सो कुरा बताएका हुन्। स्थानीय निकायबाट स्थानीय तहमा रूपान्तरण हुँदा पनि कामकारबाही र सेवा प्रवाह खासै चुस्तदुरुस्त नभएको भन्दै जनप्रतिनिधिको कामकारबाहीका बारेमा खबरदारी गरेका थिए।




ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनसमक्ष ताम्रकार समाजका अध्यक्ष रवीन्द्रराज ताम्रकारले जनताले अहिलेसम्म स्थानीय तह अधिकार सम्पन्न र जनप्रतिनिधि भएको अनुभूति गर्न नसकेको बताउनुभयो। उहाँले महानगरपालिकाले स्थानीय समुदायलाई विश्वासमा लिएर अगाडि बढ्नुपर्ने उल्लेख गर्दै स्थानीय जनताको समस्या एकातिर, महानगरपालिकाको योजना मोनोरेल र फ्लाइओभरमा मात्र केन्द्रित भएकोमा गुनासो गर्नुभयो। सबैलाई समेटिएर नगरको विकास गर्दै सांस्कृतिक र पर्यटकीय नगरी बनाउनुपर्ने दिशामा महानगरपालिका अघि नबढेको पनि अध्यक्ष ताम्रकारले बताउनुभयो।

सो अवसरमा महानगरपालिकाका प्रमुख महर्जनले नीति नियम, ऐन कानुनको अभावमा स्थानीय तहले चाहेर पनि काम गर्न नसकिरहेको बताउनुभयो। उहाँले जनताका चाहना, इच्छा आकांक्षा पूरा गर्न नपाएकोमा दुःख व्यक्त गर्दै अबउप्रान्त गुनासोको मौका नदिइने बताउनुभयो।

महानगरका २४ नं. वडाअध्यक्ष एवं सामाजिक विकास समितिका संयोजक दिनेश कार्की, प्रशिक्षक राजभाइ जकमी, रोशननवीन ताम्रकार, गीता क्षेत्री, समाजका शिक्षा संयोजक प्रवल ताम्रकारलगायतले कार्यक्रममा आ-आफ्ना भनाइ राख्नुभयो। प्रभावकारी वतृत्वकला तथा उद्घोषण तालिम, एकाउन्टिङ सफ्टवेयर र ट्याली तालिममा गरी ३४ जवान प्रशिक्षार्थीको सहभागिता रहेको थियो। सो अवसरमा समाजका १३ जवान जेहेन्दार तथा आर्थिक स्थिति कमजोर भएका विद्यार्थीलाई २ लाख रुपियाँबराबरको छात्रवृत्ति प्रदान गरिएको थियो।

## छाडा गीत-साहित्य रोक्न आग्रह

काठमाडौं, (नेस)

जनवादी गायकहरूले सामन्तवादी शैलीमा सम्प्रेषित हुने छाडा र उत्ताउला गीत-संगीत र साहित्य रोक्न सरकारसँग आग्रह गरेका छन्। गीतकार डा. रामप्रसाद ज्ञवालीका शब्द र गायक दामोदर अधिकारीको स्वर रहेको 'आशय' गीति एल्बमको सार्वजनिक गर्न सोमबार आयोजित कार्यक्रममा उनीहरूले यस्तो आग्रह गरेका हुन्।

जनगायक जीवन शर्माले देश, जनता र समाज परिवर्तनका लागि जीवनभर जनवादी गीत गाउने गायकहरूका गीतलाई सरकारी र निजी मिडियाले ठाउँ नदिएको बताउँदै भन्नुभयो- 'ज्योति मगरका छाडा र उत्ताउला गीतहरूले ठाउँ पाउँछन्, जनवादी गीतले पाउँदैनन्।' जनगायक रामेश श्रेष्ठले पनि मिडियाले यस्ता गीत-संगीतलाई ठाउँ नदिएको भनाइ दोहोर्याउँदै बहुमत प्राप्त वर्तमान कम्युनिस्ट सरकारले समेत यतातिर ध्यान नदिनु लाजमर्दो भएको बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले यस्ता विषयमा आफ्नो ध्यानाकर्षण भएको बताउँदै यसका लागि पहल गर्ने प्रतिबद्धता दिनुभयो।

### सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, परिवारमा मिष्ठान्न भोजनको अवसर।
**वृष** : गरेको काम सफल, स्वास्थ्य तन्दुरुस्त, रोमान्टिक यात्रा।
**मिथुन** : राज्यका तर्फबाट डर, मान-प्रतिष्ठामा कमी।
**कर्कट** : सामान्य रोगले समाउला, बढी खर्च, काममा बाधा।
**सिंह** : धन प्राप्ति, अधुरा काम पूरा हुने, मान-सम्मान पाइने।
**कन्या** : केही रकम प्राप्ति, प्रतिस्पर्धीमाथि विजय, सुख-शान्ति हुने।
**तुला** : काममा बढी मेहनत, वाथजन्य रोगको सम्भावना, अधिक खर्च।
**वृश्चिक** : झाडा-पखाला, विवादमा फसिएला, विनाउपलब्धिको परिश्रम।
**धनु** : आर्थिक लाभ, मान-सम्मान, पढाइ-लेखाइमा सफलता, लाभ।
**मकर** : धन र समयको नोक्सानी, चिन्ता, सामान्य टाउको दुख्ने।
**कुम्भ** : मिष्ठान्न भोजन, खाद्यपदार्थ-उपहार प्राप्तिको सम्भावना।
**मीन** : आर्थिक नोक्सानी, अस्वस्थता, इष्टमित्रसँग विवाद।



# प्रदेश-३



मन्त्रालय तहबाट समाधान गर्नुपर्ने समस्या भए भन्नुहोस्, त्यसलाई तत्काल समाधान गर्न हाम्रो टिम सधैं तयार छ।



# नुवाकोट र रसुवा जलविद्युत्को हब बन्दै

शालिकराम चालिसे, नुवाकोट



नुवाकोट र रसुवामा जलविद्युतको हब बन्दै गएको छ। नुवाकोट र रसुवामा गरेर अहिले २ सय २८ मेगावाटका आयोजनाको निर्माण कार्य धमाधम भइरहेको छ।

नेपाल विद्युत् प्राधिकरण र चिलिमे जलविद्युत् कम्पनीको अगुवाइमा रसुवा र नुवाकोटमा २ सय २८ दशमलव ३ मेगावाटका आयोजनाको निर्माण धमाधम भइरहेको छ। काममा कुनै अवरोध नआएमा सबै आयोजनाको निर्माण २०७६ सालभित्र निर्माण सम्पन्न हुनेछन्।

नेपाल विद्युत् प्राधिकरणले ६० मेगावाटको माथिल्लो त्रिशुली ३ ए र चिलिमको मुख्य प्रबर्द्धकत्वमा १ सय ११ मेगावाटको रसुवागढी, १४ दशमलव ८ मेगावाटको माथिल्लो सान्जेन तथा ४२ दशमलव ५ मेगावाटको सान्जेन जलविद्युत् आयोजनाको निर्माण धमाधम भइरहेको हो। भूकम्प, त्यसपछि बाढीपहिरो र नाकाबन्दीले गर्दा सबै आयोजनाको निर्माण प्रभावित भएको थियो।

**तोकिएको समयभन्दा अगाडि नै सम्पन्न गर्न निर्देशन**

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन, सचिव अनुपकुमार उपाध्याय, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले शुक्रबार, शनिबार र आइतबार स्थलगत निरीक्षण गरी निर्माणाधीन आयोजनाको काम तोकिएको समयभन्दा अगाडि नै सम्पन्न गर्न निर्देशन दिएको छ। टोलीले यसका लागि आवश्यक सहयोग गर्ने विश्वास दिलाएको छ भने ठेकेदार कम्पनीहरूले पनि तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्।

टोलीले आयोजना, परामर्शदाता, ठेकेदार कम्पनीसँग आयोजनास्थलमै निर्माणमा देखिएका समस्या र समाधानका उपायका बारेमा छलफल गरेको थियो। मन्त्री पुनले भूकम्पपछि तयार गरिएको नयाँ समयतालिकामा आयोजनाको निर्माण जुनसुकै अवस्थामा पनि सक्न निर्देशन दिनुभयो।

'सबै आयोजनाको तोकिएकै समयमा निर्माण सकिन्छ तर यसका लागि यस्तो त्यस्तो हुनुपर्छ भन्ने गरेको पाइन्छ'- उहाँले भन्नुभयो- 'अब तर भन्न पाइँदैन, आयोजनास्थलका समस्या यहीं समाधान गर्नुहोस्, मन्त्रालय तहबाट समाधान गर्नुपर्ने समस्या भए भन्नुहोस् त्यसलाई तत्काल समाधान गर्न हाम्रो टिम सधैं तयार छ, तालिकाअनुसार नै काम सकी नमुना आयोजनाको रुपमा अगाडि बढाऔं।'

*२ सय २८ मेगावाटका जलविद्युत् आयोजनाको निर्माण धमाधम*

नेपाल सरकार, प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको माथिल्लो त्रिशूली ३ एको निर्माण २०७६ वैशाख (३० अप्रिल २०१९) भित्र सक्ने लक्ष्य राखिएको छ। आयोजनाले निर्माण गरिहेको त्रिशूली ३ ए-मातातीर्थ २२० केभी प्रसारण लाइनको १ सय ४२ वटा टावरमध्ये स्थानीयको अवरोधका कारण ५ टावरको काम नै शुरू गर्न नसकिएको आयोजना प्रमुख फणीन्द्रराज जोशीले बताउनुभयो।

लागत समय बढ्न नदिन इन्जिनियरिङ, खरिद र निर्माण (ईपीसी) मोडलमा सिभिल विद्युत्गृह, बाँध, सुरुङलगायतका संरचना र इलेक्ट्रोमेकानिकल तथा हाइड्रो मेकानिकलको काम गर्न चाइना गेजुवा ग्रुप अफ कम्पनिज (सीजीजीसी) लाई जिम्मा दिइरहेको छ। समयमा निर्माणस्थल दिन नसक्दा, विद्युत्गृह भूमिगत बनाउने या सतही बनाउने विवाद, क्षमता बढाउने निर्णय, भूकम्पलगायतका कारणले आयोजनाको निर्माण ढिलाइ भएको थियो। अहिले ठेकेदार कम्पनीको काम विगतभन्दा सन्तोषजनक रहेको र तोकिएको समयअगावै सक्नेगरी काम भइरहेको जोशीले बताउनुभयो।

**रसुवागढीको समग्र निर्माण प्रगति ६० प्रतिशत**

रसुवागढीको समग्र निर्माण प्रगति ६० प्रतिशत छ। आयोजनाले मिति २०७६ साल पुस १५ देखि विद्युत् उत्पादन शुरू गर्ने लक्ष्य राखेको छ। आयोजनाका विद्युत् जोड्नका लागि चिलिमे हब-त्रिशुली ३ बी प्रसारण लाइन हबको निर्माण हुनुपर्छ। रसुवागढी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत माधव कोइरालाले प्रसारण लाइन अभावमा विद्युत् खेर आउन नदिन सबै सरोकारवाला निकाय गम्भीर बन्नुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले परामर्शदाता र ठेकेदार कम्पनीलाई विदेशी मुद्रा भुक्तानीका लागि सतही प्रक्रिया ज्यादै झन्झटिलो रहेकाले यसलाई सहज बनाइदिन आग्रह गर्नुभयो।

## प्रदेशका प्रमुख परियोजनाबारे छलफल

# सुरुङमार्गमा लगानी ल्याउन सरकारी पहल

नेपाल समाचारपत्र

हेटौंडा

लगानी बोर्डले आफू मातहत रहेका ३ नम्बर प्रदेशका योजनाबारे प्रदेश सरकारलाई जानकारी गराएको छ। प्रदेश सरकार तथा सांसद्हरूको उपस्थितिमा लगानी बोर्डका कार्यकारी निर्देशक महाप्रसाद अधिकारीले ३ नम्बर प्रदेशका परियोजनाबारे जानकारी गराउनुभएको थियो।

लगानी बोर्डमार्फत् सहजीकरण भइरहेका योजनाको वस्तुस्थितिबारे जानकारी गराइएको हो। बोर्डले गरेको लगानीसम्बन्धी छलफलमा कार्यपत्र प्रस्तुत गर्दै कार्यकारी निर्देशक अधिकारीले काठमाडौं-कुलेखानी सुरुङमार्ग, केरुङ-काठमाडौं रेल, बुढीगण्डकी हाइड्रोपावर, सुनकोशी-२, सुनकोशी-३ हाइड्रोपावर, काठमाडौं मेट्रो रेललगायत महत्त्वपूर्ण परियोजनाहरूका विषयमा जानकारी गराउनुभएको थियो।

कार्यकारी निर्देशक अधिकारीले गोसाईंकुण्ड केबुलकार, तराई-काठमाडौं रोपवे, कृषिका क्षेत्रमा विषयगत उत्पादनमा लगानी, विद्युतीय रेलमार्ग, सोलार प्लान्ट, उत्तर-दक्षिण औद्योगिक करिडोर, पर्यटकीय क्षेत्र विस्तार, ५ तारे होटल स्थापनालगायतका विषय पनि महत्त्वपूर्ण परियोजनाका रुपमा रहेको जानकारी दिनुभयो।

अधिकारीले विदेशीले नेपालमा लगानी गर्न चाहेको बताउँदै अब अनुकूल वातावरण बनाउन सरकार लाग्नुपर्ने बताउनुभयो। ३ नम्बर प्रदेशमा लगानी बढाउन लगानी बोर्ड बनाएर काम गर्नुपर्ने, लगानी प्रोत्साहनको कार्यक्रम बनाउनुपर्ने र परियोजनामा लगानी गर्नसक्ने लगानी बैंकको विकास गर्नुपर्नेमा जोड दिनुभयो।

लगानी बोर्डले प्रत्येक प्रदेशमा गौरवका परियोजनाहरूमा लगानी गर्न पहल शुरू गरेको अधिकारीले जानकारी दिनुभयो। अहिले पनि कृषिका क्षेत्रमा लगानीको अभाव रहेकाले बैंकले यस्ता क्षेत्रमा लगानी गर्नुपर्ने उहाँको भनाइ छ।

देश संघीयतामा गइसकेकाले अब प्रादेशिकस्तरमा बोर्ड बनाउन केन्द्रीय कार्यालयले संयोजन गर्न तयार रहेको बताउनुभयो। कार्यक्रममा प्रदेशसभा सदस्य रामेश्वर फुयाल, डा. रामकुमार अधिकारी, सुरेश नेपाल, राजन तामाङ, शशिजंग थापा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रमुख सचिव रेश्मीराज पाण्डे, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव वसन्त अधिकारीले जिज्ञासा राख्नुभएको थियो।

३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पार्ने भएकाले सुरुङमार्ग निर्माण गर्नुपर्ने बताउनुभएको छ। उहाँले नेपालमा सुरुङमार्गले विकास निर्माणमा सहयोग गर्ने भएकाले यसको निर्माणमा सबैले चासो दिनुपर्ने बताउनुभएको हो।

छलफलमा मुख्यमन्त्री पौडेलले सुरुङमार्ग निर्माणका लागि लगानी ल्याउन सरकारले पहल थालेको बताउनुभयो। उहाँले भन्नुभयो- 'सुरुङमार्ग निर्माणमा प्रदेश सरकार संवेदनशील छ, त्यसैले हाम्रो प्राथमिकतामा सुरुङमार्ग पर्छ।'

विदेशी वा स्वदेशी जसले लगानी गरेपनि नाफा खोज्ने भएकाले अनुकूल वातावरण हुन जरूरी रहेको उहाँको भनाइ थियो। 'सहज वातावरण र सुरक्षाको ग्यारेन्टी नभएसम्म उद्योग ल्याउने कुरा गफमात्र हुन्छ।' -मुख्यमन्त्री पौडेलले भन्नुभयो। हाम्रो देशमा रहेको पुँजीलाई व्यवस्थित गर्नसके देशकै लगानीबाट विकास गर्न सकिने भन्दै सरकारले थप विदेशी लगानीको विषय खोजी गरिरहेको बताउनुभयो। अब उत्पादनमुखी, परिणाममुखी लगानीको लागि सरकार प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १000 ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५


# भूमिका खोज्दै वडा सदस्यहरू

## 'नाम मात्रको जनप्रतिनिधि भएछौं'

नेपाल समाचारपत्र

सिन्धुपाल्चोक

स्थानीय तह निर्वाचनमा वडासदस्यमा निर्वाचित कृष्णगोपाल तामाङ जिल्ला समन्वय समितिको सभापति बने, उनीजस्तै वडासदस्यमा निर्वाचित बालकुमारी सापकोटा समन्वय समितिको उपसभापति भइन् र वडासदस्य जितेका अन्य ७ जनाले जिल्ला समन्वय समितिमा सदस्य पदको अवसर पाए। वडासदस्यमा निर्वाचन हारेका भए उनीहरूका लागि समन्वय समितिमा उक्लने ढोका बन्द हुन्थ्यो। वडासदस्यमा चुनाव जितेकै आधारमा उनीहरू समन्वय समितिको नेतृत्वमा पुगिरहँदा बाँकी ४ सय बढी वडासदस्यहरू यतिबेला आफ्नो भूमिका खोजिरहेका छन्।

भोटेकोशी गाउँपालिका १ की सञ्चमायाँ बिक गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा वडासदस्यमा निर्वाचित बनिन्। स्थानीय तह निर्वाचनको १ वर्ष बित्नै लाग्दा पनि सञ्चमायाँले जनप्रतिनिधिका रुपमा आफ्नो भूमिका मेसो पाइनन्। कार्यपालिकाको बैठक, सभालगायतमा उपस्थित भएर सहभागिता जनाउनुभन्दा अर्को भूमिका भएन उनको। 'बैठकमा बोलाए जाने हो, अरुबेला त के नै काम हुन्छ र?' उनी भन्दै थिइन्। उनीजस्तै बलेफी गाउँपालिका ४ मा वडासदस्य जितेका धनपति नेपाल पनि जनताले देख्नेगरी आफ्नो भूमिका नै नभएको बताउँछन्। 'गाउँपालिका अध्यक्ष र वडाध्यक्षमात्र जनप्रतिनिधि हुन् भन्नेजस्तो भएको छ।' उनी भन्दैथिए, -'हामी पनि चुनाव जितेर नै सदस्य भएका हौं।'

स्थानीय तह निर्वाचनताका वडासदस्यको टिकट पाएपछि बलेफी गाउँपालिका ८ का लक्ष्मण अधिकारी उत्साहित देखिन्थे। वडासदस्यको उमेद्वार बनेका उनले चुनाव पनि जिते। तर निर्वाचनको १ वर्ष नबित्दै उनीभित्रको उत्साह हराइदियो। 'निकै दौडधुप गरेर चुनाव जितियो, वडासदस्यको खास भूमिका नै नहुने रहेछ', उनी भन्दै थिए- 'बैठक र गाउँसभामा ताली पिट्नेभन्दा अर्को भूमिका भएन।' वडा तहमा निर्वाचित सदस्यहरूलाई कुनै न कुनै भूमिका दिइनुपर्ने उनी सुनाउँछन्। 'जनप्रतिनिधि भनेको अध्यक्ष मात्रै हो कि कसो?', उनी भन्छन्- 'हामी त नाममात्रका जनप्रतिनिधि भएछौं।' गाउँपालिका अध्यक्ष र वडाध्यक्षलाई राम्रै सेवा सुविधा हुँदा वडासदस्यहरू 'भूमिका न सुविधा'को अवस्था भोगिरहेको उनी बताउँछन्।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ● गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 I Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, वैशाख
मंगलबार
१८

दिनभर यातना दिंदा पनि कुनै कुरा नखुलेपछि पुनः सनमलाई गाडीमा हालेर इटहरीतर्फ ल्याइएको थियो। तर, गाडीमै सनमको १८ फागुनमा मृत्यु भइसकेको थियो।

# नेपाल

### ३३ किलो सुन प्रकरण

# सुन भरिया सनमको मृत्यु

सरोज यादव, विराटनगर



मोरङको उर्लाबारी-७ का सनम शाक्यलाई २ दिनसम्म करेन्ट लगाएर यातना दिने क्रममा मृत्यु भएको खुल्न आएको छ। त्रिभुवन विमानस्थलबाट तस्करी गरी ल्याएको साढे ३३ किलो सुन गायब भई पत्ता नलागेपछि अवैध सुन तस्करीका मुख्य नाइके चुडामणि उप्रेती 'गोरे' समूहले घना जंगलमा पुऱ्याएर सनमलाई करेन्ट लगाएर यातना दिने क्रममा मृत्यु भएको हो।

एउटा स्कारपियो र टाटा सुमो गरी २ वटा गाडीमा उर्लाबारी-१ कान्छीचोकदेखि उत्तरपट्टी ३ किलोमिटरको घना जंगलमा पुऱ्याएर करेन्ट लगाउँदै यातना दिने क्रममा शाक्यको गत फागुन १८ गते मृत्यु भएको हो।

सुन गायब भएपछि सनममाथि शंका गरेर गोरेले धरानको कन्ट्रिक्लबको छलफलपछि सुनसान स्थानमा लगेर यातना दिने क्रममा मृत्यु भएको पक्राउ परेका अभियुक्तले बयानमा बताएको प्रहरीले जनाएको छ। पिकनिक खाएको जस्तो देखाउन केही भाँडा, तयारी खाना र पानीका कार्टुनहरू पनि सँगै लगेका थिए। गाडीमा करेन्ट लगाउन अलग्गै ब्याट्रि र तार अनि बाध्नका लागि प्लास्टिकका डोरीहरू पनि लगिएको थियो।

सनमलाई यातना दिएको स्थानमा पुगी कान्छीचोक आइपुग्दा त्यहाँका प्रत्यक्षदर्शीहरूका अनुसार फागुन १७ र १८ गते २ दिन एउटा स्कारपियो र एउटा टाटा जीप कान्छीचोकदेखि पश्चिम जंगलतिर लागेको बताएका छन्। भीआइपी गाडी खोलापारि गएको देखेपनि पिकनिक खान आएको होला भनेर कसैले अनावश्यक शंका नगरेको बताएका छन्। 'कान्छीचोकबाटै केही युवाले पानीका कार्टुनहरू गाडीमा हालेर लगेका थिए।' उर्लाबारी १ का किरण श्रेष्ठले गाडीमा पानी र आवश्यक पर्ने सामाग्री हालेपछि जंगलतिर लागेका थिए।

गोरे समूह कान्छीचोकदेखि पश्चिम सोल्टी खोलापारि रहेको प्रगति सामुदायिक वनक्षेत्रमा पुगेको थियो। त्यहाँ गाडी चढ्न अप्ठेरो भएपछि उनीहरूले माटो अलिकति खनेर बाटो बनाएका थिए। त्यसपछि गाडी चौरमा उक्लिएको थियो। त्यही चौरमा उनीहरूले ढुंगाको सानो चुल्हो बनाएर सामान्य आगो बालेजस्तो गरेर एउटा भाँडो पनि बसालेको अहिले पनि देख्न सकिन्छ। पकाउनेभन्दा पनि उनीहरूले ल्याएका तयारी खाना खाँदै र बोतलको पानी पिउँदै केरकार गर्ने काम गरेका थिए।

चौरबाट अलिभित्र जंगलमा सालका ३ वटा रुखमा पालैपालो बाँधेर करेन्ट लगाउँदै यातना दिएका थिए। उनीहरूले त्यहाँ एउटा खाल्डो पनि खनेका थिए। मरेमा सायद त्यही खाल्डोमा गाड्ने उनीहरूको योजना बनेको हुनसक्छ। मुखमा टिस्युपेपर खाँदेर सनमलाई यातना दिइएको थियो ।

पहिलो दिन सामान्य केरकार गरिएको थियो र फर्केर इटहरीतिरको होटलमा बास बसेका थिए। यातनाले आलसतालस भएका सनमलाई होलीमा रक्सी धेरै खाएर बेहोस भएको भनिएको थियो। १८ गते होलीको दिन बिहानै फेरि त्यही ठाउँमा पुगेर यातना दिने काम शुरू गरिएको थियो। दिनभर यातना दिँदा पनि कुनै कुरा नखुलेपछि पुन: सनमलाई गाडीमा हालेर इटहरीतर्फ ल्याइएको थियो। तर, गाडीमै सनमको १८ फागुनमा मृत्यु भइसकेको थियो।

स्थानीय सामुदायिक वनका कर्मचारी नरेश बराइलीका अनुसार जंगलभित्र रुख काट्ने कर्मचारीहरूले वनक्षेत्रमा भीआइपी गाडीमा ठूलो साउन्डमा बाजा घन्काएर बसेको र पटकपटक बोकोजस्तो आवाज कराएको नजिकबाट सुनेका थिए। अहिले पनि घटनास्थलमा रुखहरूमा करेन्टका चोट प्रस्ट देख्न सकिन्छ।

# दुई वर्षपछि राखियो मनकामनामा सुनको गजुर

नेपाल समाचारपत्र

गोरखा



गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरमा गजुर राखिएको छ। सोमबार चण्डी पुर्णिमाको अवसरमा साइत हेरेर मुख्य पुजारी इन्सान थापामगरलगायतले संयुक्तरुपमा मन्दिरको गजुर राखेका हुन्। मन्दिर जीर्णोद्धारको काम चलिरहे पनि उपयुक्त साइत सोमबार रहेकाले गजुर राखिएको जीर्णोद्धार समितिका संयोजक नरेन्द्रबाबु श्रेष्ठले जानकारी दिए। 'माथिल्लो छानामा जलप लगाइसकियो' मनकामना मन्दिर जीर्णोद्धार समितिका अध्यक्ष नरेन्द्रबाबु श्रेष्ठले भने- 'अब दोस्रो तलामा छाना हाल्नमात्रै बाँकी छ। हामीले सोमबारलाई उपयुक्त साइत देखेकाले गजुर राख्ने दिन तय गरेका थियौं।' बाजागाजाकासाथ विशेष पुजा गरेर गजुरलाई मन्दिरको माथिल्लो तलामा चढाइएको थियो।

'अहिलेसम्म सात किलो सुनले गजुर र माथिल्लो तलाको छानामा जलप लगाउने काम सिध्याइयो' उनले भने। पुरानो गजुर मर्मत गर्नमात्रै २० लाख रुपियाँ खर्च भएको उनको भनाइ छ। १६ किलो सुनले मन्दिरको छाना, ढोका, नागकन्या लहरीमा जलप लगाउने श्रेष्ठले जानकारी दिए।

नेपाल सरकार पुरातत्व विभागबाट आएको ४ करोड रुपियाँले यसअघि नै ७ किलो सुन किनिएको थियो। 'पहिलेको मन्दिरमा पनि ९ किलो सुनको जलप लगाइएको थियो।' उनले भने- 'अब हामीले कसरी हुन्छ दीर्घकालीन बनाउनु छ। त्यसैले ढिलै होस् बरु बाक्लो र राम्रै होस् भनेर पहिलेको भन्दा धेरै खर्च गरेर राम्रो बनाउन लागेका छौं।' जीर्णोद्धार समितिले स्वयम्भुनाथ, बौद्धनाथ मन्दिरमा सुन लगाएकाहरूसँग छलफल गरेर मनकामना मन्दिरमा सुनको जलप लगाएको हो।

अहिले मनकामना मन्दिरको जीर्णोद्धारका ९० प्रतिशत काम सम्पन्न भएको जीर्णोद्धार समितिले जनाएको छ। २०७२ असारदेखि मन्दिर भत्काएर जीर्णोद्धारको काम शुरू भएको हो। पुरानो मन्दिर भत्काएर जगैदेखि पुनर्निर्माण थालिएको थियो। मनकामना मन्दिर भूकम्पका कारणले पनि थप जीर्ण भएको थियो।

'अहिले मन्दिरको ९० प्रतिशतभन्दा धेरै काम सम्पन्न भइसकेको छ' जीर्णोद्धार समितिका अध्यक्ष श्रेष्ठले भने 'जलप लगाउने काम सबैभन्दा समस्या हुने र धेरै समय लाग्ने काम हो।' अब मन्दिरमा केही टुँडालहरू खोप्ने, झ्याल ढोका र तल्लो छानामा जलप लगाउने काममात्र बाँकी रहेको छ।

मनकामना मन्दिर जीर्णोद्धारका लागि नेपाल सरकारले ४ करोड र भक्तजनबाट करिब ९ करोड रुपियाँ संकलन भएको उनले बताए। २०६८ मा पुरातत्त्व विभागले गरेको अध्ययनअनुसार मन्दिर पुनर्निर्माणमा ८ करोड रुपियाँ लगानी गर्नुपर्ने बताइए पनि महंगी बढेकाले लागत खर्च पनि बढेको छ। मन्दिर निर्माण सक्न कम्तिमा १५ करोड रुपियाँ आवश्यक पर्ने देखिएको श्रेष्ठको भनाइ छ। जीर्णोद्धारका लागि अहिले पनि दिनदिनै मन्दिर आउने भक्तजनहरूले मन्दिर निर्माणको लागि रकम सहयोग गरिरहेका छन्। मन्दिर जीर्णोद्धारको काम भइरहेकाले मन्दिरको छेउमा अर्को मन्दिर स्थापना गरी पुजाआजा गर्ने व्यवस्था मिलाइको छ। मनकामना मन्दिरमा अहिले दैनिक केबलकार चढेर मात्रै ५ हजार भक्तजनहरू आउने गरेको मनकामना केबलकारको तथ्यांक छ। त्यस्तै सडकमार्ग र पैदलमार्ग भएर पनि मनकामना मन्दिर दर्शन गर्न भक्तजनहरू आउने गर्छन।

# चिनीमा युरिया मिसाउने व्यवसायीविरुद्ध मुद्दा

नेपाल समाचारपत्र

खोटाङ


खोटाङ सदरमुकाम दिक्तेलबजारमा चिनीमा युरिया मिसाएर बिक्री गर्ने व्यापारी विरुद्ध मुद्धा दर्ता भएको छ। युरिया मिसिएको चिनी बिक्री गरेको उजुरी परेपछि पाण्डे भेराइटिजको जानकी जेनरल अर्डर एण्ड सप्लायर्सका सञ्चालक मकेश्वर पाण्डे विरुद्ध मुद्धा दर्ता भएको हो।

रासायनिक पदार्थ मिसावट भएको चिनी बिक्री गरेको भन्दै उपभोक्ताको गुनासो आएपछि सरकारी वकिलमार्फत प्रहरीले व्यवसायी पाण्डे विरुद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्धा दर्ता गरेको हो। पाण्डे भेराइटिज विरुद्ध कालोबजारी तथा केही सामाजिक अपराध नियन्त्रण ऐनअनुसारको मुद्धा दर्ता भएको प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीले बताउनुभयो। मुद्धा दर्तासँगै व्यवसायी पाण्डेबाट २ लाख धरौटी मागिएको प्रशासनले जनाएको छ।

एक ग्राहकले गत चैत ३० गते शुक्रबार खरिद गरेको चिनीको प्याकेटमा युरिया मिसिएको मौखिक जानकारी दिएपछि जिल्ला प्रशासन कार्यालयले सोही दिन राती ९ बजे पाण्डे भेराइटिजको पसल तथा गोदामलाई शिलबन्दी गरेको थियो। शिलबन्दी पसल तथा गोदामबाट प्रहरीले वैशाख ११ गते ल्याब टेस्टका लागि चिनीको नमुना संकलन गरेको छ।

# करोडौंको पुल निर्माण कार्य अलपत्र

## सरोकारवाला निकाय बेखबर



ललित सिंह, बझाङ

जिल्लाको जयपृथ्वी नगरपालिका र खप्तड छान्ना गाँउपालिका हुँदै छिमेकी जिल्ला बाजुरा र खप्तड राष्ट्रिय निकुञ्ज जोड्ने करोडौंको लागतमा निर्माण हुने भनिएको तमैल पक्की पुलको निर्माण कार्य अलपत्र परेको छ।

ठेकेदार कम्पनीसंग भएको सम्झौताअनुसार आउँदो असार मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने सेती नदीको तमैलमा निर्माण हुने पक्की पुलको काम अहिलेसम्म शुरूआत नै हुन नसकेपछि निर्माण कार्य अलपत्र परेको हो।

३ वर्ष अगाडि एच के कन्ट्रक्सन प्रालिले तमैलमा ०७५ असार मसान्तसम्म सम्पन्न गर्ने गरी ११ करोड २५ लाख लागतमा पुलको सम्झौता गरेको भएपनि अहिलेसम्म पुलको कुनै पनि कामको शुरूआत नगरेको स्थानीयबासी करन सिंहले बताए। उनले भने- 'निर्माण कार्य सम्पन्न हुन २ महिनामात्र बाँकी छ अब के काम होला? पुल नबन्दा आवतजावत गर्नेदेखि दैनिक उपभोग्य सामानको निकै समस्या भएको छ। खराब नियत भएको ठेकेदारलाई राज्यले कारबाही गर्नुपर्छ। राजनीतिक आडमा ठेकेदारले काम गर्दा जनता मर्कामा परेका छन्।'

पुल निर्माण भएपछि सेती पारीका ४ गाँउपालिका र नगरपालिकासम्म यातायात सञ्जाल जोडिने सम्भावना ठेकेदारको लापरबाहीले तत्काल नदेखिएको साविक गडराय गाविसका गोविन्द बोहराले बताए। उनले भने- 'पुल निर्माण गर्ने ठेकेदार, सडक विभागको सेती लोकमार्गअन्तर्गतको केन्द्रीय कार्यालयदेखि ७ प्रदेशका सभामुख र मुख्यमन्त्रीसम्म धायौं तर अझै टुंगो लागेको छैन। ठेकेदारले नदीको वरपर साइडमा जगसमेत खनेको छैन।'

८० मिटर लम्बाइ रहेको यस पुलको ३ वटा स्पान रहेको र पाइल स्टमबाट पिल्लर राखी माथि सिमेन्टे ढलान गर्नुपर्ने पुलको डिजाइन छ। जमिनभित्र १६ मिटर मेसीन दबाएर २० वटा पाइल बनाई १ वर्गमिटरसहितको जमिनभित्रबाटै सिमेन्ट ढलान गरेर आउनुपर्ने यसको डिजाइन छ। पुल बनाउने ठेकेदारका प्रतिनिधि एगेन्द्र कुँवरले बताए।

पाइल स्टमको पुल तराईका लागि राम्रो हो। जिल्ला बझाङमा सम्भव नभएको समन्वय समितिका सव इन्जिनियर हरिशंकर जोशीले बताए। उनले भने- 'बझाङमा पनि यस्तै डिजानको पुल गर्न लगायौं, जसका कारण चैनपुर, तमैल र झनानाका ३ वटै पुल यसकै कारणले ढिला भएका छन्।' हालको डिजाइनबाट ठेकेदारले काम गर्न नसकिने भनेर यो पुल बनाउने कुनै चासो नदेखाएपछि ११ करोडको तमैलको पुल अलपत्र पर्ने देखिन्छ।

सेती नदीमा पुल नहुँदा काठे पुलको सहारामा छान्नातर्फ गएका मालबाहक ट्रक, यात्रुबाहक बस र जीप बाजुरा, डोटी भएर खोपडे बझाङ सडकको बाटो हुँदै सदरमुकाम आउने गर्दछन्। एकै छान्ना जोड्ने सेती नदीको पक्की पुलमात्र नभई जिल्लामा निर्माणाधीन अवस्थामा रहेका आधा दर्जन पक्की पुलको अवस्था पनि ठेकेदारको लापरबाहीले करौडौं रुपियाँ बालुवामा पानीजस्तै हुँदै गएको छ। तर, बझाङ जिल्लाका सरोकारवाला निकायहरूका प्रमुख व्यक्तिहरू तैचुप मैचुप भनेर कानमा तेल हालेर बसेका छन्।

# ४ वर्षपछि बुबा भेट्न पाइन् कमलाले

## बच्चाबच्ची पढाउने जिम्मा लिए माधव नेपालले

धनवीर दाहाल, रुकुम



रुकुम मुसिकोट नगरपालिका २ की २७ वर्षीया कमला चन्द २०६६ भदौ २४ गते सुत्केरी व्यथा लागेपछि रुकुम जिल्ला अस्पताल सल्लेमा उपचारार्थ भर्ना भएकी थिइन्। उनलाई जिल्लामा उपचार गर्न सक्ने अवस्था नभएपछि समस्या परेको थियो। प्रधानमन्त्रीको हैसियतले कामको सिलसिलामा सुदूरपश्चिम गएका माधवकुमार नेपाल विमानस्थल नेपालगंजमा आएको बेला रुकुमबाट एमाले नेता खेममान खड्काले चन्दको अवस्थाका बारेमा बताएपछि नेपाली सेनाको हेलिकप्टर लिएर माधव नेपाल रुकुम आएका थिए।

सरकारी कामको सिलसिलामा सुदूरपश्चिम गएका त्यो समयका प्रधानमन्त्री नेपाल रुकुमकी कमला चन्दको अवस्था दयनीय भएको र जहाज पनि नभएको तथा अन्य कुनै साधन नभएको थाहा पाएपछि तत्कालै रुकुम गई कमलालाई आफूसँगै काठमाडौं लिएका थिए। बच्चा बाँच्न सफल नभएपनि कमलाको ज्यान बचेको थियो। उनै कमला चन्दले रुकुममा सोमबार १ छोरी र १ छोराका साथ माधवकुमार नेपालसँग भेटिन्। एक कार्यक्रममा रुकुम आएका नेपालले कमलाको अवस्थाको बारेमा चासो लिएका थिए। नेपाल समाचारपत्रकर्मी धनवीर दाहालसँग कमलाको घरको अवस्थाबारे जानकारी उनले लिएका थिए। उनलाई भेटाइदिन आग्रह गरेपछि समाचारपत्रकर्मी दाहालले कमलासँग भेटघाटको वातावरण मिलाएका हुन्।

कमलाले पनि नेता नेपाल रुकुम पुगेको थाहा पाएपछि बुबा (माधव नेपाल)लाई भेटाइदिन आग्रह गरेकी थिइन्। आफूलाई बचाएकामा उनले माधव नेपाललाई बुबा मान्ने गरेकी छिन्। पूर्वप्रधानमन्त्री नेपालले कमलाका १ छोरी र १ छोरालाई पढाउने जिम्मा लिएका छन्। वैदेशिक रोजगारमा कतारमा रहेका कमलाका श्रीमान दिनेश चन्द बिरामी भएकाले त्यहाँ पनि उनको उद्धार गर्ने तथा उनलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। कमलाले भनिन् 'मलाई उहाँले (माधवकुमार नेपाल) नयाँ जिन्दगी दिनुभएको छ। मैले पुनर्जन्म लिएकी हुँ।' उनले भनिन्- 'माधव नेपालले रुकुम आएर मलाई नलिएको भए म अहिले यसरी काम गरिरहेको हुने थिइन।' डाक्टरले जिल्लाबाहिर नलिए कमला चन्द नबाँच्ने बताएपछि घरमा रुवाबासी चलेको थियो। चन्द परिवारको घरमा रुवाबासी भएको थाहा पाएपछि एमाले जिल्ला नेता खेममान खड्काले तत्कालै प्रधानमन्त्री नेपाललाई खबर गरेका थिए। उनको खबर सुन्ने बितिकै नेपाली सेनाको हेलिकप्टरमा प्रधानमन्त्री नेपाल रुकुम पुगेका थिए।

पूर्वप्रधानमन्त्री नेपालले कमलाका ४ वर्षका छोरा सकिन चन्द र ११ वर्षीया छोरी निरुता चन्दलाई काखमा राखेर राम्रोसँग पढ्न आग्रह गरेका थिए। कमलाले ४ वर्षअघि काठमाडौंमै पुगेर नेता नेपाललाई भेटेकी थिइन्। स्वकीय सचिव नितेस पौडेल र समाचारपत्रकर्मी दाहाललाई उनीहरूको बारेमा थप सहयोगको लागि आफूसँग नियमित सम्पर्क गराइदिन नेता नेपालले आग्रह गरेका छन्।

## असिनापानीले गहुँबालीमा क्षति

बैतडी, (नेस)

केही दिनयता लगातार रुपमा परिरहेको असिनापानीले बैतडीसहित प्रदेश नं ७ का किसानले लगाएको अन्नबाली, तरकारी र फलफूलमा क्षति पुगेको छ। गएराती परेको असिनापानीले भित्र्याउनै लागेको गहुँबालीमा ठूलो नोक्सान पुऱ्याएको बैतडीका किसानहरूले बताएका छन्।

बैतडीको दोगडाकेदार, दशरथचन्द नगरपीलका, सुर्नया गाउँपालिका, पाटन नगरपालिकालगायतका क्षेत्रमा असिनापानीले बढी क्षति पुऱ्याएको छ। दोगडाकेदार गाउँपालिकाको श्रीकोट, देउलेक, श्रीकेदारलगायतका क्षेत्रमा परेको असिनापानीले भित्र्याउनै लागको गहुँबालीमा क्षति पुगेको स्थानीय तथा तरुण दलका जिल्ला अध्यक्ष घनश्याम भट्टले जानकारी दिनुभयो। करिब २० मिनेट परेको असिनाले गहुँबाली, तरकारी तथा फलफूलमा क्षति पुगेको उहाँले बताउनुभयो।



# विश्व

**अनुरोध**
फ्रान्सका राष्ट्रपति इमान्युल म्यक्रोंले आफ्ना इरानी समकक्षी रुहानीलाई आणविक वार्तामा प्रवेश गर्न आह्वान गरेका छन्।





**उद्घाटन**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू चाँडै जेरुसेलममा नयाँ दूतावास उद्घाटन गर्न जाने बताएका छन्।



2018, MAY
Tuesday
1

**विश्व २ मिनेट**

**भारत**

## सबै गाउँमा बत्ती

नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार अहिले भारतका सम्पूर्ण गाउँघरमा बिजुली पुगिसकेको घोषणा गरेका छन्। शनिबार उत्तरपूर्वी मणिपुर राज्यको एउटा अन्तिम विकट गाउँ पनि ग्रिडसँग जोडिएपछि भारतको ऐतिहासिक लक्ष्य पूरा भएको हो। यदि कुनै पनि गाउँका १० प्रतिशत घर र त्यहाँका सम्पूर्ण सरकारी भवनमा बत्ती बलेको खण्डमा त्यहाँ औपचारिक रूपमा बिजुली पुगेको मानिन्छ। तर विश्व बैंकले भने भारतका अझै करिब २० करोड जनता बत्तीको सुविधाबाट वञ्चित रहेको आफ्नो तथ्यांकमा उल्लेख गर्ने गरेको छ।

**इराक**

## क्षेप्यास्त्र आक्रमण

दमास्कस, (एजेन्सी)

उत्तरी सिरियाको थुप्रै सैनिक क्षेत्रमा आइतबार राति क्षेप्यास्त्रहरू प्रहार गरिँदा दर्जनौं मानिसको ज्यान गएको सञ्चारमाध्यमले जनाएको छ। सिरियाली सेनाले हामा र एलेप्पो प्रान्तका सैनिक स्थलहरूमा क्षेप्यास्त्र हमला भएको पुष्टि गरेको छ। तर मृतकका बारे सेनाले अझैसम्म कुनै प्रतिक्रिया दिएको छैन। तर सिरियाली मानव अधिकार मामिला अनुगमन गर्दै आएको बेलायतस्थित समूहले सरकार समर्थित २६ जना लडाकू मारिएको र तिनीहरूमध्ये अधिकांश इरानी रहेको दाबी गरेको छ। सो आक्रमण गर्नेको पहिचान खुलेको छैन।

**फ्रान्स**

## म्याक्रोंको अनुरोध

पेरिस, (एजेन्सी)

फ्रान्सका राष्ट्रपति इमान्युयल म्याक्रोंले सोमबार आफ्ना इरानी समकक्षीलाई आणविक वार्तामा प्रवेश गर्न आह्वान गरेका छन्। तर इरानी राष्ट्रपति हस्सन रुहानीले टेलिफाने वार्तामा हाल अस्तित्वमा रहेको सात-राष्ट्रिय सम्झौतामाथि वार्ता गर्न नसकिने बताएका छन्। यसअघि नै फ्रान्स, बेलायत र जर्मनीले इरानसँगको वर्तमान सम्झौतालाई नै अघि बढाउनु आणविक हतियार विकास रोक्ने सबैभन्दा राम्रो उपाय हुने बताएका थिए। तर तिनीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यक्त गरेका केही चासो सम्बोधन गरिनुपर्ने बताएका थिए।


**अमेरिका**

## नयाँ दूतावास

वासिङ्टन, (एजेन्सी)

अन्तर्राष्ट्रिय समुदायको विरोधका बाबजुद अमेरिकाले इजरायलस्थित आफ्नो दूतावास जेरुसलमा सार्ने भएको छ। राष्ट्रपति ट्रम्पले नयाँ अमेरिकी दूतावासको उद्घाटनका लागि चाँडै इजरायलको भ्रमण गर्न सक्ने बताएका छन्। अमेरिकामा रहेकी जर्मन चान्सलर एन्जेला मर्केलसँगको बैठकपछि ह्वाइट हाउसमा संयुक्त पत्रकार सम्मेलनमा ट्रम्पले भने- 'म जेरुसलमा जान सक्नु अत्यन्त गर्वको कुरा हो। जेरुसलममा दूतावास बनाउने प्रतिबद्धता विगत कयौं वर्षदेखि गर्दै आइरहेको थियो। कयौंपटक राष्ट्रपतिहरूले यसमा प्रतिबद्धता व्यक्त गरे। सबै चुनावी आश्वासन दिए तर यो काम कसैले पूरा गरेनन्।'

# पत्रकार लक्षित दुई विस्फोटमा उनन्तीस मारिए



काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलमा सोमबार दुईवटा शक्तिशाली बम विस्फोट हुँदा समाचार संकलन गरिरहेका थुप्रै पत्रकारसहित कम्तीमा २९ जनाको ज्यान गएको स्थानीय सञ्चार माध्यमले जनाएका छन्।

एएफपीले काबुलमा कार्यरत आफ्नो प्रमुख फोटोग्राफर शाह माराइको मृत्यु भएको पुष्टि गरेको छ। पहिलो विस्फोट मोटरसाइकल चढेर आएका एक अज्ञात व्यक्तिले गराएका थिए। त्यसको करिब १५ मिनेटपछि घटनास्थलमा जम्मा भएको भिड र पत्रकारमाझ अर्को बम विस्फोट भएको थियो।

कट्टरपन्थी लडाकू समूह इस्लामिक स्टेट (आईएस)ले घटनाको औपचारिक जिम्मेवारी लिएको छ। ट्विटरमार्फत एएफपी समाचार निकायले दोस्रो बम नियतवश पत्रकार समूहमाथि लक्षित भएको दाबी गरेको छ। अफगान प्रहरी प्रवक्तालाई उद्धृत गर्दै एएफपीले पत्रकारकै भेषमा आएका व्यक्तिले दोस्रो बम विस्फोट गराएको जनाएको छ।

त्यसैगरी रेडियो फ्रि युरोप (आरएफई)ले पनि यस बम आक्रमणमा आफ्ना दुईजना पत्रकार अब्दुल्लाह हनानजाइ र मोहर्रम डुर्रानी मारिएको पुष्टि गरेको छ। क्यामराम्यान तथा पत्रकार अब्दुल्लाह लागुऔषध तस्करीसम्बन्धी अनुसन्धानमा रहेको तथा डुर्रानी साप्ताहिक महिला कार्यक्रममा कार्यरत रहेको बताइएको छ। आरएफईका अर्का पत्रकार सावउन काकर सख्त घाइते भएका छन्। प्रहरीले यस घटनामा कुल ८ जना पत्रकारको ज्यान गएको जनाएको छ।

# भारतमा धार्मिक स्वतन्त्रताको अवस्था खस्केको छ : प्रतिवेदन

नयाँदिल्ली, (एजेन्सी)


अमेरिकी संस्था युनाइटेड स्टेट कमिशन इन्टरनेसनल रिलिजियस फ्रिडन (यूएससीआईआरएफ)ले जारी गरेको वार्षिक प्रतिवेदनमा भारतमा धार्मिक स्वतन्त्रताको अवस्था निरन्तर खस्किरहेको उल्लेख गरेको छ।

सन् १९९८ मा अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता कानुनअन्तर्गत स्थापना भएको यूएससीआईआरएफ एक संवैधानिक संस्था हो। यो संस्थाको काम अमेरिकी सरकारलाई परामर्श दिनु हो। धार्मिक स्वतन्त्रताप्रति प्रधानमन्त्री नरेन्द्र मोदीको नीतिमाथि टिप्पणी गर्दै प्रतिवदेनमा एक धर्मको आधारमाथि आक्रामक ढंगले राष्ट्रिय पहिचान बनाउने प्रयास भइरहेकाले भारतको बहुधार्मिक, बहुसांस्कृतिक चरित्र खतरामा रहेको उल्लेख गरेको छ।

सन् २०१८ को उक्त प्रतिवेदनमा भारतको धार्मिक स्वतन्त्रतामा मोदी सरकारको रवैयालाई ५ पृष्ठमा समेटिएको छ।

उक्त संस्थाले यो वर्ष १२ देशलाई विशेष चिन्ताजनक स्थितिमा रहेको सूचीकृत गरेको छ। जसमा अफगानिस्तान, अजरबैजान, बहराइन, क्युबा, मिश्र, भारत, इन्डोनेसिया, इराक, कजाखस्तान, लाओस, मलेसिया र टर्की परेका छन्।

प्रतिवेदनमा प्रधानमन्त्री मोदीले हिंसाको निन्दा गर्ने गरेको तर उनकै पार्टीका सदस्य अतिवादी हिन्दू संगठनमा आबद्ध रहेको उल्लेख छ। तीमध्ये कैयौंले धार्मिक अल्पसंख्यक विरुद्ध भेदभावपूर्ण भाषा प्रयोग गर्छन्। भारत सरकारको आफ्नै आँकडाले साम्प्रदायिक हिंसा बढिरहेको छ तर मोदी प्रशासन यसलाई रोक्न कुनै पहल नगरेको प्रतिवेदनले आरोप लगाएको छ।




प्रतिवेदनले अमेरिकी सरकारलाई १० वटा मुद्दा सिफारिस गरेको छ। जसमा भारतसँग हुने वार्तामा ती मुद्दालाई उठाउन र भारतमाथि मानवअधिकार तथा धार्मिक स्वतन्त्रताको स्थितिमा सुधारका लागि दबाब दिने समावेश गरिएको छ।

# सीधा र रमाइलो स्वभावका किम कठोर शासक बन्नपुगे

बेइजिङ, (एजेन्सी)

अमेरिका र उनका सहयोगी देशहरूका लागि सबैभन्दा टाउको दुखाइ बनेका देशहरूको सूचीमा सम्भवत: प्रथम स्थानमा उत्तर कोरिया नै होला। तर, समयले कोल्टे फेरिसकेको छ। शुक्रबार उत्तर कोरियाका सर्वोच्च नेताले दक्षिण कोरियाको ऐतिहासिक भ्रमण गरी विश्वमाझ आफू शान्तिका पक्षमा रहेको अद्भूत छवी प्रदर्शित गरे।

विगत केही वर्षमा उत्तर कोरियाले अन्तर्राष्ट्रिय समुदाय विशेष गरी अमेरिकाको चिन्ता तथा मागलाई बेवास्ता गरी क्षेप्यास्त्र तथा परमाणु परीक्षण गर्दै रहे। अमेरिकी पहलमा उमाथि कडा भन्दा कडा प्रतिबन्ध लगाउने क्रम पनि जारी रह्यो। तर, प्योंगयांगले अमेरिकाको भूमिसम्म प्रहार क्षमता राख्ने अन्तरमहाद्वीपीय क्षेप्यास्त्रसँगै शक्तिशाली हाइड्रोजन बमको सफल परीक्षण गर्दै आफ्नो सुरक्षा मजबुत बनाउने लक्ष्य हासिल गरी छाडे।

एउटै परिवार भएपनि टुक्रिएको दक्षिण कोरियाको सुरक्षाका नाममा अमेरिका उत्तर कोरियाको आगनमै आएर लगातार सैन्य अभ्यास गरिरहन्छ। अमेरिका र दक्षिण कोरियाले सैन्य अभ्यासको माध्यमबाट विश्व र विशेषगरी उत्तर कोरियालाई आफ्ना शक्तिशाली हतियार क्षमता प्रदर्शन गरिरहेका हुन्छन्। उनीहरू सम्भावित कोरियाली युद्ध आफ्नो पक्षमा पार्ने कसरत गर्दै आइरहेका छन्।



यसको विरोधमा उत्तर कोरियाले उठाएका आवाजलाई सोल र वासिंगटनले कहिल्यै महत्त्व दिएन। उनीहरू आफ्नो सैन्य अभ्यासलाई आक्रामक नभएर सुरक्षात्मकमात्र भएको बताउँछन्। जसको फलस्वरुप कुनै बेला परित्याग गर्ने मनसायसमेत राखेको परमाणु हतियार विकास कार्यक्रमलाई सन् १९९० दशकको उत्तरार्द्धमा उत्तर कोरियाले निरन्तरता दिए। हालैका वर्षमा उसले आफ्नो लक्ष्य हात पार्दै दक्षिण कोरिया र अमेरिकालाई दबाबमा राख्न सफल भए।

उत्तर कोरियाले हासिल गरेको पछिल्लो सैन्य शक्ति उपलब्धिका लागि देशका युवा नेता किम जोंगकै नेतृत्व जिम्मेवार हो। सन् २०११ मा पिता किम जोंग इलको निधनपछि सत्तामा पुगेका किम छोटो अवधिमा आफ्नो कठोर शासन शैलीको छाप छाड्दै देश सुरक्षाका लागि आफू कटिबद्ध र सक्षम भएको प्रमाणित गर्न सफल बने।

आफूले सत्ता सम्हालेको ७ वर्षपछिमात्र किम पहिलो विदेश भ्रमणका क्रममा केहीदिन अगाडि गोप्यरुपमा चीन पुगेको समाचार विश्वमा सबैभन्दा चर्चाको विषय बन्यो। उनको यो भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ता कार्यक्रम घोषणा पछिको हो। यसअघि प्रत्यक्ष वार्ताका लागि उत्तर कोरियाले राखेको प्रस्तावलाई अमेरिकी राष्ट्रपति ट्रम्पले स्वीकारेर विश्वलाई चकित पारेको थियो। कोरियाली प्रायद्वीपको विभाजनपछि कुनै पनि अमेरिकी राष्ट्रपतिले उत्तर कोरियाली नेतासँग गर्न लागेको यो पहिलो भेटवार्ता हो। यद्यपी वार्ता मेमा हुने भनिए पनि कहाँ र कुन तिथिमा हुने भन्ने तय भएको छैन।

### किमको सिधा र ठट्यौलो स्वभाव

किम जोंग उनको गणना विश्वका खतरनाक तानाशाहमा हुने गरेको छ। यद्यपी स्विजरल्यान्डमा उनीसँगै पढेका साथीहरू किम बच्चामा अत्यन्त सिधा र सोझो विद्यार्थी भएको बताउँछन्।

सञ्चार माध्यमका अनुसार किम जोंग उनको जन्म १९८२ मा भएको थियो। तर, अमेरिको ट्रेजरी डिपार्टमेन्टले उनको औपचारिक जन्मदिन सन् १९८४ जनवरी ८ को मिति दर्ता गरेको छ।

किमले स्विजरल्यान्डमा कोरियाली दूतावासका कर्मचारीका छोराका रुपमा 'पाक उन'को नामले शिक्षा हासिल गरेका थिए। अंग्रेजी माध्यमको उक्त अन्तराष्ट्रिय स्कुल बर्न नजिकै गम्लिगेनमा अवस्थित छ।

किमका पूर्व सहपाठीहरू किम अत्यन्तै सीधा केटा भएको र ऊसँग हँसाउन सक्ने अद्भूत क्षमता भएको बताउँछन्। एकजना पूर्वसहपाठी माइक्रो इम्होफका अनुसार किम अत्यन्तै ठट्टा गर्न रुचाउने रमाइलो स्वभावका थिए। सबैसँग उसको व्यवहार समान हुन्थ्यो, चाहे त्यो बच्चा शत्रु देशकै किन नहोस्।

अर्का एक सहपाठीले जर्मन अखबार वेल्स एम सन्टाय्गलाई किमको राजनितिक चेतनाका विषयमा कुनै विशेष चासो नभएको बताएका थिए। त्यतिबेला स्कुलमा राजनीतिशास्त्र भनेको पढ्नै नहुने विषय जस्तो बनेको उनले बताएका थिए। त्यतिबेला उनीहरूले राजनीति नभएर फुटबलको विषयमा मात्र बहस गर्न पाउँथ्यो।

किम बच्चै बेलादेखि मोटो थिए र उचाइ ५ फिट ६ इन्चको थियो। तर पनि उनी बास्केटबलका राम्रो खेलाडीमा पर्थे। माइकल जोर्डन उनको आइडियल थिए।

स्विजरल्यान्डमा स्कुल शिक्षा पूरा गरेपछि किम उत्तर कोरिया फर्के र त्यहाँ आफ्नो दाइसँग किम जोंग नामसँग किम इल सुंग मिल्ट्री युनिभर्सिटीमा भर्ना भएका थिए। केही समाचारले किमले सन् २००७ देखिनै आफ्ना पिताको सैन्य क्षेत्रको निरीक्षण थालिसकेको उल्लेख गरिएको छ।

किमका विषयमा मात्र होइन, उत्तर कोरियामा उनका पुर्खा पिता तथा बाजेका विषयमा पनि धेरै हल्लाहरू बाहिर आउने गरेका छन्। किम जोंग उनको अनुहारलाई लिएरपनि त्यस्तै हल्ला चल्ने गरेको छ। उनको अनुहार, कपाल र हाउभाउ दुरुस्त उनको हजुरबुबा किम इल सुंगको जस्तो छ। उनले यो स्वरुप पाउन प्लास्टिक सर्जरीसमेत गरेको हल्ला चलेको थियो। तर यसको पुष्टि भने हुन सकेन।

सन् २०११ डिसेम्बर १७मा किम जोंग इलको हृदयघातबाट मृत्यु भएपछि किमले पुर्ख्यौली बागडोर सम्हालेका हुन्। आफ्ना दाजु किम जोंग चोल भएपनि उनलाई देशको जिम्मेवारी प्राप्त भयो। त्यतिबेला किमको उमेर मात्र ३० वर्ष थियो। उनी विश्वकै सबैभन्दा कम उमेरका शासक बनेका थिए।

### तानाशाह किमको क्रुरता

किम जोंग उनकी फुपू किम क्योंग हुइ र फुफाजु जांग संग तायक उसको सबैभन्दा विश्वासिला सल्लाहकार मध्येका एक थिए। धेरैजसो कार्यक्रममा उनीहरू किमसँगै बसेको देखिन्थ्यो। तर किमले उनलाई पनि छोडेनन्। सन् २०१३ मा किमले फुफाजु जांगलाई सत्ता विद्रोहको तयारी गरेको आरोपमा मृत्युदण्ड दिइयो। पछि उनको परिवारकै हत्या गरेको समाचार बाहिर आएको थियो। यद्यपी यसको पुष्टि भने हुन सकेका छैन। किममाथि आफ्ना कैयौं वरिष्ठ कर्मचारीको हत्या गरेको आरोप छ।

### चियरलिडर एवं गायिकासँगको विवाह

किम जोंग उन प्राय कार्यक्रममा पत्नी री सोल जुसँगै देखिने गरेको पाइन्छ। उत्तर कोरियाकै समाचार माध्यमका अनुसार किमले पूर्व चियरलिडर तथा गायिकासँग विवाह गरको हो। यद्यपी यो विवाह कहिले भयो भन्ने प्रष्ट छैन।

दक्षिण कोरियाली गुप्तचर संस्थाका अनुसार उनीहरूको विवाह सन् २००९ मा भएको हो र उनीहरूको १ छोरी पनि छ। सन् २०१२ मा दास्रो सन्तान जन्मेको हल्ला फैलिएको थियो।



‘पानी पर्दा र घाम लाग्दा कक्षा सञ्चालन गर्न सकिँदैन थियो, विद्यालय भवन निर्माण भएपछि विद्यार्थीहरूका लागि राहत भएको छ।’
-प्रधानाध्यापक रामचन्द्र केसीले भने।

# कसैले नसोचेको दिनले ल्याएको पीडा र खुसी

भगवती तिमल्सिना, सिन्धुपाल्चोक

कसैले कल्पनै नगरेको र नसोचेको दिन २०७२ साल वैशाख १२ र २९ को भूकम्पले निम्त्याएको महाप्रलय अहिले पनि आलै छ। यो दिन सम्झँदा सबैका मन भक्कानिन्छन् र आँखा रसाउँछन्।

यिनै पीडाको भारी बोकी आफन्त र आफ्ना विगतलाई सम्झिएर विरक्तिएका पिस्करका बासिन्दामाझ एकाएक नसोचेको अर्को क्षण आइपुग्दा यहाँका बासिन्दाले केही राहत महसुस गरेका छन्।

त्रिपुरासुन्दरी गाउँपालिका पिस्कर-५ मा महाभूकम्पले चकनाचुर बनाएको मंगलामाई माध्यमिक विद्यालय प्राङ्गणमा २०७५ वैशाख १६ गते निकै खुसी छाएको थियो। विद्यालय प्राङ्गणमा भेला भएका ५ वटा विद्यालयका शिक्षक शिक्षिका, अभिभावक, विद्यार्थीहरूले मध्याह्न खचाखच भरिएको थियो। यति नै बेला यहाँका बासिन्दाको दुःखमा साथ दिएर खुसी ल्याउन मदत गर्ने सिंगापुर रेडक्रसको नेतृत्वमा वरिष्ठ हास्य कलाकार हरिवंश आचार्य चढेको गाडी रोकियो। विद्यालयको प्राङ्गण भरिएर भित्ता र कान्लासमेत मानिसको भीडले रंगीचंगी भएको थियो।

यो भीडमा सबैले दीनदुःखीको सेवामा जुट्ने यो देशका होनहार वरिष्ठ हास्य कलाकार आचार्यलाई आफ्नामाझ देखिसकेका थिए। सबैका हातमा लालिगुराँसलगायत रातारात फूलका गुच्छा र माला टल्किएका थिए। एकछिन आचार्यलगायतको टोलीलाई भीड छिचोल्नै मुस्किल पर्‍यो। भीडका अभिभावक, विद्यार्थी, शिक्षक सबैमा खुसी छाएको थियो। कलाकार आचार्य छिनभरमै पिस्करबासीको माया र ममताले भरिएको सुन्दर फूलको मालाले छोपिनुभयो।

कलाकार आचार्यलाई त्यस स्थानमा पुर्‍याउन प्रारम्भ नामक सामाजिक संस्थाका अध्यक्ष तथा सिंगापुर रेडक्रसका नेपाल प्रतिनिधि कल्पना क्षेत्री, संस्थाका सचिव तथा पत्रकार केदार कोइराला, परियोजना प्रमुख बद्रीराज तिमल्सिना कस्सिएर लाग्नुभएको थियो।



देशविदेशको भ्रमण गरी नीति निर्माताको ध्यानाकर्षण गराउँदै आम नेपालीलाई सन्देशमूलक मनोरञ्जन दिँदै आउनुभएका आचार्य पिस्करमा घुम्न नभएर त्रिपुरासुन्दरी गाउँपालिकाभित्र रहेका ५ वटा सामुदायिक विद्यालय र एउटा सामाजिक भवन हस्तान्तरणका लागि पुग्नुभएको थियो।

पाँचैवटा विद्यालयका विद्यार्थीका लागि विद्यालय पोसाक तथा झोलाको व्यवस्थासमेत मिलाउने प्रारम्भ र सिंगापुर रेडक्रसलाई हौसला प्रदानका लागि भवन हस्तान्तरण तथा पोसाक हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि बनेर सबैसामु खुसी बाँड्न कलाकार आचार्य पुग्नुभएको थियो।

प्रारम्भ नामक सामाजिक संस्था तथा सिंगापुर रेडक्रसले त्रिपुरासुन्दरी गाउँपालिकाका जनताको फाटेको मन टाल्न र बगेका आँसु पुछ्न भनेरै सामाजिक र भौगोलिकरूपमा समेत चौतर्फी चुनौती नै चुनौतीको चुलीमाथि टेकेर ५ वटा विद्यालय भवन र एउटा सामुदायिक भवनको निर्माण कार्य पूरा गरेको छ। हरिवंश आचार्यले यस क्षेत्रको अवस्थालाई नियाल्न जीवन साथी रमिला आचार्यलाई पनि साथै लानुभएको थियो।

कलाकार आचार्यले पाँचैवटा विद्यालयका विद्यार्थीका लागि आवश्यक तयारी पोसाकका साथ किताब बोक्ने झोला वितरण गर्नुभयो। यतिबेला यहाँका बासिन्दाका आँखामा खुसीका आँसु टिल्पिलाएका थिए र भन्दै थिए ३ वर्षअघि हामीले यो ठाउँमा धेरै मानिस गुमायौं, घरबास विहीन थियौं र विद्यालय खण्डहर बनेको थियो। आज सिंगापुर रेडक्रसको सहयोगमा विद्यालय पनि राम्रो बन्यो र हाम्रा बाबुनानीहरूले पनि नयाँ पोसाक लगाएर भोलिदेखि हातमा होइन, झोलामा किताब बोकेर आउन पाउने भए। हिजोको दुःख र आजको खुसी हामीले कहिल्यै सोचेका थिएनौं।

कलाकार आचार्यले भवनको उद्घाटन तथा पोसाक हस्तान्तरणसँगै आफ्ना भनाइ राख्ने क्रममा हरेक शब्दमा मनोरञ्जन दिनुभएको थियो। उहाँले भूकम्प आएको होइन हामी भूकम्पको ठाउँमा बस्न आएका हौं र भूकम्प हामीभन्दा धेरै जेठो भएको बताउनुभएको थियो। सिंगापुर रेडक्रस र प्रारम्भ नेपालले २०७२ माघ महिनामा पक्की भवन निर्माण कार्यको थालनी गरी २०७३ फागुनसम्ममा पाँचैवटा विद्यालय र एउटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न गरेको थियो।

# उपभोक्ता समितिले गर्‍यो दोब्बर काम

सरिता चलाउने, सल्यान

सल्यानमा उपभोक्ताले प्राविधिकले दिएको स्टमेटभन्दा झन्डै दोब्बर काम गरेका छन्। पछिल्लो समय विकास निर्माणमा जनश्रमदान शून्यजस्तै भइरहेको अवस्थामा कपुरकोट गाउँपालिका-४ गाँडापानीका उपभोक्ताले २२/२२ दिनसम्म खानेपानी योजनाका लागि श्रमदान गरेर जिल्लामै उदाहरणीय बनेका हुन्।

गाँडापानीमा खानेपानी योजनाका लागि इन्जिनियर (खानेपानी तथा सरसफाइ टेक्निसियन)ले रिजर्व टंकीको साथमा ६ सय मिटर पाइप र ३ वटा धारा जडान गर्नुपर्ने स्टमेट दिएका थिए। तर बारदला खानेपानी टंकी निर्माण योजनामा श्रमदान गरेर उपभोक्ताले बजेटभन्दा झन्डै दोब्बर काम गरेका हुन्।

योजनाअन्तर्गत १२ हजार लिटर क्षमताको टंकी निर्माण भएको छ भने १ हजार २ सय ८४ मिटर पाइप विस्तार र ६ वटा धारा निर्माण भएको छ। बारदला खानेपानी टंकी निर्माण उपभोक्ता समितिका अध्यक्ष वीरबहादुर थापाले आफ्नो गाउँका लागि नै खानेपानी योजना भएकाले उपभोक्ताहरू स्वतःस्फुर्त तरिकाले जनश्रमदानमा उत्रिएको बताउँछन्। उनले भने- ‘गाउँपालिकाले ३ लाख रुपियाँ विनियोजन गरेको थियो। हामी २२ घरधुरीले प्रत्येक घरबाट २२/२२ दिन श्रमदान गरेर योजना सम्पन्न गर्‍यौं।’

गाउँपालिकाले विनियोजन गरेको रकमबाट टंकी निर्माणका सामग्रीहरू र पानी सप्लाई गर्न आवश्यक सामग्रीहरू खरिद गरिएको जनाउँदै अध्यक्ष थापाले टंकी निर्माण, पाइप विस्तारलगायतका काम गाउँलेकै श्रमदानमा सम्पन्न गरिएको बताए। स्थानीय सरकारलाइ विकासमा साथ दिएर समृद्धितर्फ अघि बढ्नुपर्ने सोच गाँडापानी बार्दला टोलका स्थानीयमा छ। स्थानीय जंगबहादुर परियार जनताको एकतामा कुनै पनि विकास निर्माणको काम गर्न सजिलो हुने बताउँछन्। ‘यहाँको खानेपानी व्यवस्थित बन्न सकेको थिएन’, उनले भने- ‘विकासमा सरकारको मात्रै मुख ताक्नुहुँदैन भनेर हामी आफैले जनश्रमदान गरेर दोब्बर काम गरेका हौं।’

गाउँलेहरूले जनश्रमदानमार्फत २ लाख ५० हजार बराबरको काम गरेका हुन्। योजना सम्पन्न भएपश्चात् गाँडापानीमा अहिले घरनजिकै खानेपानीको धारा पुग्दा सुविधा थपिएको छ। स्थानीयकै सहभागितामा योजना प्रभावकारी ढंगले सम्पन्न भएको जनाउँदै कपुरकोट गाउँपालिकाका खानेपानी तथा सरसफाइ टेक्निसियन तिलक चौलागाईंले यसबाट स्वयम् स्थानीयलाई बढीभन्दा बढी फाइदा र सुविधा पुग्ने बताए। उनले भने- ‘कतिपय स्थानमा उपभोक्ता समितिहरू कसरी बजेटको पैसाले खल्ती भर्ने भन्ने मानसिकताले भरिएका छन्।’

## फोर्ड...

तर उक्त कम्पनीले बेच्ने गाडीको मूल्यमा उपभोक्तालाई ठग्ने क्रम भने रोकिएको छैन। मूल्य घटाउने र अब वास्तविक मूल्यमा गाडी वितरण गर्ने प्रतिबद्धता जनाएका गोल्छाले उच्च राजनीतिक तहसँगको साँटगाँठपछि उक्त प्रतिबद्धता तोड्दै विभागको आँखामा छारो हालेका छन्।


विभागले कालोबजारी तथा ठगी मुद्दा अगाडि बढाएपछि आत्तिएका गोल्छाले मूल्य घटाउने प्रतिबद्धता जनाए पनि कम्पनीले त्यसपछि बेचेका गाडीको मूल्य सूचीमा कुनै घटबढ भएको देखिँदैन। तत्काल गाडीको मूल्य घटाउने भन्दै विभागसँग माफीसमेत मागेका गोल्छाले विभिन्न मन्त्रालय, मन्त्री र उच्च तहका कर्मचारीसँग साँठगाँठ मिलाएपछि ठगी धन्दालाई निरन्तरता दिएका छन्।

विभागले अनुगमनका क्रममा तयार पारेको प्रतिवेदनअनुसार जीओ अटोमोबाइल्स प्रालिले उपभोक्तालाई बिक्री गर्ने गाडीको मूल्य सूचीमा जम्मा लागतभन्दा बढी मूल्य लिएको देखिन्छ। उक्त कम्पनीले वास्तविक मूल्यमा अतिरिक्त शुल्क लिई उपभोक्तालाई छुटको भ्रम छर्ने गरेकोसमेत अनुगमनका क्रममा देखिएको छ। कम्पनीले बिक्री गर्ने गाडीको खरिद र बिक्री मूल्यमा देखिने मार्जिन (ग्रस प्रफिट)मा विभिन्न शीर्षक जोडी अलग-अलग खर्च समावेश गरेको देखिन्छ।

ग्राहकलाई गाडी खरिदमा विज्ञापन खर्च, प्रशासनिक खर्च, कर्मचारी तलब खर्च, पेट्रोल, मोबिल, हिटर फिटिङ, एक्ससरिज डेलिभरीजस्ता शीर्षकमा थप रकम असुल्ने गरेको देखिन्छ। त्यति मात्र नभई बैंक ब्याज, गाडी बिक्री हुनुअघि शोरुममा पार्क गरेको शुल्कसमेत उपभोक्ताको टाउकोमा पार्ने गरेको देखिन्छ। कालोबजारी तथा अन्य केही अपराध तथा सजाय ऐन २०३२ अनुसार अतिरिक्त २० प्रतिशतसम्म रकम जोडेर वस्तु बिक्री गर्दा कालोबजारी गरेको ठहर्‍याइने उल्लेख गरेको छ। तर सो कम्पनीले एउटा गाडीको बिक्रीमा विज्ञापन खर्च, प्रशासनिक खर्चलगायत फरक-फरक शीर्षकमा ४३ प्रतिशतसम्म अतिरिक्त शुल्क उपभोक्ताबाट असुलेको छ।

ऐनअनुसार मालवस्तुको उत्पादक, आयातकर्ता वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु बिक्री गरेमा सो मालसामान लिएको मोल फिर्ता गराई सो मालवस्तु जफत गरी निजलाई १० वर्षसम्म कैद हुनेछ र जरिवानासमेत हुन सक्ने कानुनी व्यवस्था छ। सोही ऐनले कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ।

यस सम्बन्धमा थप जानकारी लिन जीओ अटोमोबाइल्स कम्पनीका कार्यकारी निर्देशक आकाश गोल्छासँग पटक पटक सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन।


GOVERNMENT OF NEPAL, MOF, DEPARTMENT OF CUSTOMS
BHANSAR PRAGYAPAN PATRA
GENERAL INFORMATION SEGMENT
A CUSTOMS OFFICE: BRJ01 Birgunj Customs Office
1 DECLARATION FORM: IM 4
Customs Reference: M 35582 15/03/2018
2 Exporter: FORD INDIA PVT LTD, CHENGALPATTU
3 Forms: 1 1
5 Items: 1
6 Tot pack: 3.00
7 Declarant reference number: 2018 L1752
8 Importer No. 302597709014ONP: G.O. Automobiles Pvt. Ltd. Kathmandu, Kathmandu Metropolitain, Akash Golchha
9 Invoice/Transport document: 3310085685,85697,85753 DT-08.02.2018
10 Cty 1 dest: IN
11 Trading: IN
12 Value details: 172,286.17
14 Declarant/Agent/Representative No. 150: Bhoo Dev Trading, Biratnagar-3,Main Road,Morang, PAN:300068342
15 Country of export: India
16 Country of origin: India
18 Flight or Vehicle Number: NEW VEHICLE
19 Ctr: no
20 Delivery terms & Place: CIF RXL
21 Mode Vehicle number: MFDT-FEB.2018
22 Currency & total amount invoiced: INR 1,678,145.34
23 Exch. rate: 1.6015
25 Mode transport at border: 09
26 Inland mode Transport: 09
27 Place of destination: NPKTM KATHMANDU
28 Banking information: Bank Code 11032000; Terms of payment 400 Bank Draft T.T. System; Sanima Bank Ltd
29 Office of entry/exit: BRJ01 Birgunj Customs
30 Location of goods: BRJ...ONE
31 Packages and description of goods: Number of packages and kind 3.00 12 Unit
Description: Vehicles of a cylinder capacity exceeding 000 cc but not
Declared Name: FORD VEHICLE ECOSPORT 1.5P TIT-1497CC
32 Item: 1
33 Commodity code: 87032200 000
34 Cty orig. Code: IN
35 Gross mass (kg): 3,849.0000
36 Prefer: INDIA
37 PROCEDURE: 4000 000
38 Net mass (kg): 3,849.0000
41 Supplementary units: UNT 3.0000
42 Item Price: 1,678,145.34
45 Adjustment: 1.0000
46 Statistical value: 2,859,835.93
44 Add. info Documents Produced Certificates and authorization: 171,828.14+0.00+458.03+0.00-0.00; AD 100 102; TT NO-1541/TT/001/74/75 DT-14.01.18; INR-1785723.00

| Type | Tax base | Rate | Amount | MP |
|---|---|---|---|---|
| ID | 2,859,836.00 | 77.60 | 2,219,233.00 | 1 |
| ECS | 5,079,069.00 | 60.00 | 3,047,442.00 | 1 |
| VAT | 8,126,509.00 | 13.00 | 1,056,447.00 | 1 |
| Cash Deposit 0.00 | | Total | 6,323,122.00 | 1 |

49 Identification of warehouse: 38494
B ACCOUNTING DETAILS
Mode of payment: CASH
Assessment number: N 35450 Date 15/03/2018
Guarantee: 0.00 NPR
Total fees: 565.00 NPR
Total declaration: 6,323,687.00 NPR
Name: Raj Kumar Gupta
Clearance Through: Green
D CONTROL BY OFFICE OF DESTINATION

# १५ अर्बमा अस्पताल निर्माण हुने

विराटनगर, (नेस)

सुनसरीको दुहबीमा देशमै पहिलो श्रमिकहरूका लागि अस्पताल निर्माण हुने भएको छ।

प्रदेश १ का सामाजिक विकास मन्त्री, उद्योगी, व्यापारी, मजदुर, ट्रेड युनियनका पदाधिकारीसहितले सोमबार अस्पताल निर्माण हुने स्थानको अनुगमन गरेका छन्।

उनीहरूले जग्गा उपयुक्त रहेको भन्दै चाँडोभन्दा चाँडो श्रमिक अस्पताल निर्माण हुने जनाएका छन्। सुनसरीको दुहबी-७ मा श्रमिक अस्पताल निर्माण हुने भएको छ। कोशी राजमार्गभन्दा अढाइ किलोमिटर पश्चिममा रहेको ८ बिगाहा जमिनमा श्रमिक अस्पताल निर्माण हुने भएको हो।

प्रदेश नम्बर १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेसहित उद्योगी, श्रमिक आबद्ध ट्रेड युनियनका प्रतिनिधि, दुहबी नगरपालिकालगायतले स्थलगत अनुगमन गरी स्थान उपयुक्त रहेको ठहर गरेको छ। दुहबी नगरपालिकाले ८ बिगाहा जमिन उपलब्ध गराएपछि नेपाल सरकारको लगानीमा श्रमिक अस्पताल बन्ने भएको हो।

प्रदेश नम्बर १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले श्रमिक अस्पताल निर्माणका लागि श्रम तथा रोजगार मन्त्री गोकर्ण विष्टसँग कुराकानी गरी हप्ता दिनभित्रमै प्रक्रिया अगाडि बढाउने बताउनुभयो। यस्तै उद्योगी मुकेश उपाध्याय र राजकुमार गोल्छाले स्थान उपयुक्त भएकाले आफूहरूले श्रमिक अस्पताल निर्माणका लागि सक्दो सहयोग गर्ने दाबी गर्नुभयो।

यस्तै दुहबी नगरपालिकाका प्रमुख वेदनारायण गच्छदारले अस्पताल निर्माणमा आफ्नो पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। यस्तै श्रम कार्यालय विराटनगरका प्रमुख मणिनाथ गोपले सरकारले नेपालभरिमा १ श्रमिक अस्पताल निर्माणका लागि पहल गरेको बताउँदै ८ बिगाहा जमिनमा ५ सय शय्याको अस्पताल निर्माण गर्ने लक्ष्य रहेको बताउनुभयो।

अहिले नेपाल सरकारको सामाजिक विकास कोषमा १५ अर्ब रुपियाँ रहेकाले त्यही रकमले अस्पताल निर्माण गर्ने सरकारको योजना रहेको बताउनुभयो।

श्रमिकहरूका लागि अस्पताल बन्ने भएपछि मजदुरहरूमा खुसी छाएको छ। नेपाल सरकारले श्रमिक र श्रमिकका सन्तानका लागि न्यून मूल्यमा स्वास्थ्य सेवा उपलब्ध गराउने योजनाअनुरूप अस्पताल निर्माण गर्न लागेको हो।

# शान्ति निकेतनलाई ४ करोड ४२ लाखको भवन

मोतीराम तिमल्सिना, काभ्रे

भूकम्पले ध्वस्त भएको पनौती नगरपालिका-१ रयालेको शान्ति निकेतन माध्यमिक विद्यालयलाई ४ करोड ४२ लाखको सुविधा सम्पन्न विद्यालय भवन हस्तान्तरण गरिएको छ। भवन नहुँदा विद्यार्थीहरू जस्ताको टहरामा अध्ययन गर्दै आएका थिए।

‘पानी पर्दा र घाम लाग्दा कक्षा सञ्चालन गर्न सकिँदैन थियो, विद्यालय भवन निर्माण भएपछि विद्यार्थीहरूका लागि राहत भएको छ।’ -प्रधानाध्यापक रामचन्द्र केसीले भने। एसओएस बालग्राम अन्तर्राष्ट्रियको सहयोगमा एसओएस बालग्राम नेपालले बालबालिकाहरूको गुणस्तरीय शिक्षाका लागि विद्यालय भवन निर्माण गरिदिएको हो।

नयाँ भवन निर्माणसँगै एसओएस बालग्रामले रेट्रोफिटिङ गरी पुनः सञ्चालन ल्याउन मिल्ने भवनको पनि जीर्णोद्धार गरिदिएको छ। पक्की भवनसँगै छात्र छात्राको अपाङ्गमैत्री शौचालय, विद्यालयलाई आवश्यक पर्ने कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खेलकुद र शैक्षिक सामग्री, सोलार, विद्यालय बस, फर्निचरलगायतका सामग्रीसमेत उपलब्ध गराइएको छ।

पक्की भवनको पहिलो तलालाई पूरै हलका रूपमा व्यवस्थापन गरिएको छ भने दोस्रो र तेस्रो हलमा तीन/तीनवटा फराकिला कोठाहरू निर्माण गरिएका छन्। विद्यालय हस्तान्तरण कार्यक्रममा एसओएस बालग्रामका एसओएस इन्टरनेसनलका अध्यक्ष सिद्धार्थ कौल तथा जर्मन एसओएसका अध्यक्ष फोवार्डले विद्यालयका अध्यक्ष रामचन्द्र सापकोटा र प्रिन्सिपल रामचन्द्र केसीलाई भवनको साँचो हस्तान्तरण गरेका हुन्।

३ सय २५ जना विद्यार्थी अध्ययनरत शान्ति निकेतन माविमा रहेको अर्को भवन पनि भूकम्पले क्षति पुर्‍याएको थियो। सो भवन पनि रेट्रोफिटिङ गरेर बस्न योग्य बनाइएको प्रिन्सिपल रामचन्द्र केसीले जनाएका छन्। एसओएस बालग्रामका सल्लाहकार शंकर प्रधानाङ्गका अनुसार ग्रामीण क्षेत्रका बालबालिकालाई पनि शिक्षा र चेतनाको पहुँच विस्तार गर्ने लक्ष्यअनुसार नै विद्यालय भवन निर्माणमा सहयोग गरिएको हो।

# माइक्रोबस दुर्घटनामा दुईको मृत्यु

भद्रपुर, (नेस)

झापाबाट काठमाडौं जाँदै गरेको माइक्रोबस मोरङमा दुर्घटना हुँदा झापाका दुई जनाको ज्यान गएको छ।

सोमबार बिहान मोरङको सुन्दरहरैचा-७ ठडिया चोकमा बा४ख ६९१९ नम्बरको माइक्रो बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

दुर्घटनामा अन्य १० यात्रु घाइते भएका छन्। माइक्रो बसमा सवार झापा भद्रपुर-१५ की ५१ वर्षीया उमा निरौला र सोही ठाउँका श्याम कार्कीको उपचारका लागि विराटनगरतर्फ लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको झापाका डीएसपी जितेन्द्रकुमार बस्नेतले जनाए।

## सहमतिमा...

मनोनित पदाधिकारीलाई निर्वाचित केन्द्रीय सदस्यहरूको बैठकले अनुमोदन गर्नुपर्छ। सहमतिमा पदाधिकारी मनोनित हुन नसकेमा खुमबहादुर खड्का पक्षधरका केन्द्रीय सदस्यहरूको समर्थन भएपछि सभापति देउवालाई मनोनित पदाधिकारी अनुमोदन गराउन सजिलो हुनेछ। निर्वाचित केन्द्रीय समितिमा देउवा पक्षको बहुमत भएपछि पौडेल पक्षले विधानको कुरा उठाएर विरोध गर्दै आएका थिए।

‘विधानमा दुई महिनाभित्र पदाधिकारी मनोनित गर्ने उल्लेख छ, दुई वर्षपछि गरिएको मनोनितलाई मानिँदैन।’ -यसअघि केन्द्रीय सदस्य डा. शेखर कोइरालाले भन्नुभएको थियो।



# अर्थ

साञ्जेन जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले मुख्य सिभिल संरचना निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी कमजोर रहेकाले काम प्रभावित भइरहेको बताउनुभयो।

# निर्धारित मितिमै आयोजना पूरा गर्न ऊर्जामन्त्रीको दबाब

**नेपाल समाचारपत्र**

काठमाडौं

एक वर्षभित्रै निर्माण सम्पन्न गर्ने गरी नेपाल विद्युत प्राधिकरण र चिलिमे जलविद्युत् कम्पनीको अगुवाईमा रसुवा र नुवाकोटमा २२८ दशमलव ३ मेगावाट क्षमताका आयोजनाको निर्माण तीव्र पारिएको छ। नेपाल विद्युत प्राधिकरणले ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए' र चिलिमेको मुख्य प्रवर्द्धकत्वमा १११ मेगावाटको रसुवागढी, १४ दशमलव ८ मेगावाटको माथिल्लो साञ्जेन तथा ४२ दशमलव ५ मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाको निर्माण तीव्र पारिएको हो।

भूकम्प, बाढीपहिरो र नाकाबन्दीका कारण सबै आयोजनाको निर्माण प्रभावित भएको थियो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन, सचिव अनुपकुमार उपाध्याय, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले स्थलगत निरीक्षण गरी निर्माणाधीन आयोजनाको काम तोकिएको समयभन्दा अगाडि नै सम्पन्न गर्न निर्देशन दिएको छ। टोलीले यसका लागि आवश्यक सहयोग गर्ने विश्वास दिलाएको छ भने ठेकेदार कम्पनीहरूले पनि तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन्।

टोलीले आयोजना, परामर्शदाता, ठेकेदार कम्पनीसाग आयोजनास्थलमै निर्माणमा देखिएका समस्या र समाधानका उपायका बारेमा छलफल गरेको थियो। मन्त्री पुनले भूकम्पछि तयार गरिएको नयाा समय तालिकामा आयोजनाको निर्माण जुनसुकै अवस्थामा पनि सक्न निर्देशन दिनुभयो।

'सबै आयोजनामा तोकिएकै समयमा निर्माण सकिन्छ तर यसका लागि यस्तो त्यस्तो हुनुपर्छ भन्ने गरेको पाइन्छ', उहाले भन्नुभयो-'अब तर भन्न पाइँदैन, आयोजनास्थलका समस्या यही समाधान गर्नु होस्, मन्त्रालय तहबाट समाधान गर्नुपर्ने समस्या भए भन्नुहोस् त्यसलाई तत्काल समाधान गर्न हाम्रो टिम सधैं तयार छ, तालिका अनुसार नै काम सकी नमुना आयोजनाको रूपमा अगाडि बढाऔं।'



नेपाल सरकार, प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलितपूर्ण ऋणमा बनिरहेको माथिल्लो त्रिशूली ३ 'ए'को निर्माण वैशाख २०७६ (३० अप्रिल २०१९) भित्र सक्ने लक्ष्य राखिएको छ। आयोजनाले निर्माण गरिरहेको त्रिशूली ३ 'ए' मातातीर्थ २२० केभी प्रसारण लाइनको एक सय ४२ वटा टावरमध्ये स्थानीयको अवरोधका कारण पााच टावरको काम नै शुरू गर्न नसकिएको आयोजना प्रमुख फणिन्द्रराज जोशीले बताउनुभयो। लागत सय समय बढ्न नदिन इन्जिनियरिङ, खरिद र निर्माण (इपीसी) मोडलमा सिभिल विद्युत्गृह, बाँध, सुरुङलगायतका संरचना र इलेक्ट्रोमेकानिकल तथा हाइड्रो मेकानिकलको काम गर्न चाइना गेजुवा ग्रुप अफ कम्पनीज (सीजीजीसी)लाई जिम्मा दिइरहेको छ। समयमा निर्माणस्थल दिन नसक्दा, विद्युत् गृह भूमिगत बनाउने या सतही बनाउने विवाद, क्षमता बढाउने निर्णय, भूकम्पलगायतका कारणले आयोजनाको निर्माण ढिलाइ भएको थियो। अहिले ठेकेदार कम्पनीको काम विगतमाभन्दा सन्तोषजनक रहेको र तोकिएकको समय अगावै सक्ने गरी काम भइरहेको जोशीले बताउनुभयो।

रसुवागढीको समग्र निर्माण प्रगति ६० प्रतिशत छ। आयोजनाले २०७६ साल पुस १५ देखि विद्युत् उत्पादन शुरू गर्ने लक्ष्य राखेको छ। आयोजनाका विद्युत् जोड्नका लागि चिलिमे हब-त्रिशूली ३ 'बी' प्रसारणलाइन हबको निर्माण हुनुपर्छ। रसुवागढी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत माधव कोइरालाले प्रसारणलाइन अभावमा विद्युत् खेर आउन नदिन सबै सरोकारवाला निकाय गम्भीर बन्नुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले परामर्शदाता र ठेकेदार कम्पनीलाई विदेशी मुद्रा भुक्तानीका लागि सटही प्रक्रिया ज्यादै झन्झटिलो रहेकाले यसलाई सहज बनाइदिन आग्रह गर्नुभयो।

माथिल्लो साञ्जेन र साञ्जेनको समग्र प्रगति क्रमशः ७० र ६० प्रतिशत छ। साञ्जेन जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले मुख्य सिभिल संरचना निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी कमजोर रहेकाले काम प्रभावित भइरहेको बताउनुभयो। प्रसारणलाइनको निर्माण गर्न सरकारी जग्गा र वन क्षेत्रको रुख काट्ने स्वीकृतिका लागि सरकारी प्रक्रिया अत्यन्त झण्झटिलो रहेको उहाले जानकारी गराउनुभयो। आयोजनाले विद्युत् गृहबाट चिलिमे हबसम्म १३२ केभीको ७ किलोमिटर प्रसारणलाइन बनाउनुपर्छ।

माथिल्लो साञ्जेनबाट अप्रिल २०१९ बाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ। साञ्जेनको भने नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने चिलिमे हब-त्रिशूली ३ 'बी' २२० केभी प्रसारण लाइनसाग समन्वय गरी काम अगाडि बढ्नुपर्ने रहेकाले उक्त प्रसारणलाइन निर्माण हुने अवधि जुन–जुलाई २०१९ सम्म यस आयोजनाको पनि निर्माण कार्य सक्ने गरी निर्माण कार्य अगाडि बढाइएको आयोजनाले जनाएको छ।

## हिमाल आरोहणका लागि करिब ८ सयलाई स्वीकृति

काठमाडौं, (नेस)

यस वर्ष हिमाल आरोहणका निम्ति अँइतबारसम्म ६८ समूहले अनुमति लिएका छन्। सगरमाथाको लागि भने ४ नेपाली टोलीसहित ३४ टोलीले अनुमति लिएका छन्। सबै हिमालको लागि भने ७ सय ६२ जनाले आरोही समूहले अनुमति लिएको पर्यटन विभागले जनाएको छ।

पर्यटन विभागका अनुसार सगरमाथा आरोहणको लागि ३ सय २७ जनाले अनुमति लिएका छन्। त्यस्तै लोत्से हिमालको लागि १० समूहसहित १ सय ७ जनाले अनुमति लिएका छन् भने ७ समूहसहित ४६ जनाले अमादब्लम हिमाल आरोहणको लागि अनुमति लिएका छन्।

त्यस्तै ६ समूहसहित ४४ आरोहीले कन्चनजंगा हिमाल आरोहणको लागि अनुमति लिएका छन्।

मुस्ताङ हिमाल आरोहणको लागि ३ समूह सहित ४० जनाले अनुमति लिएको विभागले जनाएका छ।

सगरमाथासहित लोत्से, धौलागिरि, मकालु, अन्नपूर्ण, धम्पुस कन्चनजंगा, अमादब्लम हिमालको आरोहण गर्नेको लागि अनुमति लिने क्रम जारी रहेको विभागले जनाएको छ। पर्यटन विभागका अनुसार गत वर्ष हिमालको आरोहणका लागि ८ सय ४० जनाले अनुमति लिएका थिए। यीमध्ये ६ जनाको आरोहणका क्रममा मृत्यु भएको थियो।

अनुमति लिएकामध्ये ४ सय ४६ जनाले सगरमाथाको आरेहण गरेका थिए। जसमा एक सय ६२ विदेशी र २ सय ५७ नेपाली रहेका थिए । त्यस्तै लोत्से हिमालमा ५६ विदेशी र ३६ नेपाली गरी ६५ जनाले आरोहण गरेका थिए भने धौलागिरीमा ३२ विदेशी र २७ नेपालीसहित ५६ जनाले आरोहण गरेका थिए।

# अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेलाको आज अन्तिम दिन

**नेपाल समाचारपत्र**

काठमाडौं

राजधानीमा जारी १४औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव-२०७५ मा सोमबारसम्म प्रत्यक्ष अप्रत्यक्ष झण्डै १० करोड रुपियाँबराबरको कारोबार भएको छ। सोमबारसम्म मेलामा एक लाख ४० हजार अवलोकनकर्ताले अवलोकन गरेका छन्। मेलामा सोमबार मात्रै तीन करोड रुपियाँको कारोबार भएको छ।

नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा शुक्रबारदेखि राजधानीको प्रदर्शनीमार्गीस्थित भृकुटीमण्डप परिसरमा शुरू भएको थियो। सोमबार मेलामा पूर्वमन्त्री अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्य, उपमेयर हरीप्रभा खड्गलगायतले अवलोकन गर्न पुगेका थिए।




आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने उद्देश्यका साथ मंगलबारसम्म चल्ने प्रदर्शनीको मुख्य नारा 'नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं' र 'उद्योग गरौं, उद्यमी बनौं, उठाऔं नेपाल' भन्ने रहेको छ। स्वाधीन र समृद्ध अर्थतन्त्र निर्माणको अभियान सञ्चालन गर्ने उद्घोषका साथ हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन र यस पश्चात गठन हुने केन्द्र र प्रदेश सरकारको मुख्य कार्य मुलुकको समृद्धितर्फ केन्द्रित हुनुपर्ने परिप्रेक्ष्यमा मुलुकभरका झण्डै तीन लाख लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रदर्शनीमार्फत प्रतिबिम्बित गरिएको महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले बताउनुभयो।

तुलनात्मक लाभका क्षेत्रमा रहेका उद्योगहरूको उत्पादनको प्रदर्शनी र व्यापार प्रवर्द्धन समेत गरिने प्रदर्शनीले मुलुकको औद्योगिकरणको वर्तमान अवस्थालाई उजागर गर्न नेपालमा सञ्चालित लघु, घरेलु तथा साना उद्योग लगायत सबै खाले उद्योगको उत्पादनलाई समावेश गरी बीटुबी, बीटुसी, बीटुजी जस्ता अन्तरक्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव आदि-आदि कार्यक्रम प्रदर्शनीका थप आकर्षणका रूपमा रहने मेला संयोजक मोहन कटवालले बताउनुभयो।

प्रदर्शनीमा नेपालका ७५ वटै जिल्लाका उद्यमीहरू, उपयुक्त प्रविधि प्रयोगकर्ताहरू र भारत, पाकिस्तान, बंगलादेश लगायत सार्क मुलुक तथा चीनको सहभागिता रहेको छ। २५० वटा स्टलको व्यवस्था रहेको सो प्रदर्शनीमा दुई लाख भन्दा बढी अवलोकनकर्ताहरूले मेलाको अवलोकन गर्ने र सात करोडभन्दा बढीको प्रत्यक्ष र १० करोड बराबरको अप्रत्यक्ष कारोबार हुने प्रक्षेपण महासंघले गरेको छ।

## विनिमय दर

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

२०७५ वैशाख १८, मे १, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०६।३६ | १०६।९६ |
| युरो १ को रू. | १२८।७९ | १२९।५१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४६।०५ | १४६।८७ |
| स्विस फ्रन्क १ को रू. | १०७।५९ | १०८।१९ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।३३ | ८०।७८ |
| क्यानाडियन डलर १ को रू. | ८२।७३ | ८३।२० |
| सिङ्गापुर डलर १ को रू. | ८०।३१ | ८०।७६ |
| जापानी यन १० को रू. | ९।७३ | ९।७९ |
| चिनियाँ युआन १ को रू. | १६।७९ | १६।८९ |
| साउदी अरब रियाल १ को रू. | २८।३६ | २८।५२ |
| कतारी रियाल १ को रू. | २९।२१ | २९।३८ |
| थाई भाट १ को रू. | ३।३७ | ३।३९ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।९६ | २९।१२ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१३ | २७।२८ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९५ | १०।०० |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२६ |
| डेनिस क्रानर १ का रू. | १७।२८ |
| हङकङ डलर १ का रू. | १३।५५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

HOME APPLIANCES को
अधिकतम बिक्री मूल्य
अधिराज्यभर
तपसिल

| सि. नं. | मालवस्तुको विवरण | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्यMRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGRATOR | SKY-WORTH | SRM-395CB | 395 LTRS | CHINA | 1 | 39788 | 80100 | |
| 2 | REFRIGRATOR | SKY-WORTH | SRD-495WT | 410 LTRS | CHINA | 1 | 30150 | 60700 | |
| 3 | REFRIGRATOR | SKY-WORTH | SRM-430CB | 395 LTRS | CHINA | 1 | 39600 | 80100 | |
| 4 | REFRIGRATOR | SKY-WORTH | SRS-50DT | 46 LTRS | CHINA | 1 | 5605 | 11400 | |
| 5 | REFRIGRATOR | SKY-WORTH | SRS-130DT | 130 LTRS | CHINA | 1 | 12079 | 24500 | |
| 6 | WASHING MACHINE | SKY-WORTH | F70215U | 7 KG | CHINA | 1 | 18239 | 46000 | |
| 7 | WASHING MACHINE | SKY-WORTH | F60118U | 6 KG | CHINA | 1 | 14951 | 37100 | |
| 8 | WASHING MACHINE | SKY-WORTH | F70218U | 7 KG | CHINA | 1 | 17052 | 42300 | |
| 9 | WASHING MACHINE | SKY-WORTH | F80218U | 8 KG | CHINA | 1 | 18905 | 46900 | |

बिक्रेताको नाम : SMART APPLIANCES PVT LTD    स्थायी लेखा :600821265
ठेगाना : SANOGAUCHARAN,    फोन नं.:014443738




"पागल"

| DATE | ASSOCIATIES | PROGRAM | DAY / TIME |
|---|---|---|---|
| 8th May | Kiran Tuladhar [Arranger & Recordist] | Panauti Kaka | Tue [7-8 PM] |
| 10th May | Arjun Kumar Dongol [Vocal, Lyrics & Music] | Fresh Hits | Thurs [7-8 PM] |

FROM 1ST MAY 2018
TUESDAY (12-1pm) @ TIMES FM 90. 6 MHz
for exclusive talks with the entire team.
90.6 Only tune on times FM 90·6 MHz 'u deserve better'

भन्सार महशुलमा वृद्धि भए पनि चिनीको मूल्यमा वृद्धि नहुने दाबी सरकारी पक्षले गरेको थियो। तर सरकारी दाबीका विपरीत चिनीको मूल्यवृद्धि शुरू भइसकेको छ।

# ६५ मेट्रिक टन चिनी गोदाममा थन्कियो

नेपाल समाचारपत्र

विराटनगर

अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्यमा अत्याधिक गिरावट आएपछि विराटनगरस्थित साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा करिब १ हजार ३ सय बोरा अर्थात ६५ मेट्रिक टन चिनी थन्किएर बसेको छ। चिनीको मूल्य प्रतिकिलो ८२ रुपियाँ राखेका कारण साल्ट ट्रेडिङको चिनी बिक्री नभएको हो।

उक्त चिनी भारतबाट दशैं अगाडि एक प्रतिशत भन्सार तिरेर ल्याइएको थियो। एक प्रतिशत भन्सार तिरेर ल्याउँदा पनि अहिलेसम्म करिब २ सय बोरा चिनी मात्र बिक्री भएको साल्ट ट्रेडिङका कर्मचारीले जानकारी दिएका छन्।

दशैंको बेला दशैं सहुलियत भन्दै ५ रुपियाँ प्रतिकिलो सस्तो गरी ७७ रुपियाँमा बिक्री गर्न खोज्दा पनि चिनी बिक्री नभएको साल्ट ट्रेडिङ कर्पोरेसन विराटनगरले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्य अहिले घटेर ३ सय २० डलर प्रतिमेट्रिक टन पुगिसकेको छ। यस हिसाबले पनि साल्ट ट्रेड्रिङ कर्पोरेसनको चिनी बिक्री हुने सम्भावना अत्यन्त न्यून छ। सरकारले भने साल्ट ट्रेडिङ र नेपालका चिनी मिलको चिनी बिक्री नभएको भन्दै भन्सार महशुल १५ प्रतिशतबाट बढाएर ३० प्रतिशत पुऱ्याएको छ।

चैत १ गतेयता विराटनगर भन्सार नाका भएर पाकिस्तानबाट करिब १० हजार ७ सय ४४ मेट्रिक टन सस्तोको चिनी आयात भएको छ।

यसैबीच कारोबार मूल्यमा भन्सार महशुल तिर्न पाउनुपर्ने माग गर्दै आयातकर्ताले भन्सार यार्डको गोदाममा चिनी थन्क्याएका छन्। विराटनगर भन्सारका अधिकृत फणिन्द्र खतिवडाले १० कन्टेनर चिनी यार्डमा थन्क्याइएको पुष्टि गर्नुभयो। हाल थन्क्याइएको १० कन्टेनर चिनी व्यवसायी दिनेश राठीको हो। भन्सार बिन्दूमा चिनीको कारोबार मूल्यमा भन्सार महशुल तिर्न नपाए चिनी छुटाएर नल्याउने व्यापारीले चेतावनी दिएका छन्। विराटनगर नाकाबाट अब चिनी छुट्न नसक्ने दाबी गर्दै उनीहरूले सरकारले जबर्जस्ती कायम गरेको चिनीको भन्सार मूल्य तुरुन्त सच्याउन आग्रह गरेका छन्। चिनीमा लाग्ने भन्सार महशुललाई सरकारले गत हप्ता दोब्बर वृद्धि गर्दै ३० प्रतिशत बनाएको थियो।

चिनी उत्पादक संघले गत भदौ महिनादेखि नै चिनीको भन्सार महशुल ५० प्रतिशत गर्नुपर्ने माग गर्दै आएको थियो। सरकारले चिनी उद्योगलाई संरक्षण गर्नुपर्ने तर्क दिँदै भन्सार महशुल र मूल्यांकनमा वृद्धि गरेको हो।

युवराज खतिवडा अर्थमन्त्री भएपछि सरकारले भन्सार प्रयोजनका लागि चिनीको सन्दर्भ मूल्य सूची प्रतिटन ४ सय ६० अमेरिकी डलर कायम गरेको छ। तर, पैठारी भइरहेको चिनी प्रतिटन ३ सय २० देखि ३ सय ६० डलरसम्म परेको व्यवसायीको दाबी छ। विराटनगर भन्सार एजेन्ट संघका अध्यक्ष बिजेन्द्र परासरका अनुसार विराटनगर भन्सारमा अबको दुई हप्ताभित्र कम्तीमा १ सय ५० कन्टेनर चिनी आउनेवाला छ। यो चिनी व्यवसायीले छुटाएनन् र यार्डको गोदाममै राखे भने ठूलो जटिलता उत्पन्न हुनसक्नेछ।

> युवराज खतिवडा अर्थमन्त्री भएपछि सरकारले भन्सार प्रयोजनका लागि चिनीको सन्दर्भ मूल्य सूची प्रतिटन ४ सय ६० अमेरिकी डलर कायम गरेको छ। तर, पैठारी भइरहेको चिनी प्रतिटन ३ सय २० देखि ३ सय ६० डलरसम्म परेको व्यवसायीको दाबी छ। विराटनगर भन्सार एजेन्ट संघका अध्यक्ष बिजेन्द्र परासरका अनुसार विराटनगर भन्सारमा अबको दुई हप्ताभित्र कम्तीमा १ सय ५० कन्टेनर चिनी आउनेवाला छ।

सरकारले चिनीको भन्सार महशुललाई दोब्बर बढाएपछि महासंघका केन्द्रीय सदस्य अविनाश बोहराको नेतृत्वमा विराटनगरका व्यवसायीहरू विराटनगर भन्सार कार्यालय पुगेका थिए। व्यवसायीले चिनीको कारोबार मूल्य प्रतिटन ३ सय २० देखि ३ सय ६० अमेरिकी डलर रहेको जानकारी दिँदै भन्सार प्रयोजनका लागि परल मूल्य कायम गरिदिन आग्रह गरेका थिए। 'तर भन्सार कार्यालयबाट सकारात्मक उत्तर नपाएपछि उनीहरूले चिनी नछुटाउने र भन्सारको गोदाममै थन्क्याइदिने निर्णय गरेका छन्।

चिनीको भन्सार महशुलमा वृद्धि भएको एक सातापछि विराटनगरमा चिनीको खुद्रा मूल्य प्रतिकिलोग्राम २ देखि ४ रुपियाँले वृद्धि भएको छ। केही पसलले खुद्रा प्रतिकिलोग्राम ६८ मा बिक्री गरिरहेकामा अहिले ७० रुपियाँ बनाएका छन्। कुनै-कुनै पसलमा ७२ रुपियाँसम्म पुगेको छ। भन्सार महशुलमा वृद्धि भए पनि चिनीको मूल्यमा वृद्धि नहुने दाबी सरकारी पक्षले गरेको थियो। तर सरकारी दाबीका विपरीत चिनीको मूल्यवृद्धि शुरू भइसकेको छ।




परिश्रम : राजधानीमा फुटपाथमा जुत्ता चप्पल सिलाउने र पालिस गर्न व्यस्त मजदूर। तस्वीर : मोनिका मल्ल /काठमाडौं

## PRESS RELEASE

### एचएच बजाजको डिस्कभर १२५ सीसीको नयाँ अवतार

काठमाडौं, (नेस)




बजाजको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले बजाज डिस्कभर १२५ सीसीको नयाँ अवतार नेपाली बजारमा ल्याएको छ। डिस्कभर १२५ सीसीको विधामा बजारमा उपलब्ध अन्य बाइकहरूभन्दा पृथक रहेको कम्पनीको दाबी छ। यस बाइकको लन्च जनकपुरको जानकी मन्दिरको प्रांगणमा यही वैशाख १५ गते गरिएको थियो। जहाँ विभिन्न कलाकारको रमाइलो प्रस्तुतिले कार्यक्रमलाई झनै रमाइलो बनाएको थियो।

कम्पनीले जनकपुरको जानकी मन्दिरको संरचनात्मक विकासको लागि २ लाख ५१ हजार योगदान पनि गरेको थियो।

यस लन्चका बारेमा टिप्पणी गर्दै एचएच बजाजका कार्यकारी निर्देशक शेखर गोल्छाले भन्नुभयो-'यो नयाँ डिस्कभर १२५ सीसीका को लन्चका साथ चालकले डिस्कभरको नयाँ अवतारको अनुभव गर्नेछन्। नयाँ आकर्षक डिजाइन, आकर्षक टेल लाइटलगायतका कुराले यस बाइक नयाँ अवतार दिन सफल भएको छ। नयाँ डिस्कभर १२५ सीसीको यो नयाँ अवतारले ग्राहकहरूको मन अवश्य जित्ने कुरामा हामी विश्वस्त छौं।'

नयाँ डिस्कभर १२५ सीसीको अधिकतम बजार मूल्य १ लाख ९२ हजा। ९ सय रुपियाँ डिस्क र रु. १ लाख ८३ हजार ९ सय रुपियाँ ड्रिमनिर्धारण गरिएको छ भने यो कालो, रातो र नीलो रंगमा उपलब्ध हुने कम्पनीले जनाएका छ।

### चेम्बर र इन्डियन इन्डष्ट्रिज एसोसिएसनबीच सम्झौता

काठमाडौं, (नेस)

नेपाल चेम्बर अफ कमर्स र इन्डियन इन्डष्ट्रिज एसोसिएसनबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीपत्रमा नेपाल चेम्बरको तर्फबाट अध्यक्ष राजेश काजी श्रेष्ठ र इन्डियन इन्डष्ट्रिज एसोसिएसनको तर्फबाट अध्यक्ष सुनिल बैशले हस्ताक्षर गर्नुभयो।

समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा नेपाल चेम्बरका अध्यक्ष श्रेष्ठले नेपालमा लगानीको वातावरण वनेकाले लगानी गर्नका लागि आह्वान गर्नुभयो। स्थिर सरकार बनेको, लामो समयदेखिको लोडसेडिङ अन्त्यलगायतका कारण नेपालमा लगानीको वातावरण तयार रहेको बताउँदै उहाँले सम्झदारीपत्रमा भएको हस्ताक्षरपछि दुवै देशको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

इन्डियन इन्डष्ट्रिज एसोसिएसनका अध्यक्ष सुनीलले सम्झदारीपत्रमा भएको हस्ताक्षर उपादेयतापूर्ण रहने विश्वास व्यक्त गर्नुभयो।

### स्मार्ट टेलिकमले पोखरामा शाखा खोल्यो

काठमाडौं, (नेस)

स्मार्ट टेलिकमले पोखराको न्युरोडस्थित अरविन्द कमप्लेक्समा आफ्नो आधिकारिक स्मार्ट सेन्टरको प्रारम्भ गरेको छ।

स्मार्ट सेन्टरबाट उपभोक्तालाई प्रभावकारी सेवा उपलब्ध हुने तथा स्मार्टका उत्पादन तथा सेवाको जानकारी सहजै प्राप्त हुने कुरा स्मार्ट



टेलिकमले उल्लेख गरेको छ। सेन्टरबाट पोखरा तथा आसपासका ग्राहकका सम्पूर्ण आवश्यकता एवम् जिज्ञासालाई सहज एवम् सुलभ तरिकाबाट समाधान गरिने कम्पनीले जनाएको छ।

स्मार्ट सेलको नयाँ सेन्टरको उद्घाटन कम्पनीका सीसीओ (प्रमुख वाणिज्य अधिकृत) राजीव कुमारले गर्नुभएको थियो। ग्राहकको लागि सुलभ एवं गुणस्तरीय सेवा प्रदान गर्ने यस सेन्टरको उद्देश्य रहेको कुरा उहाँले उद्घाटन कार्यक्रममा उल्लेख गर्नुभयो।

यसअघि स्मार्ट सेलले कुमारी पाटी, पुतलीसडक तथा भक्तपुरमा पनि आफ्नो सेन्टरको स्थापना गरिसकेको छ भने आगामी दिनमा नेपालका अन्य प्रमुख शहरहरूमा पनि स्मार्ट सेन्टर स्थापना गर्ने जानकारी गरेको छ।

### सिद्धार्थ सिमेन्ट बिक्रेता भेला

काठमाडौं, (नेस)




सिद्धार्थ सिमेन्टले चितवनमा बिक्रेता भेलाको आयोजना गरेको छ। उक्त कार्यक्रमलाई सम्बोन्धन गर्दै कम्पनीका प्रबन्ध निर्देशक रोहित अग्रवालले सिमेन्ट उत्पादन प्रविधि र योसँग जोडिएको चुनौतीबारे जानकारी दिनुभयो।

त्यसैगरी कम्पनीका क्षेत्रीय बजार व्यवस्थापक सुमन पौडेल एवम् नेसनल सेल्स म्यानेजर विकासकुमार झाले छुट्टाछुट्टै रूपमा सिद्धार्थ सिमेन्टको बारे मन्तव्य व्यक्त गर्नुभयो।

भेला कार्यक्रममा बिक्रेताहरूको प्रतिनिधित्व गर्दै लालबहादुर रानाले आफ्नो विचार व्यक्त गर्नु भएको थियो।

यस भेलामा चितवन, नवलपरासी र मकवानपुरका १२५ जनाभन्दा बढी बिक्रेताहरूको सहभागी थिए। भेला चितवनको एक रिसोर्टमा आयोजना गरिएको थियो। सिद्धार्थ सिमेन्टले यस भेलामार्फत् बिक्रेताहरूसँगको सम्बन्धलाई अझै बढी व्यावसायिक एवम् सदृढ बनाउन सफल भएको छ।

### एनआईसी एसिया बैंकको कीर्तिपुरमा शाखारहित बैंकिङ सेवा

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले छैठो शाखारहित बैंकिङ सेवा कीर्तिपुर नगरपालिकाको भत्केपाटीबाट सञ्चालनमा ल्याएको छ।

सो शाखारहित बैंकिङ सेवाको उद्घाटन कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले गर्नुभयो। उक्त शाखारहित बैंकिङ सेवा सञ्चालनको लागि बैंकले प्रतिनिधिको रूपमा गोविन्द अधिकारीलाई नियुक्त गरेको छ।

शाखारहित बैंकिङ सेवाबाट मुलुकका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले आफ्नो गाउँमै स्थानीय प्रतिनिधिमार्फत्बाट बैंकिङ सेवा लिन सक्नेछन्। साथै सो सेवाबाट बैंकिङ कारोबारको लागि स्थानीय बासिन्दालाई लामो दूरीसम्म हिड्नुपर्ने बाध्यताको अन्त्य तथा ग्रामीण र दुर्गम क्षेत्रहरूमा बैंकिङ बानीको विकास हुने विश्वास बैंकले लिएको छ। यस्तो सेवाबाट स्थानीय बासिन्दाले विभिन्न निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, मोबाइल रिचार्ज गर्न, उपयोगी सेवा (जस्तैः टेलिफोन, मोबाइल, एडीएसएल, डिस होम) महशुल भुक्तानी गर्ने, स्वीकृत सीमाभित्र रहि कर्जा कारोबार गर्ने, कर्जाको सावा तथा ब्याज भुक्तानी गर्न सक्ने, खातामा रहेको रकमको जानकारी र संक्षिप्त बैंक स्टेटमेन्ट प्राप्त गर्न सकिनेछन्।

बैंकले मुलुकभर १९६ शाखा, १९८ एटीएम, ५ वटा एक्स्टेन्सन काउन्टर एवम् ६ वटा शाखारहित बैंकिङमार्फत् बैंकिङ सेवा प्रदान आएको छ। बैंकको वासलातको आकार १५७ अर्बभन्दा बढी पुगेको छ भने बैंकको कुल कर्जा करिब १०९ अर्ब र कुल निक्षेप करिब १३४ अर्ब पुगिसकेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# वर्षको पहिलो उपाधि थ्री स्टारलाई




गणेश घिमिरे, इलाम

सूर्योदयको जिल्ला इलामबाट थ्री स्टार क्लबले वर्षको शुरुआतमा भएको पहिलो गोल्डकप प्रतियोगिताको उपाधि उचालेको छ।

इलाममा सोमबार सम्पन्न माईभ्याली गोल्डकप फुटबलको फाइनलमा मनाङमर्स्याङ्दी क्लबमाथि १-० गोलको संघर्षपूर्ण जित निकाल्दै ललितपुरे क्लबले उपाधि जितेको हो। निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि १५ मिनेट थपिएको अतिरिक्त समयको तेस्रो मिनेटमा सुनील बलले गोल गरेका थिए, जुन गोल निर्णायक भएपछि थ्रीस्टारले बाजी मार्‍यो। विमल घर्तीमगरको क्रसलाई सुनीलले सदुपयोग गरेका थिए।

विजेता टोली थ्री स्टारले नगद ५ लाख र उपविजेता बनेको मनाङमर्स्याङ्दीले ३ लाख रुपियाँमा चित्त बुझाएको छ। गएको सिजनमा मनाङ र थ्री स्टारबीच ५ पटकको भेटमा थ्री स्टारले नै जित हात पारेको थियो। प्रतियोगितामा मनाङका कप्तान विराज महर्जन प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भए। उनले १ सय ५० सिसीको यमाहा मोटरसाइकल प्राप्त गरे।

यसैगरी उत्कृष्ट गोलरक्षक, डिफेन्स, मिडफिल्ड, स्ट्राइकर र उत्कृष्ट प्रशिक्षक थ्री स्टारका क्रमशः एलन न्यौपाने, पिटर सेगुन, सुनील, अजय मार्टिन र मेघराज केसी घोषित भए। उनीहरूले नगद १५/१५ हजार रुपियाँ प्राप्त गरेका थिए। प्रतियोगितामा उदीयमान खेलाडी आयोजक माईभ्याली फुटबल क्लबका दर्शन गुरुङ घोषित भए। उनले पनि नगद १५ हजार रुपियाँ पाएका थिए।

## टेटेमा प्रहरीका ३ खेलाडी छनोट

काठमाडौं, (नेस)

इन्डोनेसियामा हुने आसन्न १८औं एसियाली खेलकुदमा सहभागी हुने टेबलटेनिस खेलाडी छनोट हुनेमा नेपाल प्रहरी क्लबका सर्वाधिक ३ खेलाडी रहेका छन्।

सोमबार छनोट भएकोमा अखिल पुरुष र महिलामा समान ३/३ खेलाडी छनोट भएका हुन्। छनोट भएका सबै खेलाडी विभागीय टोलीका हुन्। प्रहरीका पुरुषमा राष्ट्रिय च्याम्पियन श्यान्टु श्रेष्ठ र पूर्व राष्ट्रिय च्याम्पियन दीप साउन तथा महिलामा लगातार सात पटककी राष्ट्रिय च्याम्पियन नवीता श्रेष्ठ छनोट भएका छन्। आर्मीबाट महिलामा स्वेच्छा नेम्वाङ र रविना महर्जन छानिए। बाँकी एक पुरुष खेलाडीमा एपीएफबाट अमरलाल मल्लले एसियाड यात्रा पक्का गरे।

लिगको पुरुषमा श्यान्टु, दीप र अमरले क्रमशः शीर्ष तीन स्थान हात पारे। त्यस्तै महिलामा नवीता, स्वेच्छा र रविना पहिलोदेखि तेस्रो बने। दीप, अमर, नवीता र रविनाले एसियाडको अघिल्लो संस्करण पनि खेलेका थिए।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको तीनदिने छनोटमा समान १४/१४ पुरुष/महिला खेलाडी सहभागी थिए। राउन्ड रोबिन लिगका आधारमा भएको प्रतिस्पर्धामा शीर्ष तीन स्थान हात पार्ने खेलाडी छनोट भएका हुन्।

## नुवाकोट गोल्डकप फुटबलको तयारी

नुवाकोट, (नेस)

नुवाकोटमा आगामी महिना हुने प्रथम नुवाकोट गोल्डकपका लागि अहिले मैदान निर्माणलाई तीव्र पारिएको छ।

नुवाकोटमा नै पोहिलोपल्ट आयोजना हुन लागेको सर्वाधिक पुरस्कारको यस फुटबल प्रतियोगिताको सफलतालाई नुवाकोटको इज्जतसँग गाँसेर हेरिएको हुनाले यति बेला जिल्ला खेलकुद विकास समिति र नुवाकोट फुटबल संघको नेतृत्व नै मैदानमा दुबो रोप्न उत्रिएका छन्।

राम्रो मैदान र सफल आयोजनाले जिल्लाको नाम राख्ने भन्दै गोल्डकपलाई सफल पार्न जिल्ला खेलकुद विकास समिति, जिल्ला फुटबल संघ, नेपाली सेना र विभिन्न क्लबका प्रतिनिधिहरू मैदान व्यवस्थित बनाउन लागिपरेका छन्। ए डिभिजनका थ्री स्टार, पुलिस गरी विभिन्न १० टिमको सहभागिता रहने आयोजकले बताएको छ।




## धरहरा

### बुद्ध नेपालमा जन्म्या हुन्



२५६२ बुद्धजयन्ती विविध कार्यक्रम गरी देश विदेशमा धुमधाम साथ मनाइएको छ। वृद्धदेखि भर्खर टुकुटुकु हिँड्ने बाल-बच्चाले समेत आ-आफ्नै ढंगमा बुद्ध जयन्ती सुने/बुझे।

धेरै बाक्लो चहल-पहल छ रे भन्ने सुनेपछि धरहराले लुम्बिनीमा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनतर्फ दुरबिन फर्कायो। अनि सम्मेलनका केही सहभागीलाई प्रश्न गर्नसमेत भ्यायो।

**प्रश्न : त्रिपिटकबारे थाहा छ ?**
उत्तर : खै, त्यस्तो त सुन्या छैन।

**प्रश्न : पञ्चशीलबारे केही बताइदिनुस् न ?**
उत्तर : गोल्ड मेडल र अन्य शिल्डचाहिं सुन्या हो।

**प्रश्न : बुद्धका चार आर्यसत्यबारे थाहा छ ?**
उत्तर : अँ, अँ, खस-आर्यबारे त धेरै सुन्या हो।

**प्रश्न : बुद्धले कुन ठाउँमा बुद्धत्व प्राप्त गर्‍या हुन् ?**
उत्तर : पीपलको बोटमुनि।

**प्रश्न : बुद्धको मावली कहाँ हो ?**
उत्तर : ऊ बेलाको कुरा, कन्फ्युज भयो।

**प्रश्न : अरु केही थाहा छ भने भन्नुस् ?**
उत्तर : बुद्ध नेपालमा जन्म्या हुन्।

## तेक्वान्दो संघद्वारा अनाथ आश्रमलाई सामग्री

काठमाडौं, (नेस)

विश्व तेक्वान्दो महासंघ (डब्लटीएफ) र नेपाल तेक्वान्दो संघले तेक्वान्दो केयर्स नेपाल कार्यक्रममार्फत अनाथ आश्रामलाई तेक्वान्दो सामग्री हस्तान्तरण गरेको छ।

सोमबार नेपाल तेक्वान्दो संघमा आयोजित कार्यक्रममा विभिन्न ९ अनाथ आश्रमलाई खेल सामग्री हस्तान्तरण गरिएको छ।

सोमबार नै नेपाल तेक्वान्दो संघका महासचिव दीपराज गुरुङले ९ संस्थालाई खेल सामग्री हस्तान्तरण गरे। संघले कुल ६ लाख बराबरको खेल सामग्री ९ संस्थालाई हस्तान्तरण गरेको हो। उक्त कार्यक्रममार्फत कुल २ सय ९५ बालबालिका तेक्वान्दो खेलबाट लाभान्वित भएको संघले जनाएको छ।

खेल सामग्रीमा चेस्ट कभर, किकिङ प्याड, ग्रोइन गार्ड, सिन गार्ड, फोम गार्ड र हेड गार्ड रहेका छन्। सोही अवसरमा नयाँ समाज नेपालका प्रशिक्षक अर्जुनभक्त राईले संघले अनाथ बालबालिकालाई खेलप्रति बनाएको लगाव निकै सराहनीय रहेको बताए। यसअघि डब्लूटीएफकै सहयोगमा संघले ९ संस्थामा आफ्नै प्रशिक्षकमार्फत प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको थियो।

## प्रतिद्वन्द्वी विदेशिएपछि मनिष च्याम्पियन

नेपाल समाचारपत्र

काठमाडौं




मनिष डंगोल नेपालमा पहिलोपटक आयोजना भएको प्रोफेसनल बक्सिङ इभेन्ट 'च्याम्प अफ दि च्याम्पियन्स (सीओसी)'को च्याम्पियन बनेका छन्।

नेपाल प्रोफेसनल बक्सिङ कमिसनको मातहतमा म्याक्स बक्सिङ प्रोमोसन र डान्सिङ याकको संयुक्त आयोजनामा भएको प्रतियोगिताको फाइनलमा मनिषसँगै सरोज सेवा पुगेका थिए। अर्का फाइनलिस्ट सरोज सेवा पारिवारिक कारण देखाउँदै विदेशिएपछि आयोजकले मनिषलाई विजेता घोषणा गरेको हो। विजेताले फाइनल नखेली बेल्ट जित्दा केही खल्लो लागेको प्रतिक्रिया दिएका थिए। च्याम्पियन बनेसँगै मनिषले बेल्जियममा हुने बक्सिङ फाइट र प्रशिक्षणमा समेत सहभागिता जनाउन पाउने भएका छन्। मनिषलाई डान्सिङ याकका सुजित डंगोलले बेल्ट प्रदान गरे भने नेपाल प्रोफेसनल बक्सिङ कमिसनका कोषाध्यक्ष लालबहादुर महर्जनले २ लाखको चेक हस्तान्तरण गरेका थिए।

यस्तै अन्य संघसंस्थाले च्याम्प अफ च्याम्पियन्स गराउन चाहेमा नेपाल प्रोफेसनल बक्सिङ कमिसनबाट स्वीकृति लिनुपर्ने र उक्त बेल्ट म्याचको विजेतालाई १ लाख रुपियाँ प्रदान गर्नुपर्ने म्याक्स बक्सिङ प्रमोसनका सीईओ म्याक्स बस्नेतले बताए।

## एनआरटीका वरिष्ठ उपाध्यक्ष प्रधानको निधन

काठमाडौं, (नेस)



ए डिभिजन क्लब काठमाडौं खेल मण्डल (एनआरटी)का वरिष्ठ उपाध्यक्ष विनयवर सिंह प्रधानको ५३ वर्षको उमेरमा आइतबार राति निधन भएको छ।

ब्रेन ह्यामरेजका कारण प्रधानको देहावसान भएको एनआरटीका अध्यक्ष दीपकहर्ष वज्राचार्यले जानकारी दिए। श्रीमती र दुई छोरी छाडेका स्वर्गीय प्रधानको पार्थिव शरीरलाई सोमबार नै दाहसंस्कार गरिएको थियो। स्व. प्रधान काठमाडौं जिल्ला क्रिकेट संघका समेत उपाध्यक्ष थिए। त्यस्तै सफ्ट टेनिसका पूर्व महासचिवसमेत रहेका उनी क्रिकेट खेलाडी पनि थिए।

## जितेन्द्र सेमिफाइनलमा



जितेन्द्र परियार सट प्रहार गर्दै। तस्वीर : उज्वोल डंगोल/नेस

काठमाडौं, (नेस)

पूर्वराष्ट्रिय च्याम्पियन जितेन्द्र परियार छैटौं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष सिंगल्समा सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन्।

प्रतियोगिताका दुईपटक च्याम्पियन जितेन्द्रले क्वार्टरफाइनलमा प्रणव खनाललाई ३-६, ६-४, ६-३ को सेटमा पराजित गरे। योसँगै जितेन्द्रले प्रणवविरुद्ध चार भेटमा दोस्रो जित हात पारेका छन्। यसअघि यसै प्रतियोगिताअन्तर्गत गत संस्करणमा जितेन्द्रले प्रणवलाई हराएका थिए।

जितेन्द्रले अन्तिम चारमा अर्का युवा खेलाडी प्रदीप खड्काको सामना गर्नेछन्। प्रदीपले रञ्जन श्रेष्ठलाई ६-१, ६-३ को सोझो सेटमा पन्छाएका थिए। बाँकी अन्तिम चारको खेल कमल भण्डारी र सन्तोष कार्कीबीच हुनेछ। कमलले नवीन मगरलाई ६-२, ६-१ तथा सन्तोषले सम्यकभूषण वज्राचार्यलाई ६-४, ६-१ को सीधा सेटमा निरास पारे।

प्रतियोगिताको महिला सिंगल्समा प्रेरणा कोइराला, गंगा शर्मा र अभिलाषा विष्टले अन्तिम चारको स्थान सुरक्षित गरे। प्रेरणाले माहिका राणालाई ३-६, ६-०, ७-६, गंगाले इन्द्रकला श्रेष्ठलाई ६-०, ६-० र अभिलाषाले प्रकृति श्रेष्ठलाई ६-०, ६-१ ले पन्छाएका थिए। चौथो क्वार्टरफाइनल खेल खराब प्रकाशको कारण स्थगित भएको थियो। इरा रावत र एनी माथेमाबीच भएको खेल स्थगित हुनुअगाडि इराले पहिलो सेट ७-५ ले जितेकी छन्। दोस्रोमा एनी ४-ले अगाडि छिन्।

भेट्रान ६५ वर्षमाथि पुरुष सिंगल्समा दीपक श्रेष्ठ, डा. इन्द्रजित राई, डा. अशोक वज्राचार्य र ज्ञानेन्द्रमान ताम्राकार अन्तिम चारमा पुगे। भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा कमल भण्डारी, गोविन्द कासुला, भीष्मजंग गुरुङ, राजु श्रेष्ठ, आत्माराम कार्की, महेश श्रेष्ठ, रञ्जन श्रेष्ठ र रोहित सुनुवारले अन्तिम आठको यात्रा तय गरेका छन्।

त्यस्तै भेट्रान ४५ वर्षमाथि पुरुष सिंगल्समा विमलकुमार गुरुङ, राजकुमार घिमिरे, आशिष सिग्देल, कमल थापा, कृष्णराज घले, धर्म शाही, राजु राई, राजु श्रेष्ठ, उत्तम शेर्पा, सुदर्शन विष्ट, उत्तम बोगटी, विकास गुरुङ, मनोज शाह, मधु परियार, विभु कायस्थ र विनोद गुरुङ विजयी भए।

## बार्सिलोना ला लिगा च्याम्पियन

लन्डन, (एजेन्सी)

स्पेनिस फुटबलका महारथी बार्सिलोना यस सिजनको ला लिगा च्याम्पियन बनेको छ।

लियोनल मेसीको ह्याट्रिकको मदतमा डेपोर्टिभा ला कोरूनालाई ४-२ गोलअन्तरले पराजित गर्दै बार्सिलोनाले ४ खेलअगावै ला लिगाको उपाधि जितेको हो। ३४ खेलबाट बार्सिलोनाले ८६ अंक जोडेको छ। त्यसअघि आइतबारै अलाभेजलाई १-० ले पराजित गरेको एट्लेटिको मेड्रिड ३५ खेलबाट ७५ अंकका साथ दोस्रो स्थानमा छ।

एट्लेटिकोले बाँकी ३ खेल जिते पनि शीर्ष स्थानमा पुग्न नसक्ने समीकरण बनेपछि बार्सिलोनाले उपाधि जितेको हो। यस सिजन बार्सिलोनाले ३४ खेलमा अपराजित यात्रालाई कायम राखेको छ। यदि बाँकी रहेको ४ खेलमा पनि हार टार्न सके बार्सिलोनाले अपराजित रहँदै च्यानम्पियन बन्ने कीर्तिमानसमेत बनाउनेछ। गतसाता कोपा डेल रेको उपाधि हात पारेको बार्सिलोनालाई ला कोरुनाले गार्ड अफ अनरसमेत प्रदान गरेको थियो।

योसँगै बार्सिलोनाले २५औं पटक स्पेनिस ला लिगाको उपाधि जितेको छ। रियल मेड्रिडले सर्वाधिक ३३ पटक उपाधि जितेको रेकर्ड छ। डेपोर्टिभोविरुद्धको खेलमा मेसीको तीनवटै गोलमा उरुग्वेली फरवार्ड लुइस सुआरेजले पास उपलब्ध गराएका थिए। मेसीले खेलको ३८औं, ८२औं र ८५औं मिनेटमा गोल गर्दै आफ्नो ह्याट्रिक पूरा गरेका थिए। त्यसअघि खेलको सातौं मिनेटमै फिलिप काउटिन्होले गोल गर्दै बार्सिलोनालाई शुरुआती अग्रता दिलाएका थिए।



मेसीले ३८औं मिनेटमा गोल गर्दै बार्सिलोनाको अग्रता दोब्बर पारेका थिए। त्यसको दुई मिनेटपछि नै लुकास पेरेजले घरेलु टोली डेपोर्टिभोका तर्फबाट एक गोल फर्काउँदै पहिलो हाफसम्म खेललाई २-१ स्थितिमा टुंग्याएका थिए।

यस्तै खेलको ६४औं मिनेटमा डेपोर्टिभोका एम्रे कोलाकले गोल गर्दै खेललाई बराबरीमा ल्याउन सफल भएका थिए। तर मेसीले ८२ औं मिनेटमा सुआरेजसँग पासमा गोल गरेपछि बार्सिलोनाले पुन: अग्रता लिएको थियो। त्यसको तीन मिनेटपछि सुआरेजकै पासमा गोल गर्दै मेसीले बार्सिलोनाको जित सुनिश्चित गरे।

क्लब र देशका लागि गरेर मेसीको यो ४६औं ह्याट्रिक बन्यो। मेसीले ह्याट्रिकसँगै जारी सिजनको लिग गोल संख्या ३२ पुर्‍याएका छन्। उनले जारी सिजन युरोपमा सर्वाधिक गोल गर्ने सूचीमा रहेका लिभरपुलका मोहमद सलाहलाई १ गोलले पछाडि पारेका छन्। ला लिगमा लगातार ७ सिजनमा ३० भन्दा बढी गोल गर्ने मेसी पहिलो खेलाडीसमेत बनेका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ